संघका रणनैतिक क्षेत्र

सदस्य केन्द्रित उद्देश्य

- प्रतिफलको सुनिश्चितता
- लगानी सुरक्षाको प्रत्याभूति
- तीव्र सञ्चालकीय सक्रियता
- सबैका लागि तालिम र शिक्षा
- दीगो सञ्चालनमा व्यवसायिक विकास
- अधिकतम सेवा उपयोगको सुनिश्चितता
- सुरक्षाका लागि गुणस्तर सुनिश्चितता कार्यक्रम

संस्थागत विकास सम्बन्धी उद्देश्य

- सम्पत्तिमा बृद्धि
- सञ्जाल विस्तार
- विश्वासिलो छवि विस्तार
- सदस्यमैत्री कार्यालय विकास
- मानव संशाधन क्षमता विकास
- प्रविधिमा आधारित सेवामा जोड
- अभियानमा संघको बलियो स्थान

सामाजिक उत्तरदायित्व सम्बन्धी उद्देश्य

- जनचेतना अभिबृद्धि
- वातावरण मैत्री क्रियाकलाप
- सामाजिक उत्तरदायित्व बहन
- सञ्जाल सहकार्य र ऐक्यबद्धता
- सामाजिक न्यायका लागि पैरवी
- सकारात्मक सञ्चार मार्फत परिवर्तन
- बहुआयामिक वित्तीय साक्षरता कार्यक्रम

संस्थागत दीगोपना सम्बन्धी उद्देश्य

- नेतृत्वमा युवाको पहुँच
- नेतृत्वमा महिलाको पहुँच
- गरिवी निवारणमा सहयोग
- कानूनी पालना र स्व:अनुशासन
- मूल्य रहित कोषको बृद्धि र संरक्षण
- अभियानको लागि निरन्तर बहस पैरवी
- युवा तथा महिला सशक्तिकरण कार्यक्रम

बागमती प्रोस्कूनले विकास गरेका तालिम पाठ्यक्रमहरु

दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

"सहकारी अभियानको उत्कृष्ट संघ"

बागमती प्रोस्कून

अर्धवार्षिक प्रकाशन

सहकारी संगालो

वर्ष ३ | अंक ६ | मंसिर अंक, २०८२

www.bagmatiproscun.org.np
केन्द्रीय कार्यालय: बनेपा नगरपालिका-७, काभ्रेपलाञ्चोक, फोन नं. ०११-६६५३६८
सदस्य सेवा कार्यालय: मिनभवन, काठमाडौं-३१, फोन नं. ०१-५०११४६५
Email: bagmatiproscun@gmail.com

हाम्रो ध्येय

"सदस्यहरूको सुरक्षा र समृद्धिका लागि प्रभावकारी पैरवी र सफल व्यवसायीकरण मार्फत प्रविधीमा आधारित सेवा सुनिश्चितता गराउदै सुशासन प्रर्वद्धन गर्ने"

"To promote good governance by ensuring technology-based services through effective advocacy and successful Professionalization for the security and prosperity of members"

हाम्रो परिकल्पना

"सहकारी अभियानको उत्कृष्ट संघ"

"The Best Federation of cooperative movements"

Bagmati PROSCUN A2Z Services

एकै संघबाट सबै सेवामा बागमती प्रोस्कूनको प्रयास

- **A** — Awards & honors program / पुरस्कार र सम्मान कार्यक्रम
- **B** — Big Amalgamation campaign for sustainable cooperative network / दिगो सहकारी सञ्जालका लागि वृहत एकीकरण अभियान
- **C** — Categorization/Classification of members / सदस्यहरुको वर्गिकरण
- **D** — DO "Fit and Proper Person Test" / योग्य र उपयुक्त व्यक्ति परीक्षण
- **E** — Entrepreneurship Development Program (EDP)/Establishment Day / उद्यमशीलता विकास कार्यक्रम/स्थापना दिवस
- **F** — Financial Literacy Program / वितीय साक्षरता कार्यक्रम
- **G** — Good governance promoting through the association / संघ मार्फत सुशासन प्रवर्द्धन
- **H** — Human Resource Development Program / मानव श्रोत विकास कार्यक्रम
- **I** — Internal Commercialization Program / आन्तरिक व्यवसायीकरण कार्यक्रम
- **J** — Joint program with Regulatory body / नियामक निकायसंगको संयुक्त कार्यक्रम
- **K** — Knowledge development through the Library (e-library with audio visual) / पुस्तकालय मार्फत ज्ञान विकास (प्रविधिमा आधारित श्रव्यदृश्य सहित)
- **L** — Lobbying & Advocacy with Regulator and Network / नियामक निकाय र सञ्जालसंग बहस र पैरवी
- **M** — Mentorship for Members / सदस्यका लागि मार्गदर्शन
- **N** — Network cooperation and Collaboration / सञ्जाल सहकार्य र साझेदारी कार्यक्रम (संघसंस्था साझेदारी)
- **O** — Occupational Skills Development Program / व्यवसायिक सीप विकास कार्यक्रम
- **P** — PROSCUN Partnership Program / प्रोस्कून साझेदारी कार्यक्रम
- **Q** — Quality Assurance Program / गुणस्तर सुनिश्चिता कार्यक्रम
- **R** — Rapid rescue from disasters / विपतीमा शीघ्र उद्धार कार्यक्रम
- **S** — Social responsibility of Cooperatives / सहकारीको सामाजिक उत्तरदायित्व
- **T** — Training and Education / तालिम तथा शिक्षा कार्यक्रम
- **U** — Unification Program / एकरुपता प्रणाली कार्यक्रम
- **V** — Visit For Cooperative Worthy Education / योग्य सहकारी शिक्षाको लागि भ्रमण कार्यक्रम
- **W** — Whole-life Security of Co-operative Member / सहकारी सदस्यको आजिवन जीवन सुरक्षा कार्यक्रम
- **X** — (X)Genial culture development from cooperative / सहकारी मार्फत सत्कारपूर्ण संस्कृतिको विकास
- **Y** — Youth and women participation and leadership development / युवा तथा महिला सहभागिता र नेतृत्व विकास
- **Z** — Zero hour with PROSCUN / प्रोस्कूनसंग शुन्य समय

केन्द्रीय कार्यालयः

बनेपा-७, काभ्रेपलाञ्चोक
फोनः ०११-६६५३६८
E-mail: bagmatiproscun@gmail.com

सदस्य सेवा कार्यालयः

काठमाडौं म.न.पा.-३१,
अल इन वान मार्ट, मिनभवन
फोनः ०१-५९११४६५
E-mail: proscunbaneshwor@gmail.com

सहकारी संगालो

बागमती प्रोस्कून

वर्ष ३ अंक ६ मंसिर अंक, २०८२

प्रकाशक

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.

(बागमती प्रोस्कून)

सहकारी संगालो

प्रकाशक

बागमती प्रदेश बचत तथा ऋण

सहकारी संघ लि.

(बागमती प्रोस्कून)

संरक्षण

उद्धव सापकोटा

अध्यक्ष, बागमती प्रोस्कून

सूचना तथा सञ्चार उपसमिति

संयोजक - गोविन्दप्रसाद काफ्ले

माधव प्रसाद दाहाल

शालिकराम पुडासैनी

ज्ञानराम श्रेष्ठ

नवराज सुवेदी

सम्पादन

केशबप्रसाद दाहाल

प्रमुख कार्यकारी अधिकृत

बागमती प्रोस्कून

व्यवस्थापन

विमला पुडासैनी

विभागीय प्रमुख

तालिम अनुसन्धान तथा विकास विभाग

लेआउट डिजाईन/मुद्रण

प्रिन्ट वाटिका

महाराजगंज, काठमाडौं

०१-४३७६२६१

सर्वाधिकार

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
(बागमती प्रोस्कून)

केन्द्रीय कार्यालय : बनेपा ७, काभ्रेपलाञ्चोक, नेपाल
फोन न. : ०११-६६५३६८
सेवा कार्यालय : नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : ०१-५९११४६५
ईमेल : bagmatiproscun@gmail.com
वेभसाईट : www.bagmatiproscun.org.np

साकोस संगालोका सम्पूर्ण प्रकाशित सामाग्रीहरू लेखकका नीजि विचारहरू हुन् । यस सम्बन्धमा बागमती प्रोस्कूनको कुनै जवाफदेहिता रहने छैन ।

-सम्पादक

यस भित्र

सम्पादकीय : सुशासन, स्वःनियमन र अनुपालनाको क्षेत्रमा निर्मम समिक्षा गरौं ... १

सहकारी क्षेत्र सुधारका लागि नियमनकारी निकाय, संघ, सञ्चालक, सदस्य सबै मिलेर सुशासनमा जोड दिऔं ... २
-डा. खगराज शर्मा, अध्यक्ष, राष्ट्रिय सहकारी नियमन प्राधिकरण

बागमती प्रोस्कूनको प्रमुख कार्यकारी अधिकृतमा पूनः केशबप्रसाद दाहाल नियुक्त ... ८

बागमती प्रोस्कूनको पाँचौ वार्षिकोत्सव एवम् छैटौं स्थापना दिवस सम्पन्न ... ९

सहकारी क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानूनी परिपालना ... १०
-शशिकुमार लम्साल, उप-रजिष्ट्रार, सहकारी विभाग

कोशिस चौथो समूहको तेस्रो *We Can* कार्यशाला सम्पन्न ... १४

अनुभूति : सुशासनमा बागमती प्रोस्कून ... १५
-तेजेन्द्रबहादुर खड्का, सल्लाहकार

सहकारीमा सम्पत्ति शुद्धीकरण निवारण अभिमुखिकरण कार्यक्रम सम्पन्न ... १६

कोशिस तेश्रो समूहको तेश्रो *We Can* कार्यशाला सम्पन्न ... १७

नेपालको सहकारी अभियानमा कैलाशभक्त प्रधानाङ्गलाई सम्भदा ... १८
-शिव अधिकारी, सहकारी विज्ञ, पूर्व कामु. प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून

दोश्रो रणनीतिक व्यवसायिक योजना निर्माण सम्पन्न ... २१

सहकारीको बदलिंदो नियामकीय परिवेश र अबको बाटो ... २२
-केशबप्रसाद दाहाल, प्रमुख कार्यकारी अधिकृत

सम्मानितहरू ... २६

कोशिस दोश्रो समूहको आठौं *We Can* कार्यशाला सम्पन्न ... २८

सहकारी क्षेत्रमा नियमनको प्रभाव ... २९
-बल्लभ तिमल्सिना, प्राचार्य, नेफ्स्कून

World Cooperation Economic Forum का *Executive President* बागमती प्रोस्कूनमा ... ३०

कोशिस कार्यक्रम पहिलो समूहको दशौं *We Can* कार्यशाला सम्पन्न ... ३१

सहकारी संस्थाको लेखा परीक्षणमा *NFRS* को प्रयोग र प्रभाव ... ३२
-सि.ए. सरोज शर्मा, एस.बि. शर्मा एण्ड एशोसियट्स

बागमती प्रोस्कूनद्वारा प्राधिकरणका नवनियुक्त अध्यक्ष डा. शर्माको स्वागत ... ३६

सहकारीको असल अभ्यास र सदस्यहरूको फेरीएको जीवनशैली ... ३७
-रामकृष्ण राय क्षेत्री, प्रमुख कार्यकारी अधिकृत, एकीकृत फ्रेण्डसीप साकोस

ICA-AP Committee भारतको भ्रमणमा प्रमुख कार्यकारी अधिकृत ... ४०

सहकारी क्षेत्रको रोजगारी अनुभव तथा सन्तुष्टि : एक युवा व्यवस्थापकको दृष्टिकोण ... ४१
-कमल प्रसाद सापकोटा, व्यवस्थापक, प्रोभिजन साकोस

NCRA को मापदण्ड र निर्देशन सम्बन्धमा संघहरूबीच सघन छलफल

कोशिस कार्यक्रमको प्रभाव एक अनुभव ... ४३
-अनिल शर्मा, व्यवस्थापक, श्री शिक्षक हित साकोस, सिन्धुपाल्चोक

योग्य तथा उपयुक्त व्यक्ति परीक्षण *(Fit and Proper Person Test)* सम्बन्धी अभिमुखिकरण सम्पन्न ... ४५

सहकारीमा ऋण व्यवस्थापन तालिम सम्पन्न ... ४६

बागमती प्रोस्कूनको त्रैमासिक प्रगति समिक्षा तथा कर्मचारी सक्षमता विकास कार्यक्रम सम्पन्न ... ४७

संघ समूहको दोश्रो *WE CAN* कार्यशाला सम्पन्न ... ४८

नमूना होमस्टे कि नमूना सञ्चालक ... ५०

सम्पादकीय

सुशासन, स्वःनियमन र अनुपालनाको क्षेत्रमा निर्मम समिक्षा गरौं

'सदस्य समृद्धिको मूल आधार : सुशासन, जवाफदेहिता र सदस्यमैत्री व्यवहार' सहकारीको मूलमन्त्र हो । सहकारी केवल पैसा जम्मा गर्ने र पैसा फिर्ता गर्ने कामका लागि स्थापित भएको अभियान होइन । कति बचत जम्मा गरियो ? कति ऋण लगानी गरियो ? कति जना सदस्य संस्थामा आवद्ध गराइयो ? कति मुनाफा आर्जन गरियो ? अनि कति लाभाँस वितरण गरियो ? भन्ने सबालको जवाफले सहकारीको सफलता मापन गर्न सकिदैन । सहकारीले सदस्यको वित्तीय आवश्यकता परिपूर्तिका अतिरिक्त सदस्यहरूको सीप विकास, नेतृत्व क्षमता विकास, वित्तीय परिचालन सम्बन्धी ज्ञान र धारणामा परिवर्तन, सामाजिक न्यायमा सहयोग जस्ता क्रियाकलापले संस्थामा आवद्ध कति सदस्यहरूको जीवनमा परिवर्तन ल्याउन सक्यो भन्ने कुराले सहकारी संस्थाको सफलता र असफताको मापन गरिन्छ ।

यही आदर्श, यही विश्वास र यही भावनाले सहकारीको सञ्जाल विश्वभर फैलिएको छ । संसारमा सहकारीलाई बैंक वित्तीय संस्था भन्दा उच्चकोटीमा गणना गरिन्छ । वित्तीय क्षेत्रमा सहकारीको विश्वासलाई अन्य वित्तीय संस्थाले उछिन्न सक्दैनन तर नेपालमा यतिबेला सहकारी प्रतिको विश्वासमा ग्रहण लागेको छ । सहकारीको आवरणमा जनताबाट पैसा असुली गरी आफ्नो स्वार्थ साधनमा दुरूपयोग गर्ने, सहकारीलाई आफ्नो नीजि व्यवसाय जसरी आफ्नो मनोमानीले रकम परिचालन गर्ने, प्रचलित ऐन, कानुन, निर्देशनलाई अनदेखा गरी कानुनको बर्खिलाफ हुने गरी सहकारी संस्था सञ्चालन गर्ने र आफ्नै परिवार भित्रबाट सञ्चालक समिति र कर्मचारीको व्यवस्था गरी पारिवारिक रूपमा सहकारी संस्था सञ्चालन गर्ने छद्मभेषी सहकारीकर्मीहरूको कारण आज सिङ्गो अभियान माथि प्रश्न उठ्नु निश्चय पनि राम्रो कुरा होइन ।

अभियान माथि प्रश्न उठेको छ त के फरक पर्छ र ? जुन औंलामा विष लागेको छ त्यही औंला झर्ने त हो भनेर समस्यालाई इन्कार गर्ने स्थानमा यतिबेला अभियान रहेको छैन । अभियानलाई सुधार गर्न 'मर्यादित सहकारी, समुन्नत समाज' भन्ने यस वर्षको सहकारीको थिम पूरा गर्नु जरूरी छ । यो शब्द उच्चारणमा जति मिठास छ पूरा गर्न त्यो भन्दा धेरै गुणा कठिन छ तर जतिसुकै कठिन भए तापनि अभियानले यसलाई पूरा गर्नुपर्छ । सहकारी मार्फत समुन्नत समाजको निर्माण सम्भव छ तर अभियान र अभियान्ता निश्चय पनि सुधार हुनु जरूरी छ । सहकारी अभियानमा अभियान्ताको रूपमा रहँदा कुनै लाभको इरादाले काम गर्नु, प्राप्तीको आशा राख्नु र व्यक्तिगत हितको बारेमा सोच्नु गलत मात्रै होइन सहकारीको सिद्धान्त र भावनाको विपरित हो । सहकारी अभियानमा आवद्ध भएर नेतृत्व गर्नु विशुद्ध सामाजिक सेवा बाहेक अरू केही होइन । यो विषयलाई भुल्नाले आज सहकारीको यो अवस्था सृजना भएको हो ।

जब जब देशमा वित्तीय संकट आउँछ तब तब सहकारी संस्थाले सदस्यहरूलाई कडा परिश्रम गर्न सिकाउनु पर्छ । यतिबेला सहकारीमा मात्र समस्या आएको जस्तो व्यवहार प्रर्दशन भए तापनि सबै वित्तीय क्षेत्रमा समस्या देखिएको छ । सहकारी अभियानमा जस्तो छताछुल्ल नभए पनि अन्य वित्तीय संघसंस्थाहरू पनि समस्या रहित अवस्थामा अगाडि बढीरहेका छैनन्, तर अरूलाई हेरेर होइन, सहकारी अभियानको वास्तविक अवस्थाको निर्मम समिक्षा गरेर सुशासन, स्वःनियमन र अनुपालनाको क्षेत्रमा तिब्र सुधार गर्ने संकल्प अभियानले बोक्नु पर्छ । नियामकबाट अपेक्षा भन्दा आफुभित्रबाट सुधार अभियानको सुरक्षा हो, कानुनी कारबाहीको डरले वा दबाबले गरेको सुधार भन्दा मनले उठाएको संकल्पबाट हुने सुधार दिगो, भरपर्दो र विश्वासिलो हुन्छ । सरकार वा नियामकबाट अभियानको सुधार र अभियानमैत्री वातावरणको निर्माणको अपेक्षा भन्दा अभियानले गरेको शुद्धीकरणबाट नियामक स्वयम् पछाडि हटेको दिन सहकारी अभियानको जीत हुनेछ त्यसैले सहकारी अभियान तमाम सहकारी अभियान्ताले सुधार गर्ने प्रण गरौं । बहस पैरवी, अनुरोध, ज्ञापनपत्र, शिखर गोष्ठी, भाषण, टिकाटिप्पणी यी सबैभन्दा धेरै बल हाम्रो अभियानको सुशासन, स्वःनियमन, अनुपालना र उपयुक्त वित्तीय व्यवस्थापन हो ।

अन्तर्वार्ता

सहकारी क्षेत्र सुधारका लागि नियमनकारी निकाय, संघ, सञ्चालक, सदस्य सबै मिलेर सुशासनमा जोड

नेपालको सहकारी नियमनमा नयाँ अध्याय आरम्भ भएसँगै राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना पछिप्राधिकरणले सहकारी नियमन, अनुगमन, सुपरिवेक्षण सम्वन्धि योजनाका सम्बन्धमा सहकारी संगालोका लागि बागमती प्रोस्कूनका तालिम, अनुसन्धान तथा विकास विभाग प्रमुख विमला पुडासैनीले प्राधिकरणका अध्यक्ष डा. खगराज शर्मासंग गर्नु भएको कुराकानी :

✎सहकारी यात्रामा यहाँको लामो इतिहास जोडिएको छ, विघटित राष्ट्रिय सहकारी विकास बोर्डको सदस्य सचिवको अनुभव पछि यतिबेला राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष जस्तो गरिमामय पदमा नियुक्त हुनुहुन्छ यहाँ पदमा बहाली रहिरहदा प्राधिकरणले सहकारी ऐन बमोजिम आफ्नो भूमिका निर्वाह गर्न लिएको गतिमा आफु कति सन्तुष्ट हुनुहुन्छ ?

सहकारी नियमन प्राधिकरण वास्तवमा विगत दुई दशक देखि बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको नियमन र सुपरिवेक्षण गर्नका निम्ति अभियानले माग गरेको स्वायत्त सेकेन्डरी इन्स्टिट्युसन (STI) को एक रुप हो । पछिल्लो समय थुप्रै सहकारी संस्थाहरुमा अरबौं रुपैया विभिन्न ढंगले अपचलन भएको, हिनामिना गरेको, सञ्चालकले गलत ठाउँमा प्रयोग गरेको, हाम्रा केही अभियानका संघ आफुले समेत विनाधितो र कमसल धितोमा अधिक लगानी गर्ने यस्ता जटिलताहरु समेत भेटिएकाले यी सबैका सन्दर्भमा संसदीय विशेष छानबिन समितिको सीफारिसको आधारमा नेपाल सरकारले अध्यादेश मार्फत सहकारी ऐन २०७४ लाई संशोधन गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने र प्राधिकरणको काम कर्तव्य तोकेको छ। प्राधिकरणको गठन नै बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको दर्ता अभिलेखीकरण गर्ने, ती सहकारी संस्थाहरुको नियमन र सुपरिवेक्षण गर्न नै हो । देशभरिका मोटामोटी ३२९६५ अर्थात करिव करिव ३३ हजार हाराहारीमा सहकारी संस्थाहरु दर्ता भएको उल्लेख छ। त्यसमध्ये करिव ८०-८५ प्रतिशत सहकारी संस्थाहरुले बचत ऋणको नै मुख्य कारोबार गर्छन भन्ने अनुमान गरेका छौं। यसको अर्थ करिब संख्याको हिसाबले २५-२६ हजार सहकारीले बचत ऋणको मुख्य कारोबार गर्दछन । यो संख्या मध्ये लगभग ७५-८०% स्थानीय पालिकाहरुको क्षेत्राधिकार भित्र, करिब १९% को हाराहारीमा प्रदेशको क्षेत्राधिकार भित्र र बाँकी १% को हाराहारीमा संघको नियमन क्षेत्राधिकारमा रहेका छन् । यो परिस्थितिका बीचमा सहकारी ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरण सचेत हुदै काम गरिरहेको छ तर ऐनको पूर्ण कार्यान्वयनका लागि पहिलो कुरा त जनशक्तिको व्यवस्थापन हो । अहिले हामीसंग कानुनले तोकेको सबै काम गर्न पर्याप्त जनशक्ति नभएको अवस्था छ । कामकाजी जनशक्तिको हिसावले हेर्ने हो भने त ठुलो संख्यामा जनशक्तिको ग्याप छ अब यो ग्यापलाई परिपूर्ति गर्ने हो भने ऐनको उद्देश्य अनुरुप एकदम फटाफट उद्देश्य हाँसिल गर्न सकिन्छ तर त्यसो भन्दैमा हामी फेरी पछि परेर काम नगरेर बसेको अवस्था छैन हामीले आन्तरिक नीति नियमहरु पोलिसीहरु पनि निर्माण गर्दैछौं केही नियामकीय मापदण्ड जस्तै दर्ता अभिलेखीकरण मापदण्ड, साधारण सभा सम्वन्धि निर्देशन यस्ता विभिन्न खालका हाम्रा डकुमेन्टहरु पनि सार्वजनिक गरिसकेकाछौ । अन्य पूर्वाधारको पनि निर्माण गरिरहेका छौं । यस अर्थमा सहकारी ऐन अनुसार नै हामी अगाडि बढेका छौ हामी चुकेका छौ भन्ने लाग्दैन ।

✎सहकारी ऐन २०७४ को दफा २० (२) ले एक वर्ष भित्र दर्ता भइसक्नु पर्ने भन्ने व्यवस्था गरेको छ त्यो कार्यान्वयन गर्न ढिला होला कि अब चार पाँच महिना भन्दा बाँकी छैन ?

हामीले करिव करिव मंसिरको दोस्रो हप्ता भित्र अभिलेखीकरणका लागि सफ्टवेयर जारी गर्दैछौ । त्यसको ६० दिन भित्रमा सबैलाई दर्ता भइसक्नु पर्ने भनेर मापदण्ड जारी गरिसकिएकोछ यस अर्थमा हामीले तोकेको म्याद भित्र नीतिगत रुपमा नै काम हुन्छ ।

जुनसुकै प्रकृतिका संस्था भए पनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीलाई प्राधिकरणमा आवद्ध गराएर अनुगमन सुपरिवेक्षण गर्ने योजनामा हुनुहुन्छ, अब यति धेरै संख्यामा सहकारीहरुलाई दर्ता, अनुगमन र सुपरिवेक्षण गर्ने योजनालाई कसरी अगाडि बढाउनुहुन्छ ?

यहाँले निकै राम्रो कुरा गर्नुभयो, करिब २५-२६ हजार सहकारी हामीसँग आवद्ध होलान भन्ने अनुमान हो, त्यति नहुन पनि सक्छ। यो सँगै कति अप्ठ्यारोमा परेका छन् ? कति भागेका छन् ? कति भोलामा छन् ? वा कहाँ छन् ? अब वास्तविक छिनोफानो हुन्छ यो स्थितिका बीचमा हामीलाई दिएको अधिकारमा र प्राधिकरणले बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरु संघको क्षेत्राधिकार भित्र, प्रदेशको क्षेत्राधिकार भित्र र स्थानीय पालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारीलाइं क्रमशः संघको हकमा सहकारी विभागलाई, प्रदेशको हकमा प्रदेश रजिस्ट्रार कार्यालय र स्थानीय पालिकाको हकमा सम्बन्धित पालिकालाई आफ्नो अधिकार प्रत्यायोजन गरेर नियामकीय जिम्मेवारी प्रदान गर्ने कुरा गरेका छौं । जब प्राधिकरणको सिष्टममा संस्था दर्ता हुनेछन तब बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीहरुको संख्या एकिन हुनेछ, सो पश्चात एउटा कार्यविधि वा मार्गदर्शन जारी गर्नेछौं सोही आधारमा स्थानीयपालिका वा प्रदेश नियमनकारी निकायले अनुगमन गरी प्रतिवेदन हामीलाई पेश गर्नेछन् । "यसमा सहकारी अभियानको पनि साथ लिएर अगाडि बढ्ने हाम्रो योजना छ । ऐन कानुनले ट्याक्कै नभने पनि सहकारी कानुन अनुसार नै दर्ता भएका सहकारी संघहरुले प्रवर्द्धनात्मक काम अर्थात आफ्नो सदस्य संस्थालाई सिकाउने बुभाउने कामको निम्ति स्थापित छन् त्यस कारणले संघहरुको पनि साथ लिएर हामी अगाडि बढ्ने योजनामा छौं ।"

सुपरिवेक्षण अनुगमनका लागि राज्यले जनशक्ति परिचालन त गर्छ नै सहकारी संघहरु संस्थाहरुसँग प्रत्यक्ष जोडिएका छन, जनशक्ति परिचालनको हिसावले पनि दक्ष र अनुभवी कर्मचारीहरु संघमा आवद्ध छन के प्राधिकरणको अनुगमन र सुपरिवेक्षणको तहमा संघहरुको भूमिका र जनशक्तिको परिचालनलाई समावेश गरेर संगै लैजान सकिदैन ?

संघहरुले नियमन सुपरिवेक्षण प्रभावकारी ढंगले गरिदिएको भए, राम्रोसँग हेरिदिएको भए, संघहरु आफु पनि सुशासनमा चलिदिएको भए, मलाई लाग्छ देशमा सहकारीको यस्तो व्यथिती हुने थिएन । अहिले ७० बर्ष नेपालको सहकारीको इतिहासमा एकदम परिपक्व ढंगले राम्रोसँग सहकारी मिसनलाई देशको विकाससँग देशको उत्पादनसँग जोडेर जाने परिस्थिति हुनुको साट्टो अहिले यो व्यथिति आउने परिस्थिति निर्माण हुनका पछाडि सरकार दोषी, सरकारका विभिन्न खालका जिम्मेवार निकायहरुवाट प्रभावकारी काम हुन नसकेको कुरा त छदै छ तर यो सरकारलाई मात्रै दोष लगाएर अभियानले सुख चैं पाउदैन किनभने कानुनले अभियानलाई प्रष्ट रुपमा के भनेको छ भने आफ्ना संस्थाहरु आफ्ना सदस्यहरुलाई उनीहरुको हितका निम्ति काम गर्ने उनलाई प्रवर्द्धन गर्ने पोलिसीमा सपोर्ट गर्ने प्रविधिमा सपोर्ट गर्ने यस्ता विभिन्न कुराहरु संघहरुलाई जिम्मेवारी दिएको छ त्यसमा संघहरुले नै के गर्नुपर्थ्यो भन्दा सरकारका एजेन्सीहरुले भन्दा राम्रो काम गरेर देखाउनु पर्थ्यो । अहिले संघहरुमा प्रश्नवाचक चिन्ह छ । त्यो प्रश्नवाचक चिन्ह कसले खडा गर्‍यो ? सहकारी बिग्रनुका पछाडि पनि एउटा सरकारलाई दोष दिएको देखिन्छ अर्को तर्फ के छ भने संघहरुले आँखा चिम्लेर लगानी गरे सदस्य संस्थाले मन बढाएर खर्च गरे, गलत ठाउँमा खर्च गरे । प्रारम्भिक सहकारी संस्थाको क्षमता सुचक सबै हेरेर संघहरुले लगानी गरिदिएको भए प्रारम्भिक सहकारी संस्थाले जहाँ पायो त्यही लगानी गर्ने थिएनन । लगानीमा यस्ता किसिमका कमजोरी भए कि बिना धितो लगानी गरेका छन्, एक करोड पर्ने सम्पत्तिमा ३ करोड लगानी गरेका छन् यस्ता परिस्थिति किन भयो भन्दा त्यो संघहरुले पनि आफ्नो भूमिका निर्वाह गरेनन् तर हामी के चै चाहन्छौं भने संघहरुले जस्तै बागमती प्रोस्कुनको स्तरीकरण कार्यक्रम कोशिस मार्फत सहकारीलाई पद्धतिमा चलाउन सिकाउने प्रक्रिया छ त्यसैगरी नेफ्स्कूनको पनि होला अरु संघहरु प्रदेशले ल्याएका होलान ति सिस्टम अनुसार सहकारीलाई नियमन सुपरिवेक्षण गरिदिए हामीले एउटा सिस्टम विकास गर्छौ त्यो सिस्टम भित्र उनीहरु ठिक ढंगले आउछन् त्यो राम्रो भएपछि त हामी हेर्नै जानु परेन नि त्यसकारणले गर्दा राम्रो बनाइदिएपछि हामीलाई नियामकीय कामको लागि सहज हुन्छ भन्ने हो । जहाँ सम्म यहाँले जनशक्ति प्रयोगको कुरा गर्नुभयो जनशक्ति प्रयोगका निम्ति के हुने रहेछ भने कुनै पनि एउटा व्यक्ति एउटा अर्गनाइजेसनमा आवद्ध हुन्छ र त्यो अर्गनाइजेसन प्रतिको विश्वास चै आम जनसमुदायले गर्ने परिस्थिति निर्माण हुनुपर्दो रहेछ अहिले त्यो किन हुन सकेन भने संघहरु आफै अप्ठेरोमा छन् जुन रोगी छ त्यो रोगीले अर्काको के उपचार गर्छ भन्ने खालको चै अहिलेको जनमानसमा आम रुपमा म्यासेज छ त्यसो भएर आफैमा व्यक्तिगत रुपमा मान्छेहरु दक्ष क्षमतावान हुनुहुन्छ त्यहाँ काम गर्ने साथीहरुको गुणवत्ता उहाँहरुको क्षमताको कुनै हामीले अवमुल्यन गर्नु हुँदैन तर जब त्यो जिम्मेवारीमा बसेको निकायको हिसावले हेर्दा खेरी त्यो संस्थालाई नै आफु अन्तर्गतका आफ्ना सदस्यहरुलाई नै स्वच्छ बनाउने कुरामा ग्याप छ । त्यो ग्याप पुरा गर्नुपर्छ त्यसो भयो भने कतिपय देशहरुमा संघहरुले नै नियामकीय भूमिका निर्वाह गरेका छन् भने हाम्रो देशमा किन नहुने तर पहिला संघहरुमा शुद्धीकरण हुन जरुरी छ ।

केही छिटपुट घटनालाई लिएर समग्र सहकारी अभियानलाई आक्षेप लगाउने काम पनि गर्नहुँदैन कि ? आज संघहरुले सहकारीहरुको विकास र प्रवर्द्धनमा पुर्‍याएको योगदानको लेखाजोखा नै नगरी सहकारी ऐनले नै व्यवस्था गरेको संस्था भनेको संघ पनि हो भन्ने विषयलाई प्राधिकरणले वेवास्ता गरी मापदण्डमा संघलाई सम्वोधन गर्ने विषय कही कतै उठान गरिएको छैन उल्टो संघमा रहेको रकम तरलता गणना गर्न नपाउने भन्ने व्यवस्था उल्लेख छ । यस्तो व्यवस्थाले संघको अस्तित्व कसरी मापन गरिन्छ ? के अब संघ आवश्यक छैन भन्न खोजिएको हो ?

एकदम जेन्युइन प्रश्न गर्नुभयो, पहिलो कुरा त एउटा मानव जीवनमा कुनै पनि मान्छेले जीवनभर एकदम राम्रो इमान्दार निष्ठापूर्वक काम गर्‍यो तर अन्तिममा वा कुनै कालखण्डमा केही कमजोरी गर्‍यो भने उसका जीवनभरिका राम्रा पक्षहरु सबै ओभेलमा पर्छन् । नेपालको सन्दर्भमा मान्छेलाई खर्च गरेर बाँकी रकम बचत गर्ने हैन, बचत गरेर बाँकी रकमबाट खर्च गर्ने हो भन्ने सिकाउने, मासिक बचत के हो र कति गर्नुपर्छ भनेर सिकाउने सहकारी अभियान हो । त्यसका साथसाथै मान्छेहरुलाई सामुहिक भावनामा जोडिनु पर्छ सामुहिकतामा काम गर्नुपर्छ भन्ने एउटा कल्चरको विकास गर्नका निम्ति लाग्ने सहकारी अभियान

"सहकारीलाई प्रविधि सिकाउने, सहकारीलाई तालिम गराउने, सहकारीलाई उत्पादनशील बनाउने त्यसबाट संघले लेबी लिने त्यो लेबीबाट संघ चलाउने हो। मान्छेलाई तिर्खा जगाउने कुरा हो, अर्को कुरा तिर्खा लाग्यो भने पानी लिन जाने हो। संघमा आवद्ध भएपछि एउटा खालको सुविधा पाइन्छ, प्रविधि पाइन्छ, सुझाव पाइन्छ भनेर संस्थाहरुलाई तिर्खा भोक जागेको छ।

नै हो, तर हामीले के कुरा बिर्स्यौं जस्तो लाग्छ, भने राज्यका कानुन, राज्यका विधी राज्यले निर्माण गरेका पोलिसीहरु भन्दा अन्तराष्ट्रिय कानुन अन्तराष्ट्रिय प्राक्टिसहरुमा बढी मोटिभेट भयौं। अन्तराष्ट्रिय प्राक्टिसहरु कस्ता छन् भन्ने कुराले नेपालको यहाँको मान्छेको सोच, सहकारीको वास्तविक दर्शन र सिद्धान्त सहकारीका मूल्यहरु र सहकारी पद्धतीलाई कसरी नेपालको कन्टेक्स्टमा लिएर जाने हो यहाँको आवश्यकता के हो भन्ने तर्फ हामीले कम ध्यान दिएको जस्तो देखिन्छ। पछिल्ला समयहरुमा आफ्नो हैसियत र वास्तविकताभन्दा माथि उठेर काम गर्नाले संघहरु प्रतिको विश्वास घटेको हो, तर यसो भनिरहँदा यहाँले भने जस्तो संघहरु कामै नलाग्ने भए, संघहरुले केही पनि गर्न सक्दैनन् भनेर प्राधिकरणले बुझेको छैन, तर संघहरुमा पनि शुद्धीकरण आउनु पर्छ। ओभरल सहकारी क्षेत्रमा हामीले शुद्धीकरण ल्याउनका निम्ति संघहरुले पनि विगतका कमी कमजोरी, गल्तीहरुलाई सच्याएर, नदोहोर्‍याएर हामीले जे जति नीतिहरु मापदण्डहरु जारी गरेका छौं त्यो समय अवधि देखि ठिक ढंगले अगाडि बढ्दै आफ्नो यात्रा तय गर्नु पर्‍यो र गुमेको विश्वास फर्काउनु पर्‍यो। सहकारी संस्थाहरुको विश्वास आर्जन गर्ने कुराका निम्ति राज्यका एजेन्सीहरु र अभियानका जति पनि अर्गनाइजेसन संघहरु छन् ति सबै मिलेर नै सहकारी अभियानमा भएको गलत म्यासेजलाई सही बनाउनु पर्छ। अहिले पनि त बदमासी गरेका फ्रड काम गरेका सहकारीको संख्या पर्सेन्टमा हेर्यौं भने एकदम न्युन छ, तर मार्केटमा सानो संख्याको बदमासीको प्रचार प्रसार अधिक भयो सहकारी प्रति हेर्ने दृष्टिकोण नकरात्मक हुँदै गयो बचत फिर्ता गर्न पर्‍यो भनेर उजुरी निवेदन दिनेको संख्या बढ्दो छ। अहिले प्राधिकरणमा मान्छेको कन्सर्न बढेको छ प्राधिकरणले सबै समस्या समाधान गर्छ भनेर मान्छेको ओइरो लागेको छ। राष्ट्रिय रुपमा मिडियाले पनि यस्ता विषयलाई उठान गरेको छ यी सबै चिजले गर्दा सहकारी प्रतिको विश्वास कमी भई सहकारीको रकम निकालेर बैंकमा राख्ने माहोल सिर्जना भएको छ यसलाई चिर्नका निम्ति हामीले सच्चिएर जानुपर्छ, सबै लाग्नुपर्छ।

यदि संघले पनि आर्थिक कारोबार गर्ने हो भने सिमित बैंकिङ कारोबार गर्ने गरी स्वीकृत लिनुपर्छ चाहे त्यो नेपाल राष्ट्र बैंकसँग इजाजत लिएर होस वा नियमनकारी निकाय वा प्राधिकरणबाट नै किन नहोस। संस्था भन्नाले संघ पनि बुझिने कुरा ऐनमा छ तर प्रारम्भिक संस्था र संघलाई एउटै डालोमा राखेर हेरिनुहुन्न। ऐनमा ओभरल्याप छ, त्यसकारणले गर्दा केही कन्फ्युजन छ त्यो दुविधा हो। किन दुविधा हो भने एउटा अर्गनाइजेसन चाहिँ सिमित बैंकिङ कारोबारको इजाजतमा चल्ने अरु अर्गनाइजेसनलाई सिमित बैंकिङ कारोबारको अधिकार दिनु पर्दैन ? त्यसकारणले अब अभियानसँगै हामी पनि लाग्छौं एउटा नियमनकारी निकायले सिमित बैंकिङ कारोबारको इजाजत दिनुपर्छ। ऐनमा नै यो व्यवस्था हुनुपर्छ त्यो आइसकेपछि स्वभाविक रुपमा बचत ऋणको कारोबार गर्ने संघहरुको हकमा कुनै समस्या हुँदैन।

✍सहकारी संस्थाहरुलाई दर्ताको लागि आह्वान गर्दा विद्युत्तिय प्रणाली मार्फत प्रक्रिया अगाडि बढाउने कुरा गर्नुभयो तर अझै पनि ग्रामीण भेगका अधिकांश सहकारी संस्थाहरुले सफ्टवेयरबाट कारोबार गर्न सकेका छैनन् कतिले त इन्टरनेटको सुविधा पनि लिन सकेका छैनन, यस्तो अवस्थामा प्राधिकरणले त्यस्ता सहकारी संस्थाहरुलाई कसरी आवद्ध गराउन सक्ला ? यस विषयमा प्राधिकरणको कस्तो तयारी रहेको छ ?

यसमा त संघहरुले सहयोग गर्नु पर्‍यो। संघहरुले फेसिलिटेटरको भूमिका गर्नु पर्‍यो, किन भन्दा आफ्ना सदस्य संस्थाहरुलाई प्रविधि मैत्री बनाउने, इन्टरनेट त नेपाल भरी उपलब्ध छ तर सहकारीले प्रयोग गरे कि गरेनन भन्ने कुरा हेर्नु हो, प्रविधिमा पहुँचको लागि संघले मोटिभेसन गर्ने र समस्या समाधानमा सहजीकरण गर्ने हो। सहजीकरण गरेबापत केही शुल्क निर्धारण गरेर भने पनि सेवा दिने काम गर्नुपर्छ। सहकारीलाई प्रविधि सिकाउने, सहकारीलाई तालिम गराउने, सहकारीलाई उत्पादनशील बनाउने त्यसबाट संघले लेवी लिने त्यो लेबीबाट संघ चलाउने हो। मान्छेलाई तिर्खा जगाउने कुरा हो, अर्को कुरा तिर्खा लाग्यो भने पानी लिन जाने हो। संघमा आवद्ध भएपछि एउटा खालको सुविधा पाइन्छ, प्रविधि पाइन्छ, सुझाव पाइन्छ भनेर संस्थाहरुलाई तिर्खा भोक जागेको छ। केही सहकारीले भने संघहरुबाट के पाइन्छ ? के हुन्छ ? भन्ने कुरा बुझेकै छैनन् त्यसकारण सबैभन्दा पहिला त हामीले मास रुपमा के गर्न पर्‍यो भने सहकारीहरुलाई संघमा आबद्धता गर्ने र सहकारीलाई सहकारीको रुपमा सञ्चालन गर्न सहयोग गर्ने कार्यक्रम सञ्चालन गरी सहकारी संघहरुको औचित्यता पुष्टि गराउने काम गर्नुपर्छ।

✍पछिल्लो समय स्थानीय सहकारी हेर्ने पालिका, प्रदेश र संघिय रुपमा नियमन गर्ने विभाग लगायत प्राधिकरणले समेत सहकारी संघ संस्थाको लागि निरन्तर रुपमा निर्देशन जारी गरेको छ, सहकारी संस्थाहरुलाई निर्देशनको पालना गर्ने सम्बन्धमा

अन्यौलता सिर्जना भएको छ । नियमकारी निकायको काम निर्देशन दिने मात्र हो कि कार्यन्वयन तहको लागि सहजीकरण पनि गर्ने हो ? प्रष्ट पारिदिनुहोस ।

यहाँले भनेको कुरा सत्य हो किन भने एउटा पालिकामा भएको सहकारीले पालिकाको निर्देशन मान्नु पर्‍यो, प्रदेशको निर्देशन मान्नु पर्‍यों, विभागको निर्देशन मान्नु पर्‍यों नेपाल राष्ट्र बैंकको निर्देशन मान्नु पर्‍यों र प्राधिकरणको निर्देशन मान्नु पर्‍यो । त्यो सबै कुराले गर्दा अन्यौलता र समस्यामा छन् । सरकारी एजेन्सीहरुले यसको वर्कआउट गर्दैछौ बचत तथा ऋणको कारोबार गर्ने सहकारी संघ संस्थाहरुका लागि ओभरलमा दर्ता गर्ने अधिकारीबाट जारी निर्देशन पालना गर्नै पर्‍यो तर मुलतः बचत ऋणको कारोबार गर्ने सहकारी संघ संस्थाहरुको लागि नियामकीय मापदण्डहरु जारी गर्ने तिनका सबै कुरा चाहिँ प्राधिकरणमा नै सेन्ट्रलाइज हुन जरुरी छ । प्राधिकरणमा केन्द्रीत हुन किन जरुरी छ भने प्राधिकरणलाई बचत ऋणको कारोबार गर्ने सहकारीहरुको अनुगमन र निरिक्षण गर्ने अधिकार दिएको छ । आज त हामी स्थापनाकै चरणमा छौं तर भोलि सहकारी समस्या समाधान भएन वा धरासाही भयो भने प्राधिकरण प्रति आम मानिसको आशा निराशामा बदलिन्छ त्यसकारणले गर्दा स्वभाविक रुपमा प्राधिकरणले निगरानी गरी कडा रुपमा कानुनहरुको परिधी भित्र रहेर जाने प्रयत्न गरिरहेकाछौं र त्यसरी जान्छौं भन्ने प्रतिबद्धता पनि छ । मापदण्डहरु पालना गराउने सन्दर्भमा सरकारी एजेन्सी सातवटै प्रदेशमा स्रोत साधनको हिसाबले पुग्न नसकिएला तर हाललाई महानगरलाई बोलाएर सन्देश दिने खालको कार्यक्रम राख्ने योजनामा छौं । भुगोलको आधारमा सबै एकै किसिमको व्यवस्था लागु नहुन पनि सक्छ संघ संस्थासँग परामर्श र पृष्ठपोषण लिएर अघि बढ्नेछौं । यस अर्थमा सरकारका अन्य एजेन्सीहरुले पनि बचत ऋणको कारोबार गर्ने हकमा चाहिँ प्राधिकरणसँग नै एउटा समन्वयात्मक ढंगले जान पर्‍यो ।

अब केही सहकारी संस्थाका गुनासोहरुमा छलफल गरौं । प्राधिकरणले जारी गरेको मापदण्डमा सञ्चालकले बचतको ९० प्रतिशभन्दा बढी ऋण लिन नपाउने भन्ने व्यवस्था गरेको छ, एक भन्दा बढी सहकारीमा सदस्य हुन नपाउने कानुनी व्यवस्था त छैदैछ । आफुले नेतृत्व गरेको संस्थाबाट समेत ऋण लिन नपाउनु भनेको सहकारी चलाउनु तर कारोवार चाहि बैंकमा गर्न जानु भनेको हो भन्ने धेरै सहकारीका सञ्चालकहरुको गुनासो रहेको छ । ती संस्थाका सञ्चालकहरु कि त नेतृत्वकर्ताले व्यवसाय नगर्नु भनेको हो वा कमजोर वर्गका मानिसहरुले नेतृत्व गर्न नपाउनु भनेर यस्तो व्यवस्था भएको हो ? भन्ने गुनासो गर्दै बरु एकै समयमा ४९ प्रतिशत भन्दा बढी सञ्चालकले ऋण लिन नपाउने व्यवस्था नै ठिक थियो भन्ने तर्क हुने गरेका छन यस विषयमा यहाँको धारणा के रहेको छ ?

यसको पृष्ठभूमीमा कुरा गर्दा अहिले देशको ओभरलमा सहकारी प्रतिको विश्वास गुमेको छ । यो विश्वास गुमाउने काम कसले गर्‍यो भन्दा सहकारीका सञ्चालकले गरे । कानुन बनाउदा बदमास गर्नेलाई एउटा कानुन र नगर्नेलाई एउटा कानुन भनेर बनाइदैन । वित्तीय सहकारी क्षेत्रमा एउटा प्रकोप परेको छ । हामी सबै मिलेर यो डिजास्टरको पिरियड, एउटा प्रकोपको पिरियडमा ऋण नलिनु पर्‍यो । सञ्चालकहरुले पनि यो कुरा बुझ्नु पर्‍यो । जब बदमासि गरेका सञ्चालकहरुको सम्पत्ति मार्फत बचतकर्ताहरुको बचत फिर्ता हुन्छ त्यसपछि हाम्रा सहकारीलाई स्वच्छ रुपमा चलायौं भने यो नियमको प्रभाव पर्ने छैन किनकि स्वःनियमन भईसकेपछि प्राधिकरणको नियमले खासै फरक पर्दैन । शुद्धीकरण होस् यस्ता नियमहरु परिवर्तन भएर जान्छन । हलचल गर्न नसक्ने बनाउन मिल्दैन तर हामी एउटा कालखण्ड सम्म सबै मिलेर शुद्धीकरण गरौ । संस्थामा अब कतिपय साथीहरुले सञ्चालक बस्ने मान्छे नै भएनन् भनेर पनि मलाई सुनाउदै हुनुहुन्थ्यो सञ्चालक बस्ने मान्छे भएनन् भने त्यो संस्था कसैलाई चाहिने रहेनछ भन्ने बुझ्न पर्‍यो अनि नचाहिएपछि सबैको बचत फिर्ता गरेर संस्थालाई खारेज गर्ने हो । त्यसैले खारेज गर्ने कि आलोपालो संस्था संचालन गर्ने भन्ने विचार गर्नुपर्छ, नेतृत्व हस्तान्तरण योजना तय गर्नुपर्दछ ।

कार्यक्षेत्र बाहिरको परियोजनामा लगानी गरेको र धितो सकार गरिएको रकम समेतको पूर्ण जोखिमकोष व्यवस्था गर्नुपर्ने विषय मापदण्डमा उल्लेख छ, यो व्यवस्था निर्देशन लागु भएको वर्ष देखि नै लागु गर्नु खोज्नु कतिको व्यवहारिक होला ?

एकदमै व्यवहारिक छ, किन व्यवहारिक छ भन्नुहुन्छ भने सहकारीहरुलाई करिब करिब एक दशक भन्दा अगाडि देखि पर्ल्स अनुगमन सिस्टमबाट सहकारीलाई नियमन गर्ने वित्तीय सूचकहरुलाई आधार मान्नुपर्ने व्यवस्था छ । पर्ल्स अनुगमन सिस्टमले के भन्छ राम्रो कर्जाको १ प्रतिशत राख शंकास्पदको ३५% अनि १ वर्ष भन्दा बढी भाखा नाघेको कर्जाको चाहिँ सत् प्रतिशत राख भन्छ । लिलाम कतिखेर गरिन्छ ? लिलाम त्यतिखेर गरिन्छ १ वर्ष भन्दा बढी भाखा नाघेपछि गरिन्छ भनेपछि त हामी १ दशक भन्दा बढी देखि पर्ल्स पढाउदै हिडेका छौ अभियानले त्यो पढाएको छ । यसर्थ प्रारम्भिक संस्थाले त्यो व्यवस्था अग्रिम गरेका छन भन्ने हाम्रो बुझाई हो । त्यो सत् प्रतिशत चाहिँ प्रोभिजन गर्नुपर्ने छ भन्ने भाषा नभए पनि त्यो अलरेडी प्रोभिजन गरिसकेको सम्पत्ति हो । तथापि त्यसलाई अझै स्ट्रेस दिएर प्रोभिजन गर्ने भनेको मात्रै हो । अहिले अलिकति परिवर्तन गरेर १, २५, ५० र १०० प्रतिशतको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छौं । अगाडि देखि नै नियमको पालना गरी कोष व्यवस्था गरेको भए अहिले समस्या हुने थिएन त्यो कसले बिगार्‍यो त ? त्यो कहाँबाट बिग्रियो ? हो यही कुराको प्रश्न हो शिक्षाको कमी पनि भन्दिन लापरवाही हो । त्यसकारणले अहिले चाहिँ प्रोभिजन गरेर जान पर्‍यो ठिक छ त्यो व्यथितिका सन्दर्भमा अलिअलि रिल्याक्सेसन दिएर चाहिँ केही गर्न सकिन्छ भने वर्कआउट हाम्रो चलिरहेकै छ तर चाहिँ के बुझ्न पर्‍यो भने त्यो चलिरहेको वर्कआउटले कति काम गर्छ गर्दैन त्यो आफ्नो ठाउँमा छ अहिले भने प्रोभिजन गर्नु पर्‍यो ।

सहकारी ऐन २०७४ को दफा १०३ ज को उपदफा ७ बमोजिम प्राधिकरणले तेश्रो पक्षको जेथा जमानत सम्बन्धमा आवश्यक शर्तहरु तोक्न सक्ने छ भन्ने व्यवस्था गरेको छ तर प्राधिकरणले ऐनले दिएको अधिकार भन्दा फरक हुने गरी मापदण्डको परिच्छेद-३, दफा २ को २.३ ले शर्त तोक्ने हैन रोक्ने नै व्यवस्था गरेर आएको छ यसमा ध्यान दिन नसकेको हो कि जानेरै यो व्यवस्था लागु गर्न खोजेको हो ? साथै २०८३ आषाढ मसान्त भित्रमा तेश्रो पक्ष धितो व्यवस्थापन गर्न निर्देशन छ यसले अभियानमा कस्तो प्रभाव पर्छ भन्ने अनुमान गर्नुभएको छ ?

सबैभन्दा पहिला ०८३ असार मसान्त आएकै छैन, समय अझै बाँकी छ । अभियानमा भएका सञ्चालक, कर्मचारी खटेर

तेस्रो पक्ष धितोको ऋण असुली गर्नुपर्‍यो । प्रयत्न गरेको देखिनु पर्‍यो । त्यो नतिजामा आउनु पर्‍यो । त्यसपछि त्यो नतिजा हेरेर प्राधिकरणलाई डाटा बुझाएपछि त्यो विषयममा फेरी छलफल गरौला । तर अहिले मापदण्ड अनुरुप नै चल्नुपर्दछ ।

चालु आ.व मा प्राधिकरणको मुख्य प्राथमिकताहरु के के छन ?

हामीले त सबैभन्दा पहिला सहकारीलाई दर्ता गर्ने नै मुख्य कुरा हो । सहकारी दर्ता गरेर दर्ता अभिलेखीकरण गराउने त्यसपछि देशव्यापी रूपमा सबैलाई सुसुचित गर्नुपर्‍यो । सातवटै प्रदेशमा एकदिन दुईदिन भेला गरेर दर्ता अभिलेखीकरणमा जानुपर्छ भन्ने सन्देश दिने हो अभियानलाई सँगै राखेर साक्षी राखेर अघि बढ्ने हो । त्यस बाहेकका अहिले देखिएका बेथिती जहांजहां देखिएका छन् कमसेकम पनि सम्भव भए जतिमा अनसाइट भिजिट गर्ने । वास्तविक सत्यतथ्य पत्ता लगाउने र सत्यतथ्य पत्ता लगाएर सोही अनुसार तिनीहरू सुधार गर्न निर्देश गर्ने । त्यो भन्दा ठूलो इस्युको रूपमा अहिले हामीसँग आएका जति पनि मुद्दाहरू छन् ती समाधान गर्न जनशक्तिको अभाव छ । हुनत कानुनले अदालतको अधिकार सो सरह भनेको छ तर त्यो अधिकार भनेर मात्रै हुंदो रहेनछ । त्यसका लागि जनशक्ति चाहियो, सहायक कानुनी नियमावलीहरु चाहिन्छन्, नियमावली अहिले सम्म संशोधन भएको छैन धेरै दफाहरुमा विभागलाई र प्राधिकरणलाई उही जिम्मेवारी छ । जिम्मेवारी बाझिएका कारण काम गर्न गाह्रो पनि छ । त्यो सबै चिजहरुलाई मिलाउनका लागि हाम्रो प्रयत्न रहन्छ । अब कानुन मिलाउन समय लाग्छ भने पनि एउटा डिमार्केसन क्षेत्र छुटाएर एउटा खालको निर्देशन मापदण्ड स्पष्ट हुनपर्छ अनी हामी वा जोईन्टली हाम्रा आफ्नो समझदारीहरु गर्नुपर्ने कामहरु पनि हामीले त्यो प्राथमिकतामा राखेका छौं । सहकारी क्षेत्रको कसरी सुशासन वृद्धि गर्न सकिन्छ ? नेपालको सहकारीको मोडललाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने केही अनुसन्धानमूलक कामहरु पनि गर्नुपर्छ भन्ने कुरामा पनि हामी छौं । यसका अलावा वास्तवमा नेपालमा सहकारी कस्तो चाहियो भन्ने बारेमा केही गोष्ठीहरु गरेर त्यो गोष्ठीको एउटा निचोडको आधारमा सरकारलाई आगामी दिनमा नेपालको सहकारी अब कस्तो हुने भन्ने दिशानिर्देश होस । संघहरु चाहिने कि नचाहिने ? वा संघहरुले गर्ने भूमिका के हुने ? संघलाई कसरी चलाउने ? यी सबै चिजहरुको एउटा प्याकेज बनाएर सुझाव दिए त्यो सुझाव अनुसार ऐन कानुन बनाउने कुराका लागि पनि हाम्रो प्रयत्न रहन्छ । यी सबै कुरा सहित एउटा प्याकेज हाम्रो कार्यक्रमहरु सञ्चालन हुने छन् ।

सहकारी सम्वन्धि मुद्धा र गुनासो समाधानमा प्राधिकरणले के कसरी प्रक्रिया अगाडि बढाएको छ ? अहिले जति पनि समस्या आए यी भनेको अत्याधिक ब्याजदर, असुरक्षित र अनियमित ऋण लगानी नै हो भन्ने छ यो समस्या अब भोलिको दिनमा हुन नदिनको लागि प्रविधि मार्फत प्रत्यक्ष निगरानी प्राधिकरणको कस्तो खालको हुनेछ ?

गुनासो तीव्र छ, अब यो अहिले भर्खरको क्रोनिक इस्यु होइन । यो समस्या भनेको लगभग लगभग ६०-६१ देखि नै अझ बढी ५७-५८ का पनि प्रतिवेदन आएका छन । करिब ५० को दशकदेखि आएको समस्या हो दुई तीन दशक हामीले यो समस्याबाट जेलिँदै जेलिँदै क्रोनिक बनाएर आयौं । अब अहिले छु-मन्तरका भरमा यो समस्या समाधान हुँदैन अब न राज्यले त्यो पैसा फिर्ता गर्न सम्भव छ, न राज्यको ढुकुटीमा त्यसरी भुक्तानी गर्ने पैसा छ, राज्यले कहाँबाट ल्याएर तिर्ने ? फटाफट राष्ट्र बैंकले पैसा छापेर दिन मिलेन । त्यसको लिमिटेसन छ एउटा । यस अर्थमा के हो भने ती अघि मैले भने नि बचतकर्ता जिम्मेवार बन्न पर्दैन ? ती बचतकर्ता जिम्मेवार नबनेका कारणले भएको हुनाले धैर्य गर्नुपर्‍यो बचतकर्ताले पनि । ठिक छ उनीहरुले आफ्नो आवाज राख्नुपर्‍यो । सरकारलाई झकझकाउनु पर्‍यो, तर अराजक हुन भएन । सञ्चालकहरु खोज्नका निम्ति लाग्नुपर्‍यो । बचतकर्ताले जुलुस मात्रै निकालेर त अनि कसरी समस्या समाधान होला र ? "सदस्यले आफ्नो कमजोरी रियलाइज गर्नुपर्‍यो कि मैले संस्था बुझिन । मैले सञ्चालक बुझिन । उनीप्रति मैले आँखा चिम्लेर विश्वास गरे । म साधारण सभामा कहिल्यै गइन । प्रतिवेदन पढिन, लेखा प्रतिवेदनहरु हेरिन । मेरो बचत कस्तो ठांउमा लगानी हुँदैछ हेरिन ? धितोको कस्तो अवस्था छ यी यावत कुरा बुझ्ने स्थान भनेको साधारणसभा थियो जहां म गइन गएर पनि भोज र भत्ता मात्र बुझेर आएं ।"

अर्को तर्फ केही संस्थाहरु यो बाढीले गर्दाखेरि पनि अप्ठ्यारोमा परेका छन् । जुन कुरा उनीहरुले सुशासनमै चल्ने प्रयत्न गरे । सञ्चालकहरु इमान्दार छन् । बदमासी गरेका छैनन् तर धेरै मान्छे बचत फिर्ता लिन आए । कर्जा लगानी भएको व्यवसाय राम्ररी चलेन जसले गर्दा कर्जा तिर्न ढिलाई भयो । हो साच्चै बदमासी गरेको र अप्ठ्यारोमा परेका सञ्चालक बिच पहिचान गरेर हामी सहकारी संघ र सरकारी एजेन्सीहरु मिलेर त्यस्ता सहकारीका सञ्चालकहरु प्रति आक्रामक नबनिकन ती सञ्चालकहरुलाई संस्था सञ्चालन गर्न वातावरण दिएर विस्तारै सन्तुलन कायम गर्नुपर्छ । अहिले एउटा खालको बाढी चलेको वेलामा एकैचोटी सबै कुरा सम्भव छैन । सदस्यहरुले धैर्य गरेर संस्था सञ्चालनमा आउन थालेपछि आलोपालो थोरै थोरै रकम फिर्ता गराउदै समस्या समाधान गर्नुपर्छ ।

अब भोलिका दिनमा समस्या आउन नदिन गरिने पूर्वसर्तकताका विषयमा भने सबै सहकारीमा प्रत्यक्ष रूपमा गएर अध्ययन गरेर त्यो सम्भव छैन भन्ने कुरामा हामी एकदम क्लियर छौं । अब यस्तो स्थितिका बीचमा ती सहकारीहरुलाई कसरी रेगुलेट गर्ने त भन्ने सन्दर्भमा हाम्रो सिस्टममा कमसेकम पनि निश्चित लेभलका सहकारीहरुको रियल टाइम डाटा नियामक निकायमा आउनेगरी नियमन गर्ने गरी इन्डिकेटर तयार गर्नेछौं । त्यो इन्डिकेटरको आधारमा उसका सबै सिस्टम हेरी रेड, एल्लो र ग्रिन जोनमा राखेर रेड जोनका लागि हामी अनसाइट भिजिट गर्ने मोडलमा जानुपर्छ त्यो खालको योजनामा हामी छौं ।

क्षमता अभिवृद्धि, वित्तीय साक्षरता र सुचना प्रविधिको ज्ञान मूल आवश्यकता हो यसलाई कसरी हेर्नुभएको छ ?

वित्तीय साक्षरता, सुशासनमा लैजानुपर्छ भन्ने कुराको जिम्मा अभियानलाई नै दिनुपर्छ । त्यो काम अभियानले नै आफ्नो सदस्य संस्थाहरुलाई राम्ररी पढाउने सिकाउने टेक्नोलोजीको प्रयोग गर्न सक्ने बनाउने ताकि सहकारी संघमा आवद्ध भएको भएर यस्तो सुशासन यस्तो राम्रो छ भन्ने सन्देश जाओस । संघमा आबद्ध नभएको कारणले हामी पछि पर्‍यौं भन्ने संस्थाहरुलाई महसुस गराउने संघले नै हो । वित्तीय साक्षरता दिन हिंड्ने अहिले हामीसँग न त्यो क्षमता न जनशक्ति नै छ न हाम्रो अधिकार क्षेत्र

अब अहिले छु–मन्तरका भरमा यो समस्या समाधान हुँदैन अब न राज्यले त्यो पैसा फिर्ता गर्न सम्भव छ, न राज्यको ढुकुटीमा त्यसरी भुक्तानी गर्ने पैसा छ, राज्यले कहाँबाट ल्याएर तिर्ने ? फटाफट राष्ट्र बैंकले पैसा छापेर दिन मिलेन। त्यसको लिमिटेसन छ एउटा। यस अर्थमा के हो भने ती अघि मैले भने नि बचतकर्ता जिम्मेवार बन्न पर्दैन ?

पर्छ। यस्तो प्रवर्द्धनात्मक काम भने जहाँ जहाँ अहिले सहकारी दर्ता भएका छन् तिनै तिनै निकायहरुले गर्ने हो। अभियानले अहिले रेगुलेसन सुपरभिजन गर्छ तर लङ टर्ममा चाहिँ प्रवर्धन गर्ने काम पनि प्राधिकरणले एउटा विन्समा राख्नुपर्छ। यो सबै गर्नका निम्ति राष्ट्रिय सहकारी नियमन प्राधिकरण ऐन नै जारी गर्नुपर्छ। मेरो रिक्वेस्ट तपाईंहरु मार्फत के हो भने अभियानले पनि वास्तवमा प्राधिकरणलाई एउटा सशक्त अर्गनाइजेसन र एउटा स्वायत्त अर्गनाइजेसन बनाउनका निम्ति जसले नेपाल राष्ट्र बैंकले छुट्टै ऐन द्वारा गभर्न गरेको छ त्यस्तै किसिमको प्राधिकरण ऐन जरुरी छ। यस्तो भयो भने सहकारी हेर्ने अरु एजेन्सीहरु आवश्यक नपर्न पनि सक्छ। किनभने प्राधिकरणको एउटा स्थायी विन्स बनाएपछि समस्याग्रस्त भएका सहकारीहरुको प्राधिकरणको युनिटले म्यानेज गर्छ र हरेक समस्याग्रस्त सहकारीका एउटा एउटा टिम बनाइदिन्छ। त्यो टिमले त्यसलाई फछ्यौट गर्छ। त्यो मोडलमा चाहिँ प्राधिकरण जान्छ। यस अर्थमा पनि प्राधिकरणलाई आफ्नो ऐन सहित सशक्त बनाउनुपर्छ। त्यो गऱ्यो भने अरु सबै व्यवस्थित हुन्छ भन्ने छ।

✎साधारण सभा वैधानिकताका लागि कम्तीमा ५१ प्रतिशत गणपुरक संख्या पुऱ्याउनुपर्ने चुनौती छदै थियो अर्को साधारणसभामा उपस्थित हुने सदस्यहरुलाई यातायात खर्च लगायतका कुनै पनि भत्ता उपलब्ध गराउन नहुने निर्देशन जारी भयो यसले सदस्यहरुको उपस्थिती अझै न्युन हुनेछ जसले गर्दा साधारणसभा सञ्चालनमा समस्या आउने विषय उठान भईरहेको छ। यस सम्बन्धमा वैज्ञानिक समाधान के हुनसक्ला ?

प्राक्टिस गलत भइसक्या छ सहकारीमा होइन ? हामीले के बुझ्नुपर्ने हो भने यसमा मैले त संघ त्यो कुराप्रति चुक्यो भन्छु किन भने संघले नै कुनै खालका भत्ता प्रदान गरेर साधारणसभा गर्ने होइन, साधारण सभामा फुल टाइम बस्नुपर्छ, होइन भने तपाईंहरु सहकारी छोड्नुस् भन्न सक्नुपर्छ। जब एउटा मान्छेले आफुले राखेको पैसा कस्ता मान्छेहरुको जिम्मा लगाएको छ। कस्तो सहकारी संस्थामा म सदस्य भएको छु। त्यो सहकारी संस्थाका गतिविधिहरु कस्ता छन्। त्यसका हिसाब किताब कारोबारहरु के कस्ता छन्। त्यसले गरेका लगानीहरु सुरक्षित छन् कि असुरक्षित छन् भन्ने बारेमा ध्यान दिँदैन हेक्का राख्दैन त्यो सदस्य बाटो खर्च दिए जान्छ नत्र जादैन। त्यो बाटो खर्च दिएर जाने मान्छे पनि के गर्छ ? त्यहाँ जान्छ र पैसा भत्ता बुझ्छ र उ हिँड्छ गणपुरक संख्या पुऱ्याईदिने मात्रै काम गर्छ। यस्तो भएपछि अब के हुन्छ ? त्यही संस्था हो भोलि अप्ठ्यारोमा पर्ने। सञ्चालक फरार हुन्छन्, अनि पैसा चाहि सरकारले दिनुपर्ने रे ? सरकारतिर औंलो ठड्याउंछ। सदस्य आफु जिम्मेवार हुनुपऱ्यो भन्ने कुरा हो। आफू सदस्य भएको रकम जम्मा गरेको ठाँउमा चासो दिएर उ आउदैन भने सदस्यता खारेज गरिदिनुहोस किनकी उसलाई सहकारी चाहिएकै छैन। सहकारीको वास्तविक सिद्धान्त र मूल्य अनुसार हामीले सदस्य केन्द्रीत कारोबार गर्ने हो। सदस्यहरुलाई बचत ऋण मात्र होइन उत्पादन रोजगारी उनीहरुको क्षमता विकास प्रविधिसँग जोड्न सक्ने क्षमता विकास गर्ने बनाउने गरी जब सहकारीलाई हामीले रिफर्म गरेर जान सक्छौं। त्यति बेला मान्छे फेरी सहकारी खोज्दै आउँछन। हामीले १०,००० सदस्य राख्न नसके ५,००० लिएर बसौं, ५,००० नसके ३,००० लिएर बसौं अब सबै सदस्य हिँड्छन् भने बन्द गरिदिऔं। सहकारी संस्थाले दिन सक्ने र सदस्यले लिन सक्ने थुप्रै बाटाहरु छन। सिधै यातायात खर्च देखेर आउने होइन। कारोबारको आधारमा पैसा फिर्ता पाइन्छ, नाफाको आधारमा लाभांश पाइन्छ, तालिम शिक्षा दिन्छ, ज्ञान गुण सिकाउन प्रविधि सिकाउनका निम्ति कहिलेकाहीँ भ्रमण लैजान्छ। विभिन्न किसिमका सुविधा जस्तै बीमा, राहत तथा सम्मान जस्ता प्याकेज ल्याएर सदस्यलाई सुविधा दिन सकिन्छ। यस्ता सुविधा भने नीति संगत हुनुपर्छ। सहकारीहरुले अरु हिसावले पनि सदस्यलाई सुविधा दिन सक्ने सम्भव छ, अब एउटा मान्छेलाई तपाईंको बिरामी हुँदा उसले वार्षिक रूपमा चाहिँ कति खर्च गर्छ ठेगान हुँदैन। सहकारीले कमसेकम वर्षको दुई पटक अनिवार्य होल वडी चेकअप गर्ने सहकारीले पैसा तिरिदिने गऱ्यो भने साधारण सभाको हजार रुपैयाँ भन्दा त उसको स्वास्थ्य महत्वपूर्ण भयो होला नि, हो त्यही चेतनाको कुरा आयो। सदस्यलाई दिन सक्ने त धेरै बाटाहरु छन्। त्यो बाटोबाट हामीले सदस्य सेवामा काम गरौं।

✎बागमती प्रदेशको पाँचौ वार्षिक साधारण सभामा वितरण गरिने यो सहकारी संगालो मार्फत जति पनि प्राधिकरणको नियमन क्षेत्र भित्र पर्ने सहकारी संस्थाहरूका सञ्चालक कर्मचारी अनि सदस्यहरुलाई यहाँहरुको तर्फबाट के सन्देश छ ?

हाम्रो तर्फबाट मुख्य कुरा के हो भने जति पनि नियामक निकायहरुले अहिले स्ट्रिक्ली जारी गरिरहेका नियम मापदण्ड सिद्धान्त मूल्य मान्यता त्यो सबैलाई पालना गर्ने गरी आफ्ना आन्तरिक पोलिसीहरु निर्माण गर्नु पऱ्यो। त्यो आन्तरिक पोलिसी निर्माण गरेर सुशासनमा चल्न प्रयत्न गरेका छन् भन्ने कुरा संस्थाले देखाउनु पऱ्यो। दोस्रो कुरा के हो भने सदस्यहरुले साधारण सभामा पैसा नदिएसम्म म जान्न भनेर घुर्की लाउने सदस्यहरुलाई अब सहकारीहरुले विचार गर्नुपर्छ। तिनलाई राख्ने कि नराख्ने भनेर प्रश्न गर्नुपर्छ। सदस्यहरुले जहिले पनि संस्था र सञ्चालकलाई राम्ररी बुझेर जानुपर्छ। त्यो सदस्यहरुले बुझ्नुपर्ने कुरा हो। हामीले सहकारी शिक्षा मार्फत राम्ररी त्यो सिकाउनु पऱ्यो। संघहरुले पनि सर्भिस दिए बापत एउटा लेभलको शुल्क तोकौं। हामीले सदस्य संस्थालाई सर्भिस दिन्छौं त बाहिरको कम्पनीको मान्छे हायर गऱ्यो भने त पैसा तिर्नुपर्छ नि, हो त्यसको बारेमा एउटा शुल्क तोकौं र त्यो शुल्क प्रयोग गरौं। हामी अन्तर्राष्ट्रिय क्षेत्रमा घुम्न जान्छौं ठूलठूला घर बनाएका छन् ठूला टेक्नोलोजी प्रयोग गरेर हामीले धान्न

नसक्ने खालका जनशक्ति राखेका छन् ठूलो हाइ फाई एकदम राम्रो देखेका छौं । हामीलाई त्यो लोभ लाग्छ विदेश जाँदाखेरि । संघहरुले पनि सोही अनुरुप संस्था बनाउन पाए हुने सोच्छन तर यहाँको हकिगत र बास्तविकतालाई बुझ्नु जरुरी छ । त्यसकारण सिमित आफुले सक्ने हिसाबले संघहरुलाई चलाऔं अभियानमुखी बनौं । पोलिसीसँग एड्भोकेसी गरौं । संघहरुले सरकारका एजेन्सीहरुसँग पनि सदस्यहरुलाई मर्का पर्ने कुरा कानुनहरु बनेका छन् भने त्यसमा गएर एड्भोकेसी गर्ने लबिङ गर्ने नियामक निकायमा मात्रै नगरेर अझ माथिल्ला मन्त्रालय सरकारका निकायहरुसम्म समेत लबिङ गरेर नियामक निकायले गर्नुपर्ने विषयमा सुझाव दिऔं । ऐन बनाउने भनेको सरकार र संसदको काम हो त्यस ढंगले त्यो माथिल्लो लेभलबाट समेत लबिङ गरेर कानुनमा सिमित बैंकिङ कारोबारको इजाजत लिने परिस्थिति निर्माण गर्न सबै मिलेर जाँदाखेरि राम्रो हुन्छ । सबै सुशासनमा चलाऔं र जुन मितिदेखि हामीले जे जे निर्देशन मापदण्ड जारी गरेका छौं बचत ऋणको कारोबार गर्नेले यसलाई मूल मन्त्र बनाएर अगाडि बढौं । स्वाभाविक रूपमा एक दशक भित्रमा सहकारी अभियानलाई सहकारीका संस्थापकहरुले जुन मनसाय उद्देश्यले स्थापना गर्नुभयो त्यो मनसाय उद्देश्य अनुसारको सहकारी प्रणालीलाई विकास गरौं । अनि त्यसपछि त नियमन गर्न नै सहकारी अभियानलाई छोडिदिए भइहाल्छ । यो कुरा हामीले एउटा कालखण्डसम्म एक दशक सबै नियमनकारी निकाय, सरकारका एजेन्सीहरु र संघ मिलेर कानुन पालना गर्न गराउन लागौं । अहिले त ३ करोड नेपाली मध्ये १ करोड नेपाली सहकारीमा छन्, एउटा घरका तीनजना मध्ये एउटा मान्छे सहकारीमा सदस्य छ । यस्तो बीचमा त सबै सांसद भएका मान्छेदेखि तल्लो तह वार्ड सदस्य भएको मान्छे सम्मले पनि सहकारीको विषयमा अलि सचेत भएर लाग्ने हो भने यो एक दशकमा शुद्धीकरण हुन्छ भन्ने मलाई लाग्छ ।

मैले सोध्न छुटाएका हजुरलाई भन्न मन लागेको विषयवस्तु केही छ ? बागमती प्रोस्कूनलाई यहाँको सन्देश ?

हैन त्यस्तो केही छैन मैले धेरै कुरा भनिसके सुशासनमा चलाउ सुशासनमा चल्ने कुराका निम्ति हामी सबै लागौं । संघलाई नियामक निकायले पेल्न खोजेको होइन, संघहरुलाई एउटा लिमिटेसन तोकेका छौं त्यो लिमिटेसन भित्र भनिएका कामहरु गरौं । हाम्रो विगतको यस्तो प्रणाली थियो त्यो प्रणालीका कारणले गाह्रो भयो भनेर मात्रै पनि अब हुँदैन कहिलेकाहीं एउटा बिन्दुमा रोकिएर नयाँ बाटोमा जान पर्ने हुन्छ ।

बागमती प्रोस्कूनले हालसम्म राम्रो काम गरेको सन्देश सुनिएको छ । सदस्य संघ संस्थाहरुलाई अवेयरनेस गरेको छ । सदस्य संघ संस्थाहरुलाई अझै सुसुचित गरी राम्रो सेवा प्रदान गरी सुशासनमा चलाउन मार्गदर्शन गराउनुहोस । हाम्रो शुभकामना छ । ❁

गतिविधि

बागमती प्रोस्कूनको प्रमुख कार्यकारी अधिकृतमा पूनः केशबप्रसाद दाहाल नियुक्त

संघ स्थापनाको दोस्रो वर्ष अर्थात २०७८ भाद्र १ गते प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनुभएको पनौती न.पा -६, निवासी केशबप्रसाद दाहालको यहि श्रावण मसान्तमा ४ वर्षे कार्यकाल समाप्त भएकोमा मिति २०८२ श्रावण १२ गते सोमबार बसेको ३३ औं पूर्ण बैठकले दाहाललाई नै संघको स्वीकृत मानव संशाधन व्यवस्थापन नीति २०७७ को दफा २३.४ बमोजिम पूनः ४ वर्षे कार्यकालको लागि प्रमुख कार्यकारी अधिकृतमा निरन्तरता प्रदान गरेको छ । जिम्मेवारी थप गर्ने निर्णय सँगै संघको सदस्य सेवा कार्यालय मिनभवन काठमाडौंमा संघका अध्यक्ष उद्धव सापकोटाले करार नियुक्ति पत्र र आ.व २०८२/०८३ को लक्ष्य सहितको कार्यविवरण प्रदान गर्नु हुदै समिति उपसमिति लगायत कर्मचारी परिवारको तर्फबाट बधाई ज्ञापनका साथ सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो । हाल संघमा प्रमुख कार्यकारी अधिकृत सहित विभागिय प्रमुख, अधिकृत र सहायक गरी १२ जना कर्मचारी कार्यरत छन । ❁

बागमती प्रोस्कूनको पाँचौ वार्षिकोत्सव एवम् छैटौं स्थापना दिवस सम्पन्न

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बामगती प्रोस्कून) ले आफ्नो गौरवमय पाँचौं वार्षिकोत्सब तथा छैटौं स्थापना दिवस मनाएको छ । गत श्रावण महिनाको १३ गते मंगलबारका दिन काठमाडौं स्थित अर्पण बैङ्क्वैटमा भव्य समारोहका बिच स्थापना दिवस मनाएको हो । सञ्जाल आवद्ध सदस्य संस्थाहरु, सहकारी अभियान, पत्रकार तथा आयोजक सहित २ सय भन्दा बढी व्यक्तिहरुको सहभागिता रहेको उक्त समारोह संघका अध्यक्ष उद्धब सापकोटाको अध्यक्षता र राष्ट्रिय सहकारी महासंघका अध्यक्ष ओमदेवी मल्लको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

बागमती प्रदेश सरकारको सहकारी ऐन अर्न्तगत २०७७ साल श्रावण १३ गते दर्ता भई क्रियाशिल यस संघले पाँच वर्षमा १३ वटै जिल्ला बचत संघ र ५२४ प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था गरी कुल ५३७ सहकारी संघसंस्थाको सञ्जालको रुपमा स्थापित गरेको छ । यस दिनमा हरेक वर्ष संघका वर्षभरीका प्रगतिहरु सार्वजनिक गर्दै आफ्नो कार्यदिशा समेत सदस्यहरुलाई जानकारी प्रदान गर्ने तथा वर्ष भरीमा सहकारी क्षेत्रका विशिष्ट योगदान पुऱ्याउनु हुने व्यक्ति तथा संघसंस्थाहरुलाई सम्मानको घोषणा गर्ने संस्कार बागमती प्रोस्कूनको रहेको छ ।

सदस्यहरुले संघको गरिमा बढाउन खेलेको भूमिका र सदस्यहरुको संघप्रतिको विश्वासले संघले व्यतित गरेको आ.व २०८१/०८२ को वित्तीय कारोबार र त्यसको उपलब्धी तथा संघले सञ्चालन गरेको शिक्षा तथा तालिम सम्वन्धी कार्यक्रम, वहस पैरवीका कार्यक्रमहरु र सदस्य सेवाका विविध क्रियाकलापहरु भएको प्रगति विवरण सहित सहकारी अभियानको वर्तमान जल्दाबल्दा समस्या र बागमती प्रोस्कूनको अबको बाटोसम्म संघका प्रमुख कार्यकारी अधिकृतले प्रस्तुतीकरण गर्नु भएको थियो भने संघको स्वीकृत सदस्य सम्मान तथा पुरस्कार नीति बमोजिम हरेक वर्षमा गरिने विभिन्न विधामा सम्मान तथा पुरस्कार छनौट उपसमितिको सीफारिस र सञ्चालक समितिको निर्णय बमोजिम आगामी पाँचौ वार्षिक साधारण सभामा सम्मान तथा पुरस्कार प्रदान गर्ने गरी उपसमिति सदस्य श्री ठाकुर प्रसाद बास्कोटाले १४ वटा विधामा पुरस्कृत र सम्मानित हुने संघ संस्था व्यक्ति व्यक्तित्वको नाम घोषणा गर्नुभएको थियो ।

कार्यक्रमलाई भव्य बनाउनका लागि संघले आमन्त्रण गरेका विभिन्न क्षेत्रका अतिथीहरुको उपस्थिति रहेको उक्त समारोहमा संघको तर्फबाट बरिष्ठ उपाध्यक्ष श्री जिवसराज खड्काले शब्दबाट स्वागत गर्नु भएको थियो । राष्ट्रिय सहकारी महासंघ लिका संस्थापक अध्यक्ष तथा पूर्व मन्त्री दिपकप्रकाश बास्कोटा, राष्ट्रिय सहकारी नियमन प्राधिकरणका सचिव रबिन ढकाल, राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष डि.बी बस्नेत, महासंघका सञ्चालकहरु क्रमश: परितोष पौडेल, टेकप्रसाद चौलागाई, सुमन नेपाल, नेफस्कूनका अध्यक्ष चन्द्रप्रसाद ढकाल, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य ध्रुव आचार्य, बागमती प्रदेश सहकारी रजिष्ट्रार प्रदिपराज पौडेल, नेफस्कूनका सञ्चालक खेमप्रसाद सुवेदी, सिता पौडेल, बागमती प्रदेश सहकारी संघका ले.सु.समिति संयोजक विकल्प पाठक, ललितपुर महानगरपालिका उद्योग तथा सहकारी महाशाखाका बरिष्ठ अधिकृत चन्द्रलाल डंगोल, बागमती प्रोस्कूनका सल्लाहकार केशबप्रसाद दंगाल, तेजेन्द्रबहादुर खड्का पूर्व सल्लाहकार दिपक पनेरु, कोञ्जोसोम गा.पा ललितपुरका प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद दुलाल, सहकारी पत्रकार समाजका अध्यक्ष काजी श्रेष्ठ, पत्रकार महासंघ काभ्रेका पूर्व सभापति मोतिराम तिमल्सिना, सहकारी पत्रकार समाज पूर्व अध्यक्ष खिलानाथ दाहाल, यादव हुमागाइ र सहकारी पत्रकार समाजका कोषाध्यक्ष माधव खड्का लगायतका विशिष्ट व्यक्तिहरुको कार्यक्रममा सहभागिता रहेको थियो ।

कार्यक्रमको अन्तिम सत्रमा प्रमुख अतिथी मल्लले शुभकामना मन्तव्य राख्दै संघको थप प्रगति र सफलताको कामना गर्नुभयो भने कार्यक्रममा उपस्थित रहदा पूर्ण समय दिन सक्ने गरी उपस्थित रहन सबैलाई सुझाव गर्नुभयो । प्रारम्भिक संस्था र संघलाई कानुनत परेका असहज पक्षहरुमा महासंघ सधैं सँगै रहने र समस्या समाधानमा लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रमको अन्तमा संघका महिला उपाध्यक्ष कल्पना श्रेष्ठले उपस्थित सम्पूर्णमा धन्यवाद मन्तव्य राख्नुभई सम्पन्न भएको कार्यक्रम संघका महासचिव गोविन्दप्रसाद काफ्लेले सञ्चालन गर्नु भएको थियो । ❁

लेख

सहकारी क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानूनी परिपालना

शशिकुमार लम्साल
उप-रजिष्ट्रार, सहकारी विभाग

> सहकारी विभागले सम्पत्ति शुद्धीकरण मनी लाउन्डरिङ निवारण ऐन २०६४ को दफा ७ प को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृतिमा सहकारी संघ सस्थाले बनाउने नीतिमा समावेश गर्नुपर्ने बिषयलाई समेटेर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण सम्बन्धी सहकारी संघसंस्थालाई निर्देशन–२०७४ जारी गरेको छ।

भूमिका

नेपालको सहकारी क्षेत्रले आर्थिक समृद्धि, सामाजिक एकीकरण र सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । हाल नेपालमा सहकारीहरुको संख्या ३२९६५ पुगेको छ । सबै सहकारी संस्थाहरुमा गरेर १ करोड ९ लाख भन्दा बढी सदस्य भई ११ खर्ब २५ अर्ब भन्दा बढी रकम बचत परिचालन भएको अवस्था छ । समयक्रमसँगै सहकारी क्षेत्रको योगदान बढ्दै जानु सुखद पक्ष हो, तथापि सदस्य संख्या र कारोवारमा भएको वृद्धिसँगै सहकारी क्षेत्रमा सदस्यको बचत सुरक्षित गर्ने विषय तथा सहकारीमा कालोधन प्रवेश हुन र सिर्जना हुन नदिने विषय पेचिलो बनेको छ ।

नेपालको राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदनले बैंकिङ, सहकारी, बहुमूल्य धातुका व्यापारी, क्यासिनो र रेमिटेन्स प्रदायकहरू पनि सम्पत्ति शुद्धीकरणको जोखिमका क्षेत्र हुन् भनेर उल्लेख भएको छ । अन्तराष्ट्रिय संघ संस्थावाट समेत नेपालमा सहकारी, क्यासिनो, सुनचाँदी व्यवसायी र घर जग्गा एजेन्टमाथि समेत सम्पत्ति शुद्धीकरणको पाटोवाट सुपरिवेक्षण गर्न सुझाव दिईएको छ ।

खास गरी, सन २०२५ मा नेपाललाई Financial Action Task Force (FATF) को ग्रे लिस्टमा समावेश गरेपछि नेपालको अन्तर्राष्ट्रिय वित्तीय छवि र प्रतिष्ठामा नकारात्मक असर पुऱ्याएको छ । तसर्थ ग्रे लिष्टबाट शीघ्र रुपमा बाहिरिने कार्य योजना अनुरुप तोकिएका कार्यहरु निर्धारित समय सिमाभित्र सम्पन्न गर्नुपर्ने छ ।

सम्पत्ति शुद्धीकरण निवारण

सम्पत्ति शुद्धीकरण निवारण (Anti–Money Laundering, AML) भनेको अवैध स्रोतबाट आर्जन भएको धनलाई कालोधन भनिन्छ । त्यस्तो कालोधनलाई वैधरुपमा वा कानुनसम्मत आर्जन भएको देखिने गरी देशको औपचारिक प्रणालीमा ल्याउने वा मिसाउने वा सेतो धन बनाउने कामलाई सम्पत्ति शुद्धीकरण भनिन्छ । विभिन्न कसूरबाट सिर्जना भएको कालो धनलाई सेतो धनमा मिसिन नदिने वा सेतो धन बन्न नदिने कामलाई सम्पत्ति शुद्धीकरण निवारण भनिन्छ । सम्पत्ति शुद्धीकरण निवारणले आतंककारी गतिविधिहरूको वित्तीय स्रोतको निवारण (Combating the Financing of Terrorism, CFT) को विषय समेतलाई समेट्दछ । यसको प्रमुख उद्देश्यहरूमा वित्तीय प्रणालीमा स्थायित्व कायम राख्नु, अपराधको वित्तीय स्रोतको पहिचान र नियन्त्रण गर्नु र अन्तर्राष्ट्रिय वित्तीय प्रतिबन्धहरूको पालना गर्नु पर्दछ ।

सम्पत्ति शुद्धीकरण निवारणको क्षेत्रमा FATF र एशिया/प्रशान्त समूहको महत्वपूर्ण भूमिका रहेको छ । FATF एक अन्तर्राष्ट्रिय निकाय हो जसले सदस्य राष्ट्रहरूको AML/CFT नीतिहरूको मूल्याङ्कन र निगरानी गर्दछ। हाल नेपालको वित्तीय प्रणालीको मूल्याङ्कनको आधारमा नेपाललाई ग्रे लिस्टमा राखेको छ। नेपालले AML/CFT क्षेत्रमा रणनीतिक रुपमा कार्य गर्न नसकेको कारणले ग्रे लिष्टमा पर्नु परेको हो । एशिया/प्रशान्त समूह (APG) भनेका FATF को क्षेत्रीय निकाय हो जसले सदस्य राष्ट्रहरूको AML/CTF नीतिहरूको मूल्याङ्कन र सहयोग गर्दछ। अहिले नेपालले एशिया/प्रशान्त समूह (APG) सँगको सहकार्यमा १ वर्षभित्र ग्रे लिष्टवाट वाहिरिने कार्ययोजनाका साथ काम गरिरहेको छ ।

कानूनी तथा संस्थागत व्यवस्था

सहकारी संस्थाहरुले पालना गर्नुपर्ने सम्पत्ति शुद्धीकरण निवारणका कानुनहरु:

- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ र निवारण नियमावली २०८१ (२०७३ लाई खारेज गरेको):

- सहकारी ऐन २०७४
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धि राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१–२०८६)
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४

सहकारी विभागको भूमिका

सहकारी ऐन २०७४ को दफा १५० क ले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन पालना गर्नु पर्ने व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार सोही दफाको उपदफा (४) मा नियामक निकायहरुबाट जारी भएको निर्देशनको पालना भए वा नभएको सम्बन्धमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले जोखिमको आधारमा आवश्यकता अनुसार सहकारी संस्थाको अनुगमन निरीक्षण र प्रचलित कानुन बमोजिम आवश्यक कारबाही तथा सजाय गर्न सक्ने व्यवस्था रहेको छ ।

सूचक संस्थाको दायित्व

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ र निवारण नियमावली २०८१ (२०७३ लाई खारेज गरेको): ऐनले मनी लन्ड्रिङको परिभाषा, अपराध र सजायको व्यवस्था गरेको छ। साथै सूचक संस्थाको दायित्व किटान गरेको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ ले सहकारी संघ संस्थाहरुलाई सूचक संस्थाभित्र समावेश गरेको छ । जस अनुसार सहकारी संघ संस्थाले आफ्नो देश, कार्यक्षेत्र, व्यवसायको आकार, ग्राहक, कारोबार र जोखिम को आधारमा सम्पत्ति शुद्धीकरण (Money Laundering) र आतंककारी क्रियाकलापमा लगानी हुन नदिने नीति र कार्यविधि बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। सहकारी विभागले सम्पत्ति शुद्धीकरण मनी लाउन्डरिङ निवारण ऐन २०६४ को दफा ७ प को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृतिमा सहकारी संघ सस्थाले बनाउने नीतिमा समावेश गर्नुपर्ने बिषयलाई समेटेर सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण सम्बन्धी सहकारी संघसंस्थालाई निर्देशन-२०७४ जारी गरेको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ का मुख्य मुख्य व्यवस्था :

सम्पत्ति शुद्धीकरण निवारण ऐन बमोजिम सहकारी विभागले नियामक निकायको रुपमा कार्य गर्दै आएको छ। सूचक संस्थाको रुपमा सहकारी संघ संस्थाहरुले पालना गर्नुपर्ने नियमहरुलाई समेटेर सहकारी विभागले निर्देशन जारी गरेको छ । यस निर्देशिकामा समेटिएका विषयहरुलाई आधार बनाएर सहकारी संस्थाहरुको अनुगमन गर्दै आएको छ। हाल पाँचौं संशोधन सहित कार्यान्वयनमा रहेको छ । निर्देशिका बमोजिम सूचक संस्थाको रुपमा सहकारी संस्थाहरुले गर्नुपर्ने मुख्य मुख्य कामलाई निम्नानुसार उल्लेख गरिएको छ:

१. सदस्य पहिचान तथा सम्पुष्टि सम्बन्धी कार्य गर्नु पर्नेः

- पहिचान तथा सम्पुष्टि गर्ने सम्पुर्ण जिम्मेवारी सम्वन्धित संस्थाको हुनेछ । प्राकृतिक तथा कानुनी व्यक्तिको सम्पूर्ण विवरणहरु भर्नु पर्ने । संस्थाले नाम, ठेगाना, पेशा, परिवार र रहनसहन लगायतको जानकारी नभई कसैलाई पनि सदस्यता दिनु हुँदैन । संस्थाको सदस्य बन्नको लागि सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने ।
- संस्थाले सदस्य पहिचान तथा सोको सम्पुष्टि नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्रको आधारमा गर्नु पर्ने ।
- उच्च पदस्थ व्यक्तिको पहिचान सम्बन्धी विशेष व्यवस्था गर्नुपर्नेछ। उच्च पदस्थ व्यक्तिको अभिलेख पछिल्लो पटक निज पदवाट हटेको मितिले कम्तीमा पनि दश वर्षसम्म राख्नु पर्नेछ।
- सदस्यहरुको जोखिम वर्गीकरण गरी उच्च जोखिममा रहेकाको १ बर्षमा कम्तीमा १ पटक, मध्यमस्तरको जोखिममा भएकाको २ बर्षमा कम्तीमा १ पटक र न्यून जोखिमको स्तरमा रहेका सदस्यलाई ३ बर्षको कम्तिमा १ पटक पहिचान तथा सम्पुष्टि र अध्यावधिक गर्नुपर्नेछ।

२. संस्थाले वास्तविक धनी पहिचान गर्ने, निजहरुको कारोबार अनुगमन गर्ने तथा त्यस्तो कार्य गर्ने प्रभावकारी व्यवस्था मिलाउनु पर्ने ।

३. जोखिमको आधारमा सदस्यको बृहत् पहिचानसम्बन्धी व्यवस्था मिलाउनुपर्ने ।

- संस्थाले विद्युतीय माध्यमबाट कारोबार गर्ने सदस्य र भ्रष्टचार, कर छलीलगायत अन्य आपराधिक कार्यका दृष्टीले उच्च जोखिममा रहेको सदस्य एवम् उच्च आर्थिक कारोबार गर्ने सदस्य, आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वभाविक प्रकृतिको कारोबार गर्ने सदस्यको बृहत पहिचान गर्नु पर्ने,

४. राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन, सदस्यसम्बद्ध अन्य विवरण तथा तथ्यहरु समेतको आधारमा जोखिम व्यवस्थापन गर्नुपर्ने । जोखिम मूल्याङ्कन गर्दा संस्थाले सदस्य, सेवा, भौगोलिक क्षेत्र सेवा प्रवाह गर्ने माध्यम लगायत आतंककारी कार्य वा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी जोखिमको पहिचान एवम् विश्लेषण गरि मूल्याङ्कन गर्नु पर्ने। जोखिम मूल्याङ्कन गर्नु अघि मूल्याङ्कनको पद्धति तथा वस्तुगत आधार तयार गरी सहकारी विभागमा पेश गर्नुपर्ने ।

५. सहकारी संघसंस्थाहरुले सदस्यहरुको सम्पति शुद्धीकरण निवारण सम्बन्धी विवरण अनुसूची ३ को ढाँचामा प्रत्येक वर्ष श्रावण मसान्तभित्र सहकारी विभागमा पेश गर्नु पर्ने ।

६. संस्थाले जोखिम व्यवस्थापनका लागि आवश्यक, नीतिगत, कार्यविधिगत तथा नियन्त्रणात्मक व्यवस्था मिलाउनुपर्ने । संस्थाले जोखिम मूल्याङ्कन प्रतिवेदनको आधारमा प्रत्येक आर्थिक वर्षमा जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गरी जोखिममा आधारित वार्षिक कार्ययोजना वनाई लागू गर्नु पर्ने ।

७. सहकारी संघ संस्थाले वर्ष भरी गरेका काम कारवाहीको समीक्षासहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र सहकारी विभागमा पेश गर्नुपर्ने । यसरी पेश हुने प्रतिवेदनमा:

- संस्थाले सम्पति शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि बनाए/नबनाएको,
- बनाएकोमा सो कार्यविधिमा परिमार्जन गरे/नगरेको,
- जोखिम विश्लेषण गरिएको/नगरिएको,
- गरिएको भए सो आधारमा वर्गीकरण गरिएको सदस्यहरुको संख्या,
- वित्तीय जानकारी इकाइको goAML सिस्टममा आवद्द भए/नभएको,
- आवद्द भएको भए goAML सिस्टममा पठाइएको प्रतिवेदनको संख्या,
- कार्यान्वयन अधिकारीको नाम र सम्पर्क नम्बर,
- सहकारी संस्थाको जम्मा सदस्य संख्या र सदस्य पहिचान तथा सम्पुष्टि गरिएका सदस्य संख्या लगायत संस्थाले गरेका अन्य काम कारवाही समावेश हुनु पर्ने ।

८. संस्थाले रु. १० लाख वा सोभन्दा बढीको कारोबार गर्दा सम्वन्धित सदस्य वा व्यक्तिबाट स्रोत खुलासा लिनुपर्ने,

९. सिमा कारोबारको प्रतिवेदन गर्नुपर्ने:

- एक व्यक्तिले एक दिनमा एकै पटक वा पटक पटक गरी १० लाख वा सो भन्दा बढीको नगद कारोवार गरेमा वित्तीय जानकारी ईकाईमा विवरण पठाउनुपर्ने ।

१०. शंकास्पद कारोबारको प्रतिवेदन गर्नुपर्ने:

शंकास्पद कारोवारका सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागु गर्नु पर्ने । कारोवार सम्बन्धी प्रतिवेदन आवश्यक जाँचबुझ गरी तत्काल वित्तीय जानकारी इकाईले तोकेको ढाँचामा वित्तीय जानकारी इकाईमा पेस गर्नुपर्ने । त्यस्तो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको 'STR/SAR Guidelines', 'goAML Operational Guidelines' तथा अन्य मार्गदर्शनहरुलाई आधार मान्नु पर्ने ।

संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा कारोवार तथा शङ्कास्पद कारोवारसम्वन्धी निर्देशन तथा मार्गदर्शनको पालना गर्नुपर्ने । सीमा तथा संकास्पद कारोवार/क्रियाकलापको प्रतिवेदन अनिवार्य रुपमा वित्तीय जानकारी इकाईको goAML software system बाट मात्र पेश गर्नु पर्ने । यसको लागि संघ/संस्थाहरुले आफ्नो कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा सदस्यको विवरण अद्यावधिक गरी राख्नु पर्ने ।

११. ऐन, नियमावली र यो निर्देशनवमोजिम संस्थाले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन, स्रोत समेतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सञ्चालक समितिको हुने ।

१२. ऐन, नियमावली र यो निर्देशनवमोजिम संस्थाले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न प्रमुख कार्यकारी अधिकृतले आवश्यक व्यवस्थापकीय भूमिका निर्वाह गर्नुपर्ने ।

१३. संस्थाले यस निर्देशनले तोकेका कार्यहरु गर्नको लागि कार्यान्वयन अधिकारी तोक्नुपर्ने ।

१४. संस्थाको सञ्चालक समितिले कम्तीमा छ महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशनवमोजिम भए, गरेका काम-कारवाईको समीक्षा गर्नुपर्ने ।

१५. संस्थाले आफ्ना सदस्य, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापन र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने ।

१६. संस्थाभित्र सम्पत्ति शुद्धीकरण निवारणको कार्य गर्दा सिर्जना भएका विवरण वा सूचनाहरु नियमानुसार विवरण पठाउनुपर्ने निकाय बाहेक अन्य व्यक्ति वा पक्षलाई दिन नहुने ।

१७. आन्तरिक कार्यविधिको स्वीकृत गरी लागू गर्नुपर्ने:

- सहकारी संघ/संस्थाले कानूनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसूर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा कम्तीमा एक पटक र आवश्यकता अनुसार एक पटकभन्दा बढी जोखिममा आधारित संस्थागत नीति, कार्यविधि तथा कार्ययोजना अद्यावधिक गरी सहकारी विभागमा पेश गर्नु पर्ने ।

१८. एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने:

- मन्त्रालयले स्वीकृत गरेको सहकारी विभागमा रहेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध हुनुपर्ने । विद्युत, सञ्चार वा अन्तरसञ्जाल (इन्टरनेट) सेवामा पहुँच नभएको वा दुर्गम भेगमा सञ्चालित संस्थाका हकमा त्यस्तो आवश्यकीय सेवामा पहुँच पुगेपछि आवद्ध हुनु पर्ने ।

१९. अभिलेख व्यवस्थापन गर्नुपर्ने :

- तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचना पाँच वर्षसम्म सुरक्षित राख्नुका साथै त्यसरी राखिएका कागजातहरु आवश्यक परेका बखत तत्काल फेला पार्न सकिने गरी भएसम्म विद्युतीय माध्यममा समेत विवरण राख्नुपर्ने । रु. ५ करोड वा सोभन्दा बढीको जायजेथा हुने संस्थाले अग्नि कवज (फायर प्रुफ) दराज र अन्य संस्थाले पनि यथासम्भव सुरक्षित दराजमा राख्नुपर्ने ।

२०. संस्थाले सम्पति शुद्धीकरण निवारणको क्षेत्रसंग सम्वन्धित विषयमा संस्थाका पदाधिकारी, कर्मचारी र सदस्यहरुले संस्थामा काम कर्तव्यको पालना गर्दा वा कारोबार गर्दा पालना गर्नुपर्ने सदाचार नीति तर्जुमा गरि लागु गर्नुपर्ने ।

२१. संस्थाले प्रत्येक आर्थिक वर्षको वित्तीय कारोबारको लेखापरीक्षण गराउँदा सम्पति शुद्धीकरण तथा सोसँग सम्वद्ध अन्य जोखिमको समेत ईजाजत पत्र प्राप्त स्वतन्त्र लेखापरीक्षकबाट लेखा परीक्षण गरे गराएको हुनुपर्ने ।

२२. संस्थामा सहकारी ऐन, नियम बमोजिम साधारणसभाबाट सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्दा वा उच्च व्यवस्थापन तहमा नियुक्ति गर्दा सम्पति शुद्धीकरण अपराध तथा अन्य अपराधिक गतिविधि वा सोसंग सम्वद्ध भएका व्यक्ति वा समूहको स्वामित्व, प्रतिनिधित्व वा नियन्त्रणमा संस्था नपर्ने उपयुक्त मापदण्ड र उपाय निर्धारण गरि निर्वाचन सम्पन्न गर्नुपर्ने ।

२३. सूचीकृत परिपालना परीक्षकबाट सम्परीक्षण गराई प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र ऐनको दफा ३५ड मा समावेश भएका विषयहरु समेटी परिपालना प्रतिवेदन सहकारी विभाग समक्ष पेश गर्नुपर्ने ।

२४. यस निर्देशन अनुसार सहकारी संघसंस्थाहरुले सहकारी विभागमा पठाउनु पर्ने विवरण, प्रतिवेदन तथा कार्ययोजना विभागले प्रकाशित गरेको सूचना अनुसारको माध्यम प्रयोग गरी पठाउनु पर्नेछ । सो अनुसार विभागले सूचना जारी नगरेसम्मको लागि विभागको इमेल ठेगाना amlcft@deoc.gov.np मा पठाउनु पर्नेछ ।

२५. नियामक निकायको भूमिका:

- सहकारी विभागले जुनसुकै संस्थाको जुनसुकै बखत अनुगमन निरिक्षण जाँचबुझ तथा नियमन गर्न सक्ने । अनुगमन निरीक्षण जाँचबुझ तथा नियमन टोलीले निर्धारित ढाँचामा प्रतिवेदन बुझाउनुपर्ने ।
- प्रतिवेदन बुझाउँदा संस्थाको कानुनी व्यवस्था कार्यान्वयन अवस्थाको पुष्ट्याई हुने कागजात विवरण तथा अभिलेखको प्रतिलिपी र अनुगमन चेक लिष्ट संलग्न राखी बुझाउनुपर्ने ।
- प्रदेश र स्थानीय तहमा नियामक निकायले अनुगमन निरीक्षण जाँचबुझ तथा नियमनबाट संस्थामा देखिएका कैफियतहरु बार्षिक रुपमा विभागमा पठाउनुपर्ने ।
- यस निर्देशनको व्याख्या गर्ने अधिकार रजिष्ट्रारमा रहने ।

२६. कारबाई तथा सजाय सम्बन्धी व्यवस्था :

- ऐन, नियमावली तथा यो निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने संस्था र त्यस्तो संस्थाका कर्मचारी तथा पदाधिकारीलाई ऐन बमोजिमको कारबाई हुने ।
- कारबाई गर्दा विभागले कम्तीमा १५ दिनको समय दिई ऐनको दफा ७फ. को उपदफा (५) बमोजिम स्पष्टीकरण सोध्नुपर्ने ।
- स्पष्टीकरण चित्तबुझ्दो नपाइएमा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लङ्घनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावलगायतका विषयको गाम्भीर्यका आधारमा ऐनको दफा ७फ. बमोजिम विभागले देहाय बमोजिमको कुनै वा सबै कारबाई वा सजाय गर्न सक्नेछ ।
- लिखित रूपमा सचेत गराउने ।
- बचत सङ्कलनमा सीमा तोक्ने ।
- कर्जा प्रवाहमा सीमा तोक्ने ।
- रु. १० लाख वा गाम्भीर्यको आधारमा रु. ५ करोडसम्म जरिवाना गर्ने ।
- संस्थाको दर्ता खारेजसम्मको कारबाई गर्ने ।

२७. ग्रे लिष्टबाट शीघ्र रुपमा बाहिरिन सहकारी विभागले गर्नुपर्ने क्रियाकलाप

१. सहकारीको नियमन सुपरिवेक्षणको निकायगत क्षेत्राधिकार, दायरा र सिमा सहितको जानकारीपत्र जारी गर्ने ।

२. सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षणको क्षमता अभिवृद्धि गर्न जनशक्ति र सोको क्षमता अभिवृद्धि गर्ने कार्य योजना बनाई लागू गर्ने ।

३. राष्ट्रिय परिचय पत्रको आधारमा ग्राहक पहिचान र संपुष्टी, उच्च पदस्थ व्यक्ति, वास्तविक धनी, कारोबार अनुगमन, शंकास्पद कारोबार पहिचान, लक्षित वित्तीय कारवाही, सूचक संस्थाको संस्थागत जोखिम मूल्याङ्कनको ऐन बमोजिमको समीक्षा, नियमनकारी प्रतिवेदन विद्युतिय माध्यमबाट दिने व्यवस्था लगायत पछिल्लो पटक ऐन नियममा भएका संशोधनका विषय समेटी निर्देशन जारी गरी निरिक्षण सुपरिवेक्षणमा सो विषय विशेष मूल्याङ्कन हुने व्यवस्था गर्ने ।

४. जोखिमको आधारमा स्थलगत निरिक्षण र गैरस्थलगत सुपरिवेक्षण कार्ययोजना र सुपरिवेक्षण दिग्दर्शन निर्माण गर्ने ।

५. कार्ययोजना अनुसारका सबै सूचक संस्थाको स्थलगत निरीक्षण सम्पन्न गर्ने ।

६. गैरस्थलगत सुपरिवेक्षणको नियमित प्रतिवेदन लिने र प्रतिवेदनको मूल्याङ्कनको आधारमा स्वतः स्थलगत निरीक्षण हुने नीतिगत व्यवस्था मिलाउने ।

७. सूचक संस्था र उच्च पदाधिकारी/सम्बन्धित कर्मचारीलाई कैफियत, जोखिम र जिम्मेवारीका आधारमा ऐनले तोकेको अधिकतम हदको जरिवाना समेत प्रयोगमा आउने गरी अनुपातिक, निरुत्साहनमुखी, निरोधात्मक र प्रभावकारी कारवाही गर्ने ।

८. वास्तविक धनी पहिचान मापदण्ड बनाई वास्तविक धनीको विवरण यथार्थ समयमा तत्काल अभिलेख गर्ने व्यवस्था गर्ने ।

९. सूचक संस्थालाई ईजाजतपत्र प्रदान गर्दा, धितोपत्र खरिद बिक्री र अद्यावधिक गर्दा नेपाल प्रहरीमा रहेको अपराध सूचना अभिलेखालयमा रहेको सूचनामा पहुँच कायम गरी सम्बन्धित व्यक्ति वा पदाधिकारीको Fit & Proper Test गर्ने ।

१०. आर्थिक वर्ष २०८२/८३ मा पूँजी, कारोबार र सलग्नता कारणले उच्च जोखिम क्षेत्रमा रहेका सूचक संस्थाको नियमन र निरीक्षण विशेष व्यवस्था मिलाउने ।

सहकारी विभागले उपर्युक्त १० वटा बुँदाहरुको कार्यान्वयन कार्य योजना बनाई सो अनुरुपको कार्यहरु गरिरहेको छ। साथै सोको प्रगति विवरण मासिक रुपमा सम्बन्धित निकायमा पठाउने गरेको छ । हाल सम्म सहकारी विभागबाट हुन सक्ने एकल जिम्मेवारी भित्रका सबै कार्यहरु यथासमयमै सम्पन्न गरेको अवस्था छ । विभागले चालु आर्थिक वर्षमा ५ वटा संस्थालाई रु दश लाखका दरले जम्मा रु पचास लाख जरिवाना गरेको छ। साथै २४ वटा संस्थालाई स्पष्टीकरण सोधेको तथा ४७ वटा संस्थालाई निर्देशन दिएको छ । आगामी आ व मा २०० भन्दा बढी संघ संस्थाको अनुगमन गर्ने लक्ष्य रहेको छ।

निष्कर्ष

सम्पत्ति शुद्धीकरण निवारण एक बहु आयामिक र जटिल विषय हो। कालो धनको मूल स्रोत सम्बद्ध कसूर भएकोले सर्वप्रथम त राज्यको ध्यान सम्बद्ध कसूर रोक्नमा केन्द्रीत हुनु पर्दछ । यसका साथै सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्य हुन नदिन आम नागरिक समाज सूचक संस्था नियामक निकाय अनुसन्धानकारी निकाय अभियोजनकारी निकाय न्यायिक निकाय तथा फैसला कार्यान्वयन गर्ने निकायको क्रियाशील र समन्वयात्मक भूमिका आवश्यक हुन्छ । सहकारी क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारणको लागि प्रशिक्षण प्रवर्द्धन र नियमन सम्बन्धी कार्यलाई संगसँगै अगाडि बढाउनु पर्दछ । यसको लागि सहकारी विभागमा रहेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) महत्वपूर्ण आधार बन्न सक्दछ । नियामक निकायको लागि आवश्यक पर्ने सम्पत्ति शुद्धीकरण सम्बद्ध सम्पूर्ण विवरणहरु समेत आउने गरी प्रणाली अद्यावधिक भई सबै सहकारी संघ संस्थाको विवरण कोपोमिस प्रणालीमा प्रविष्टि हुन सकेमा जोखिममा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई स्थापित गर्न सकिन्छ। प्रविधिमा आधारित नियमन गर्न सकिएमा सहकारी क्षेत्रलाई सम्पत्ति शुद्धीकरणको दृष्टिकोणले न्यून जोखिमको क्षेत्रको रुपमा स्थापित गर्न सकिन्छ ।

गतिविधि

कोशिस चौथो समूहको तेस्रो *We Can* कार्यशाला सम्पन्न

२९ भाद्र २०८२। बागमती प्रोस्कूनको आयोजना र ललितपुर महानगर, उद्योग तथा सहकारी महाशाखाको साझेदारीमा कोशिस चौथो समूहको तेश्रो We Can Workshop बागमती प्रोस्कून सदस्य सेवा कार्यालय मिनभवनमा सम्पन्न भएको छ ।

बागमती प्रदेश सरकार र बागमती प्रोस्कूनको सामूहिक अपनत्व रहेको स्तरीकरण कार्यक्रम कोशिसमा बागमती प्रोस्कून र ललितपुर महानगरपालिका, उद्योग तथा सहकारी महाशाखा बीच ललितपुर महानगरपालिका नियमन क्षेत्रभित्रका प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरुको दिगो विकास, सुशासन प्रवर्द्धन, गुणस्तरीय सदस्य सेवाको सुनिश्चितता, आन्तरिक सबलीकरण, कानुनी अनुपालना र मानव संशाधन क्षमता विकास एवम् व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यले अभियान सरकार साझेदारी मोडलमा ललितपुर महानगरपालिकाले सीफारिस गरेको ६ वटा बचत तथा ऋण सहकारी संस्थाहरु सम्मिलित चौथो समूहको तेश्रो **"सार्थक एवम् प्रभावकारी सहयोग र नविनता व्यवस्थापन कार्यशाला**/ Third Worth and Effective Cooperation And Novelty Management Workshop" आयोजक संघ बागमती प्रोस्कूनका अध्यक्ष श्री उद्धव सापकोटाज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।

नविनतम ज्ञान प्रदान गर्नुका साथै अनुभव साटासाट र कोशिस कार्यक्रम पश्चात संस्थामा भएको प्रगतिको समिक्षा गर्ने उद्देश्यले हरेक ३/३ महिनामा आयोजना हुने **"सार्थक एवम् प्रभावकारी सहयोग र नविनता व्यवस्थापन कार्यशाला**/ Third Worth and Effective Cooperation And Novelty Management Workshop" मा नविनतम विषय अर्न्तगत सहकारीको साधारण सभाको वैधानिकता (Legitimacy of General Meeting) विषयमा साधारण सभा सञ्चालनमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको निर्देशन, सहकारी बिभागले जारी गरेको निर्देशन, प्रचलित सहकारी ऐन र नियमावलीले गरेको व्यवस्थाको आधारमा साधारण सभा सञ्चालन गर्ने तरिका सम्बन्धमा संघका कार्यक्रम अधिकृत विमला पुडासैनीले अनुशिक्षण गराउनु भएको थियो भने सहभागी ६ वटै संस्थाले तीन महिना भित्रमा गरेको प्रगतिहरुको विवरण प्रस्तुत गर्नु भएको थियो । संस्थाहरुले गरेको प्रस्तुतीकरणमा सुधारात्मक पक्ष एवम् सहकारीको अशल अभ्यासहरुका सम्बन्धमा संघका व्यवसाय अधिकृत सुदर्शन दाहाल र कार्यक्रम अधिकृत विमला पुडासैनीले पृष्ठपोषण दिनु भएको थियो ।

संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा संघका उपाध्यक्ष कल्पना श्रेष्ठले सहभागीहरुलाई स्वागत गर्नु हुदै स्तरीकरण कार्यक्रम मात्र सहकारी सुधारको एक मात्र सशक्त माध्यम भएकोले कार्यक्रमले देखाएको बाटोमा कति पनि नडराई अगाडि बढ्नका लागि सहभागीहरुलाई उत्प्रेरित गर्नु भएको थियो ।

सदाझैं सुधारको लागि साझा संकल्प पारित भएसँगै संघका प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहालले कार्यक्रम उद्देश्य अनुसार संस्थाहरुले कार्यक्रमका सूचक पूरा गर्नका लागि गर्नु पर्ने मेहनत र त्यागका विषयमा प्रष्ट पार्नुहुदै साकोसका सञ्चालक र व्यवस्थापन प्रतिवद्ध रहे संस्थाको स्तर उन्नती गर्न सकिने भएकोले संस्था सञ्चालनका लागि प्रोस्कूनले उपलब्ध गराएको नमूनाको आधारमा पर्याप्त नीति कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नुका साथै प्रचलित ऐन, कानुन, नियामकहरुको निर्देशनलाइ शिरोपर गरी मार्गनिर्देश गर्नु हुदै सम्पन्न भएको कार्यक्रमले आगामी कार्यशाला मंसिर २८ गते पुनः बागमती प्रोस्कूनको आयोजनामा गर्ने निर्णय गर्दै समापन भएको थियो ।

अनुभूति : सुशासनमा बागमती प्रोस्कून

तेजेन्द्रबहादुर खड्का
सल्लाहकार

जतिबेला सहकारीलाई बुझ्ने अवसर पाएँ सोहीबेला देखि नै “सहकारीको अपरिहार्यता सुशासन, इमान्दारिता र पारदर्शिता” भन्ने आदर्श वाक्य सुन्दै आएको हुँ । कुनै पनि संस्था सुशासन विना सञ्चालन हुन सक्दैन । अझ नेतृत्व गर्ने जिम्मेवारी लिएको संगठन झनै सुशासन र इमान्दार हुन आवश्यक हुन्छ । जो आफै सुशासनमा चलेको हुँदैन उसले अरुलाई नेतृत्व दिने अधिकार पनि राख्दैन । त्यसैले सहकारीमा सुशासन, इमान्दारिता र पारदर्शीता जरुरी छ । नेतृत्व इमान्दार हुनुपर्छ, पारदर्शी हुनुपर्छ दैनिक व्यवस्थापकीय जिम्मेवारी लिने व्यवस्थापन टीम झन इमान्दार हुनैपर्छ र यसो भन्दा के सदस्यहरु इमान्दार हुनु पर्दैन ? पक्कै पर्छ । सदस्य इमान्दार हुनु भनेको संस्थाको साधारण सभा, अन्य क्रियाकलापमा भाग लिने, संस्थाको आर्थिक गतिविधिमा भाग लिने, संस्थाको बारेमा जानकारी लिने र सकारात्मक बन्ने, सही नेतृत्व छनोट गर्ने, लिएको ऋणको सदुपयोग गर्ने, उत्पादनमा लाग्ने र सहकारीमा तिर्न बुझाउनुपर्ने ऋण ब्याज लगायतका दायित्व समयमा नै पुरा गर्नु हो । यी तिनै पक्षहरुको एकताबाट सञ्चालन गरिने सहकारी संस्था मात्र उत्कृष्ट संस्था बन्दछ । त्यसैगरी सहकारी संस्था पारदर्शी पनि हुनु आवश्यक छ । भित्र जस्तो छ बाहिर त्यस्तै देखिनु पर्दछ । कतिपय संस्थाहरुले भित्र जस्तो छ बाहिर त्यस्तै नगरेकै कारण संकटमा परेका पनि छन् । त्यसैले सहकारी सुशासन इमान्दार, पारदर्शी भएमा मात्र दीगो र भरपर्दो हुन सक्छ ।

बेलायतबाट सहकारी अभियान शुरुवात भयो । सो को ११२ बर्ष पछि वि.सं.२०१३ सालमा नेपालको सहकारी अभियानले औपचारिकता प्राप्त गऱ्यो । वि.सं. २०४८ साल अघि सहकारिताको बारेमा आम जनतामा त्यति चासो थिएन । सहकारी ऐन २०४८ जारी भएपछि भने देशमा सहकारी संघ संस्थाहरु खोल्ने लहर शुरु भयो । सहकारीताको बारेमा छलफल र बहसहरु हुन थाले । यद्यपी यो पंक्तिकारले वि.सं.२०४२ सालमा सहकारी विभाग अन्तर्गत जिल्ला सहकारी कार्यालयमा कार्यरत भएपछि मात्र सहकारीको बारेमा अवगत हुने अवसर पाएको थियो । सहकारी विभाग अन्तर्गत रहेर सहकारी सम्बन्धी तालिम प्राप्त भएपछि सहकारिताको बारेमा जान्ने र बुझ्ने मौका मिल्यो । हामी केही व्यक्तिहरु मिलेर वि.सं.२०५१ मा चितवन जिल्लाको साविक भरतपुर नगरपालिका वडा नं. ११ मा दीपज्योति नाम राखि बचत तथा ऋणको प्रारम्भिक संस्था गठन गऱ्यौं, साथै जिल्लामा कतिपय संस्थाहरु खोल्न उत्प्रेरित गर्नुको साथै संस्था खोल्न आवश्यक विनियम लगायतका कागजातहरुको नमूना तयार गरिदिने, सहकारी सम्बन्धी तालिम प्रशिक्षणहरु संचालन गर्ने कार्य समेत गरियो । यसै क्रममा म लगायत श्री सोमराज खनिया, श्री नवराज सापकोटा, श्री शान्ति अधिकारी, श्री मिना खरेल लगायत मिलेर चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ स्थापना गरियो ।

नेपालको संविधान २०७२ पछि राज्यको पुनसंरचना सँगसँगै सहकारी ऐन २०७४ जारी हुन पुग्यो र अभियानमा पनि नयाँ संरचना थपियो । सो भन्दा अघि मुलुक मै प्रदेश संरचना थिएन । सोही क्रममा बागमती प्रदेश बचत तथा ऋण सहकारी

> सहकारीमा देखा परेको मुख्य चुनौति आन्तरिक सुशासनको कमी नै हो। जुन संस्थामा सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई अवलम्वन गरिदैन, कानुनको पालना गरिदैन त्यो संस्थामा सुशासन हुँदैन। त्यस्ता संस्थाहरु नै समस्याग्रस्त देखिएका छन्।

संघ (बागमती प्रोस्कून) गठन गर्न सहकारी अभियानका अग्रजहरुले प्रस्ताव ल्याउनुभयो । सो समयमा म चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (चिस्कून) को अध्यक्षको जिम्मेवारीमा रहेको थिएँ । यसरी बचत तथा ऋणको प्रदेश संघ गठन गर्ने प्रकृयामा संलग्न हुने अवसर प्राप्त भयो । बागमती प्रदेश भरिका बचत तथा ऋण सहकारी संस्थाहरुको छाता संगठनको रुपमा मिति २०७७ साउन १३ गते बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (बागमती प्रोस्कून) को विधिवत दर्ता भई सञ्चालनमा आयो । चितवन जिल्ला बचत तथा ऋण सहकारी संघबाट प्रतिनित्वि गर्दै स्थापनाकालको तदर्थ सञ्चालक समितिमा र सो पछि सम्पन्न प्रारम्भिक साधारण सभाद्वारा गठित सञ्चालक समितिमा समेत सदस्य पदमा रही बागमती प्रोस्कूनमा काम गर्ने अवसर प्राप्त भयो । यद्यपी वि.सं. २०४२ साल देखि सहकारी अभियानमा रहेको मेरो यात्रा निरन्तर कायम छ । बागमती प्रोस्कूनमा सञ्चालक समितिको नेतृत्वमा श्री उद्धव सापकोटा (ज्योति मिमिरे सामूहिक साकोस पनौती काभ्रे) बाट हुनुहुन्छ भने सञ्चालक समिति र लेखा सुरपरिवेक्षण समितिका बागमती प्रदेशका १३ वटै जिल्लाका सहकारी अभियानकर्मीहरुको सहभागिता रहेको छ । संघको व्यवस्थापन टीमको नेतृत्व बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) मा समेत वरिष्ठ अधिकृत तहको जिम्मेवारी लिइ सक्नु भएका श्री केशवप्रसाद दाहालले गर्नु भएको छ । सक्षम नेतृत्व र कुशल व्यवस्थापनको कारण यति छोटो अवधीमा नै बागमती

प्रोस्कूनले प्रदेश भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको मन जित्न सफल भएको छ । बागमती प्रोस्कूनले सहकारी संस्थामा सुशासन कायम गर्न, सहकारीका अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तको अनुशरण गर्न, राज्यद्वारा जारी कानुनको पूर्ण पालना गर्नमा जोड दिँदै आएको छ । सहकारी अभियानलाई सुदृढ बनाउन बागमती प्रदेश सरकारको सहकारी मन्त्रालयसँग समेत बहस पैरवी र सहकार्य समेत गर्दै आएको छ ।

२०५१/०५२ साल तिर सरकारले "गाउँगाउँमा सहकारी घरघरमा रोजगारी" जस्ता आकर्षक नाराहरु अघि ल्यायो र सहकारी संस्थाहरु खोल्न उत्प्रेरित गर्‍यो । यस अवधीमा देशभर करिब ३२ हजार सहकारी संस्थाहरु खोलिए । ती मध्ये १४ हजार भन्दा बढी बचत तथा ऋण सहकारी संस्थाहरु रहेका छन् भने अन्य विषयका अधिकाँश सहकारी संस्थाहरुले समेत बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएका छन् । यसरी हेर्दा सहकारी क्षेत्रमा बचत तथा ऋणको कारोबार मुख्य रहेको छ । बागमती प्रदेशका १३ जिल्लाहरुमा करिब १० हजार ५ सय सहकारी संघ संस्थाहरु क्रियाशिल रहेका छन् । सहकारी विभागका अनुसार उक्त संस्थाहरुमा २७ लाख भन्दा बढी सदस्यहरु आवद्ध रहेका छन् । बचत तथा ऋण सहकारी संस्था मात्रै करिब ४८०० जति छन् । आवद्ध सदस्यहरुमध्ये करिब ५४ प्रतिशत महिला सदस्यहरु रहेको छन् । यति ठूलो संख्या र ठूलो कारोबार रहेको सहकारी अभियानमा समस्या बढ्दै जानु चिन्ताको विषय हो । सहकारीमा देखा परेको मुख्य चुनौति आन्तरिक सुशासनको कमी नै हो । जुन संस्थामा सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई अवलम्वन गरिदैन, कानुनको पालना गरिदैन त्यो संस्थामा सुशासन हुँदैन । त्यस्ता संस्थाहरु नै समस्याग्रस्त देखिएका छन् । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी क्षेत्रमा केही वर्षदेखि संकट देखिन थालेको छ । यस संकटले सहकारी अभियानमा थप चुनौतिहरु बढेका छन् । केही संस्थाका सञ्चालक तथा कर्मचारीहरुले सदस्यको बचत रकम अपचलन गरे, सुरक्षित लगानी गरेनन् र सुशासनमा सञ्चालन गरेनन् ती संस्थाहरु जोखिममा परे । भनिन्छ आज ती संस्थाहरुको कारण जनताका अर्वौ रकम जोखिममा छ । यसले जनतामा सहकारी प्रतिको विश्वासमा ह्रास आएको छ । कतिपय सहकारी संस्थाहरुको नेतृत्व स्वार्थी व्यक्तिहरुको हातमा पुगेको कारण पनि सहकारी अभियान संकटमा परेकोछ । यस्तो परिस्थिति बीच बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (बागमती प्रोस्कून) ले आफूलाई सहकारी अभियानको भरपर्दो छाता संगठनको रुपमा उभ्याउन सफल भएको छ ।

यस संघले सदस्य संस्थाहरुमा सुशासन कायम गर्न, सदस्य सुरक्षालाई प्राथमिकता दिन र अभियानलाई सुदृढ बनाउन योजनाबद्ध कार्यक्रमहरु अघि सार्‍यो । सहकारी संस्थालाई गुणस्तरीय बनाउन "कोशिस" कार्यक्रम सञ्चालनमा ल्यायो । प्रारम्भिक संस्थाहरुलाई सुशासन कायम गर्न विभिन्न तालिम कार्यक्रम आयोजना गर्‍यो । यस अलावा सदस्य संघ संस्थाहरुको सघन अनुगमन गर्ने र सम्वन्धित संस्थालाई सुझाव तथा मार्गनिर्देशन गर्ने कार्य समेत गर्दै आएको छ । यसबाट सहकारी संघ संस्थाहरुको कमजोरीलाई समयमा नै पत्ता लगाई सुधार गर्ने अवसर प्राप्त भएको छ । बागमती प्रोस्कूनले प्रारम्भ देखि नै "सुशासन आफैंबाट सुरु गर्नुपर्छ" भन्ने मान्यताका साथ पहिलो अनुगमन संघको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिमा प्रतिनिधित्व गर्ने सदस्य संघ संस्थाहरुबाट नै गरी सुधार अभियानको थालनी गरेको थियो । सञ्चालकहरु बीच "स्वार्थको द्वन्द" (Conflict of Interest) नहोस् भन्नाको लागि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको पदाधिकारी र सदस्यको लागि न्यूनतम मापदण्ड र योग्यता निर्धारण गर्नुको साथै सञ्चालक र कर्मचारीहरुको आचार संहिता निर्माण गरी पूर्णरुपमा कार्यान्वयनमा ल्याएको छ । यस संघका सञ्चालकहरु मात्र होइन यसमा कार्यरत व्यवस्थापन टीम समेत पूर्ण इमान्दारिताका साथ जिम्मेवारी निर्वाह गर्दै आउनुभएको छ । सहकारी संस्था समुदायमा आधारित र सदस्य केन्द्रीत हुनुपर्छ । यस मान्यतालाई पालना गराउन बागमती प्रोस्कून प्रतिवद्ध रहेकोछ । साथै सहकारी अभियानलाई सुदृढ बनाउन राज्यद्वारा गर्नुपर्ने जिम्मेवारी वा दायित्वलाई पालना गराउन यस संघले प्रारम्भ देखि नै भूमिका खेल्दै आएको छ । स्थापनाको पहिलो वर्ष देखि नै व्यवसायिक रणनीति तयार गरी कार्यान्वयन गर्दै आएकोछ । संघले अंग्रेजी A देखि Z सम्मका अक्षरको आधारमा कार्यक्रम तर्जुमा गरी संघ आफैं र सदस्य संस्थाहरुलाई समेत सुदृढ तुल्याउन प्रयत्नशिल छ । यस बीचमा संघले दोस्रो व्यवसायिक रणनीतिक योजना समेत तर्जुमा गरि सकेको छ भने तर्जुमा गरेको रणनीतिलाई कार्यान्वयन गर्न संघको व्यवस्थापन टीम प्रतिवद्ध रहेको देखिन्छ । छोटो अवधीमा नै बागमती प्रोस्कून बागमती प्रदेश भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको विश्वासिलो अभिभावक संस्थाको रुपमा आफूलाई उभ्याउन सफल भएको छ । यसबाट सहकारी अभियानलाई नै टेवा पुग्न गएको छ । यस संघको वार्षिक साधारण सभाको अवसरमा पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

सहकारीमा सम्पत्ति शुद्धीकरण निवारण अभिमुखिकरण कार्यक्रम सम्पन्न

३० असोज २०८२ । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. को सहकारीमा सम्पत्ति शुद्धीकरण निवारण अभिमुखिकरणको आयोजना तथा काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि, को व्यवस्थापनमा, काभ्रेपलाञ्चोक बनेपा स्थित जिल्ला बचत तथा ऋण सहकारी संघको सभाहलमा सम्पन्न भएको थियो ।

बागमती प्रोस्कूनमा आवद्ध काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाका सदस्य सहकारी संस्थाहरु लक्षित उक्त कार्यक्रम सम्पत्ति शुद्धीकरण निवारण (Anti money laundering) ऐन कार्यन्वयन गर्नका लागि सहकारी विभागले जारी गरेको निर्देशन अनुसार सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रम संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा र काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष श्री उदयराम कायस्थको उपस्थितिमा सम्पन्न भएको थियो ।

सहकारीमा सम्पत्ति शुद्धीकरण निवारण (Anti money laundering) का सन्दर्भमा सहकारी संस्थाले पालना गर्नु पर्ने विषयवस्तुहरु र कार्यन्वयन गर्ने तरिकाको सम्बन्धमा संघका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहाल र कार्यक्रम अधिकृत विमला पुडासैनीले सहजीकरण गर्नु भएको थियो ।

सो कार्यक्रममा कार्यक्रम व्यवस्थापन गर्ने संघको तर्फबाट उदयराम कायस्थले राज्यलाई ग्रे लिष्टबाट हटाउन सकिने हुँदा देशलाई ग्रे लिष्टबाट सुरक्षित राख्न हामी सबैको अहम भुमिका खेलौं भन्ने आव्हान गर्नु भएको थियो भने अध्यक्षताको आसनबाट संघका अध्यक्ष उद्धव सापकोटाले सम्पत्ति शुद्धीकरण निवारण (Anti money laundering) संस्थाले अनिवार्य गर्नुपर्ने विषय रहेको र सहकारी विभागले सम्पत्ति शुद्धीकरणका विषयमा अनुगमन गर्ने र संस्थालाई कानुन बमोजिमको कारवाहि गर्ने हुदाँ संस्थाहरुले बेलैमा सुसुचित भई सम्पत्ति शुद्धीकरण निवारण कार्यन्वयन ऐन पूर्ण रुपमा पालना गर्दै संस्थाको जोखिमलाई नियन्त्रण गर्नका लागि सचेत भई आन्तरिक कार्यविधी बनाई कार्यन्वयन गर्नुहुन सहभागी सबैलाई अनुरोध गर्नुभएको थियो ।

निशुल्क रुपमा आयोजित उक्त कार्यक्रममा जिल्ला बचत संघका प्रमुख कार्यकारी अधिकृत गुरुप्रसाद ढकालको उपस्थिती रहेको कार्यक्रमको सञ्चालन संघका व्यवसाय अधिकृत सुदर्शन दाहालले गर्नुभएको थियो । कार्यक्रममा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका २६ वटा सहकारी संस्थाबाट २८ जनाको सहभागिता रहेको थियो ।

कोशिस तेश्रो समूहको तेश्रो *We Can* कार्यशाला सम्पन्न

३० भाद्र २०८२ । बागमती प्रोस्कूनले विकास गरेको संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस)/Cooperatives self-regulation program for Organizational sustainability and Institutionalized Services (COSIS) कार्यक्रममा सहभागी तेश्रो समूहको प्रत्येक ३/३ महिनामा हुने सार्थक एवम् प्रभावकारी सहयोग र नविनता व्यवस्थापन कार्यशाला (Third Worth and Effective Cooperation And Novelty Management Workshop) संघको सदस्य सेवा कार्यालय मिनभवनमा सम्पन्न भएको छ ।

बागमती प्रदेश सरकार र बागमती प्रोस्कूनको सामूहिक स्वामित्व रहेको कोशिस कार्यक्रममा आबद्ध गराई सरकार र अभियानको साझा प्रयास मार्फत सहकारी संस्थाहरुको दिगो विकास, सञ्चालक र कर्मचारीहरुको क्षमता विकास, सुशासन प्रवर्द्धन र सदस्य सेवाको गुणस्तरीयता वृद्धिका लागि बागमती प्रोस्कून र ललितपुर महानरपालिका बीच सम्झौता गरी महानगरको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुको सुधार गर्ने सामूहिक प्रयासको उपज तेश्रो समूहमा ७ वटा सहकारी संस्थाहरुलाई आबद्ध गराई Close monitoring मा राखेर सुधारका गतिविधीहरु आरम्भ गरिएको छ ।

संघका उपाध्यक्ष श्री कल्पना श्रेष्ठज्यूको अध्यक्षता, ललितपुर महानगरपालिका सहकारी महाशाखा प्रमुख दयाराम खत्रीको आतिथ्यतामा तेस्रो समूहमा आबद्ध ७ वटै सहकारीका अध्यक्ष लगायत पदाधिकारी, व्यवस्थापक र प्रतिनिधिहरुको उपस्थितीमा सम्पन्न कार्यक्रममा संघका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रम व्यवसाय अधिकृत सुर्दशन दाहालले गर्नु भएको थियो ।

कोशिस कार्यक्रममा आबद्ध साकोसहरुको क्षमता अभिवृद्धि गराउने उद्देश्य स्वरुप हरेक We Can Workshop मा समसामयिक विषयमा अनुशिक्षण गर्ने कार्यतालिका अनुरुप बागमती प्रोस्कूनका कार्यक्रम अधिकृत विमला पुडासैनीले साधारण सभाको वैधानिकता (Legitimacy of General Meeting) सँग सम्बन्धित भई साधारणसभाको कार्यप्रक्रिया र बैधानिकता विषयमा अनुशिक्षण गराउनुभएको कार्यक्रमको दोश्रो चरणमा ७ वटै संस्थाले कोशिस कार्यक्रमको सूचकमा आधारित भई संस्थाको अवस्था सहितको प्रगति प्रस्तुति राख्नुभएको थियो भने प्रस्तुतीमा देखिएका सुधारात्मक पक्षहरुमा व्यवसाय अधिकृत शुर्दशन दाहाल र कार्यक्रम अधिकृत विमला पुडासैनीले पृष्ठपोषण गर्नु भएको थियो ।

उक्त समूहको आगामी चौथो कार्यशाला बागमती प्रोस्कूनको आयोजनामा मिति २०८२ पौष ६ गते आइतवारका दिन आयोजना गर्ने निर्णय सहित समापन भएको थियो ।



जीवनी

नेपालको सहकारी अभियानमा कैलाशभक्त प्रधानाङ्गलाई सम्झदा

शिव अधिकारी
सहकारी विज्ञ
पूर्व का.मु. प्रमुख कार्यकारी अधिकृत
नेफस्कून

कैलाशभक्त प्रधानाङ्ग नेपालको बचत तथा ऋण सहकारी अभियानको सुप्रसिद्ध नाम हो। आफ्नो कर्मले सहकारी अभियानमा अमिट छाप छोड्ने प्रधानाङ्ग भक्तपुर जिल्लाको नगदेशमा वि.सं १९९६ साल साउन १८ गते पिता चन्द्रभक्त प्रधानाङ्ग र माता श्रवण कुमारी प्रधानाङ्गको कोखबाट जन्मनु भएको थियो। बिए सम्मको अध्ययन पूरा गर्नु भएको प्रधानाङ्गको सामाजिक र पारिवारिक जीवन सबैका लागि अनुसरण योग्य रहेको छ। धर्मपत्नी, २ छोरा र १ छोरीको सानो सुन्दर परिवारको नेतृत्वकर्ता प्रधानाङ्गले आफ्नो सम्पूर्ण जीवन शिक्षा र सहकारी क्षेत्रको अलवा सामाजिक र राजनीतिक क्षेत्रमा बिताएर २०८१ फाल्गुण २३ गते भौतिक शरीर त्याग गरी महाप्रस्थान गर्नु भयो।

आदर्श माध्यमिक विद्यालय ठिमीका संस्थापक सदस्य, त्यसपछि सचिव हुँदै प्रधानाध्यापक, गणेश माध्यमिक विद्यालय नगदेशको व्यवस्थापन समितिको अध्यक्ष (वि.सं २०१९ सालदेखि निरन्तर) वि.सं २०३७ सालबाट सिद्धि गणेश माध्यमिक विद्यालय (बिहान) को व्यवस्थापन समिति संस्थापक अध्यक्ष, रात्री माध्यमिक विद्यालय (सिद्धिदास मा.वि.) को व्यवस्थापन समितिको संस्थापक सचिव तथा प्रधानाध्यापक र सोही विद्यालयको वि.स २०३६ साल देखि अध्यक्ष, विनायक शिक्षा निकेतन इङ्गलिस सेकेण्डरी स्कुलको संस्थापक सदस्य , जिल्ला शिक्षा समिति भक्तपुरको सदस्य (वि.सं २०४१ असार २९ देखि वि.सं २०४४ सम्म) हिमालय उच्च माध्यमिक विद्यालय काठमाडौंको व्यवस्थापन समितिको सदस्य समेत गरी शैक्षिक क्षेत्रलाई उज्यालो बनाउन उहाँले खेल्नु भएको भूमिका सदैव भक्तपुरले सम्झने छ।

त्यसैगरी मध्यपुर कला परीषद्को सल्लाहकार, २०३२ साल देखि आजिवन आदर्श युवक क्लबको अध्यक्ष, भक्तपुर अस्पताल विकास समितिको अध्यक्ष (२०६१-२०६३), नगदेश कला संस्कृति विकास समाजको संस्थापक अध्यक्ष, सहयोगी आँखा उपचार सेवा केन्द्रको संस्थापक अध्यक्ष (२०५५ देखि हालसम्म), जेष्ठ नागरिक सेवा उप समितिको संयोजक (२०६१-०६३ र २०६६ देखि हालसम्म), नेपाल बाल संगठन जिल्ला कार्य समिति भक्तपुरको आजिवन सदस्य एवम् उपाध्यक्ष (वि.सं २०४४-२०४८), विकास निकाय संघ नेपाल (ADAN) का उपाध्यक्ष (२०४९-२०६३), २०५५ सालबाट न्हुदं सिरपा समितिको कोषाध्यक्ष, नेपाल क्षयरोग निवारण संघ जिल्ला कार्य समिति भक्तपुरको सदस्य (वि.सं २०३९-२०४५ सम्म), नेपाल रेडक्रस सोसाईटीको आजिवन सदस्य, नेपाल परिवार नियोजन संघको आजिवन सदस्य, वि.सं २०५५ सालदेखि थिमि कला परीषद्को कार्य समितिको सदस्य, नेपाल फण्ड रेजिङ्ग ग्रुप (NFRG) का सदस्य र अन्तर्राष्ट्रिय युवा वर्ष २०४१ राष्ट्रिय समिति नेपालको युवा स्वंयमसेवक कार्यक्रम उपसमिति सदस्य बनि समाजका लागि उहाँले योगदान गर्नु भएको थियो।

२४ वर्षको उर्जाशिल उमेरमा सहकारी क्षेत्रमा प्रवेश गर्नु भएको प्रधानाङ्गले आफ्नो जीवनको अन्तिम घडीसम्म पनि यो क्षेत्रलाई उत्तिकै माया गर्नु भयो। २०२० सालबाट सिद्धि गणेश बहुउद्देश्यीय सहकारी संस्था नगदेशको सचिवबाट शुरु गर्नु भएको

सहकारी यात्रा जिल्ला सहकारी संघ भक्तपुरको सचिव (२०२३-२०२४), जिल्ला सहकारी संघ भक्तपुरको सदस्य (२०४७), जिल्ला सहकारी संघ लि.को सल्लाहकार (२०६७ देखि), सिद्धि गणेश बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालक (२०४७-०५०), नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) को लेखा सुपरिवेक्षण समितिको सदस्य (२०४८ माघ ११-२०५० फाल्गुण १०), नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) को अध्यक्ष (२०५० फागुन ११ - २०६४ मंसिर १६), राष्ट्रिय सहकारी संघको सञ्चालक (२०५३ देखि २०६४), राष्ट्रिय सहकारी विकास बोर्डको सञ्चालक (२०५७ जेष्ठ ११-२०५९ जेष्ठ १० र २०६१ आश्विन २५ - २०६३ आश्विन २४) र स्थापनाकालदेखि अर्थात बि.सं २०४८ सालबाट सहयोगी बचत तथा सेवा केन्द्र सहकारी संस्थाको अध्यक्ष रही सहकारी क्षेत्रमा महत्वपूर्ण निर्वाह गर्नु भएको थियो ।

राजनीतिक र संसदीय फाँटबाट पनि उहाँले नेतृत्व सम्हालेको इतिहास पाइन्छ । राजनीतिक रुपमा नेपाल युवक संगठनको जिल्ला कार्यसमितिको सदस्य (२०१९-२०२२), नेपाल युवा संगठनको जिल्ला कार्यसमिति अध्यक्ष (२०२३ करिब एक दशक) नगदेश गाउँ पञ्चायत भक्तपुरको सदस्य (२०२३ -२०३२), भक्तपुर नगर पञ्चायतको सदस्य (२०२४ मंसिर ४-२०३० श्रावण १७), गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिको सदस्य (२०३३-२०३६), भक्तपुर जिल्ला पञ्चायतको सदस्य (२०३९-२०४६), नेपाल प्रौढ संगठन केन्द्रीय कार्य समितिको कोषाध्यक्ष (२०४४ मंसिर ४-२०४६), जिल्ला विकास समितिको सदस्य (२०४८-२०५३), मध्यपुर ठिमी नगरपालिकाको वडाध्यक्ष (२०५४ जेष्ठ १५-२०५९ असार ३२) नेतृत्व गरी आफ्नो जिल्ला र स्थानीय क्षेत्रमा आफ्नो अमिट छाप छोड्न सफल हुनुहुन्छ ।

स्व. प्रधानाङ्गका सहकारी सम्बन्धी कृतिहरु :

नेपालमा सहकारी ऐनहरूको विकास, सहकारीको झण्डा, सहकारीमा गैर सहकारी शब्दहरूको प्रवेश, सहकारीको साधारणसभा रहेका छन ।

विदेश भ्रमण

सबैभन्दा पहिले सन् १९७० नोभेम्वरमा सिङ्गापुरमा Youth and Family Planning Seminar मा सहभागिता जनाउनु भएको प्रधानाङ्गले भारत, बंगलादेश, जापान, फिलिपिन्स लगायत विश्वका ५० भन्दा बढी मुलुकमा भ्रमण गर्नुभएको थियो ।

ऊहाँले प्राप्त गर्नु भएको पदक, विभुषण, सम्मान

उहाँले राज्यमा गरेको योगदानको कदर स्वरुप राज्यका विभिन्न निकायबाट सम्मानित हुनु भएको थियो । उहाँले राजा विरेन्द्रबाट शुभ राज्यभिषेक पदक-२०३१, शुभ राज्याभिषेक युवा महोत्सव स्वर्ण पदक-२०३१, शिक्षा मन्त्रालयबाट राष्ट्रिय शिक्षा पदक-२०४१, दैवी प्रकोप पीडित उद्दार पदक-२०४५, गद्दी आरोहणको रजत महोत्सव पदक-२०५३, जनसंख्या तथा वातावरण मन्त्रालयबाट विश्व वातावरण दिवसमा पुरस्कृत-२०५४ (नगद र कदरपत्रबाट पुरस्कृत), प्रवल गोरखा दक्षिण बाहु-२०५७, गणेश मा.विको अध्यक्षको हैसियतमा शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्रशंसा पत्र (२०५८), विरेन्द्र ऐश्वर्य सेवा पदक-२०५९, शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्रशंसा पत्र-२०६९, नेपाल सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले स्थापना गरेको अक्षेरुपी एकलाख नगद सहितको पुरस्कार-२०७४ चैत्र २० (प्रधानमन्त्रीको बाहुलीबाट), २९औं अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसको उपलक्ष्यमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट स्थापना गरिएको एकलाख नगद धनराशि सहितको पुरस्कार-२०७६ आश्विन १४ (राष्ट्रपतिको बाहुलीबाट), प्राप्त गर्नुभएको थियो भने धेरै सहकारी संघ/संस्थाहरु लगायत अन्य निकायहरुबाट सम्मान साथै नगद पुरस्कार प्राप्त गर्नुभएको थियो । ऊहाँले प्राप्त गर्नु भएको अधिकाँश नगद पुरस्कार र केहीमा आफुले समेत थप गरेर सम्बन्धित संघ/संस्थाहरुमा नै गरिब, न्यून आय र विपन्न सदस्य लक्षित कार्यक्रममा खर्च गर्ने गरी जम्मा गरिदिने उहाँको परम्परा रहेको थियो । त्यस्तै नेपाल सरकारबाट प्राप्त नगद पुरस्कारहरु र अन्य केही संस्थाहरुबाट प्राप्त नगद रकमबाट अक्षय कोष स्थापना गरि सोही कोषबाट विभिन्न विधामा खाशगरी सहकारी क्षेत्रमा उत्कृष्ट कार्यगर्ने व्यक्तिहरुलाई पुरस्कार प्रदान गर्नुभएको इतिहाँस रहेको छ ।

अध्ययन, खोज, अनुसन्धान र लिखित प्रमाणहरुका आधारमा आफ्ना विचारहरु प्रस्तुत गर्ने प्रधानाङ्गले नेपालमा सहकारी स्थापनाको इतिहाँसका सबालमा राज्यलाई सप्रमाण नेपालमा वि.स २००० साल भाद्र महिनामा काभ्रेको बनेपामा राजदाश बादेको नेतृत्वमा ल्याण्ड मोर्टेज बैंक एण्ड कोओपरेटिभ सोसाइटी गठन भएकोले सोही मितिलाई नेपालमा सहकारी शुरु भएको मिति राख्नका लागि सरकारलाई अनुरोध गर्नु भएको थियो तर राज्यले वि.सं २०१३ साल चैत्र २० गतेलाई नै सहकारी स्थापना दिवस मानिरहेको छ ।

२०२० साल देखि २०८२ साल अर्थात जीवनको ६२ वर्ष सहकारीमा खर्चिनु भएका प्रधानाङ्गले जीवनको अन्तिम घडी सम्म पनि सहकारीले ग्रामीण क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था सुधार गर्नु पर्दछ भन्ने आदर्श बोक्नु हुने प्रधानाङ्गले सहकारी संस्थाहरु ठूलो भन्दा पनि सुशासित हुनु पर्दछ र सहकारीका हरेक क्रियाकलापले प्रत्येक सदस्यलाई छुनु पर्छ भन्ने बिचार व्यक्त गर्नु हुँदै खासमा सदस्यको हित गर्ने संगठन मात्रै सहकारी हुन भन्ने धारणा राख्नुहुन्थ्यो । त्यसैले सहकारी सदैव समुदायमा आधारित र सदस्यमा केन्द्रीत हुनुपर्दछ भन्नुहुन्थ्यो ।

प्रधानाङ्ग सहकारीकर्मी मित्रहरुलाई आफ्नै घरको परिवारको रुपमा व्यवहार गर्ने, गरिब जनताको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण गर्न कोहीसँग सम्झौता नगर्ने सहकारीमा राजनीति गर्नु हुँदैन भन्ने र सहकारीमा राजनीति भयो भनेर तिखो प्रहार गर्ने व्यक्ति हुनुहुन्थ्यो । प्रायः जसो राजनैतिक व्यक्तिहरुको प्रवेशले सहकारी क्षेत्रलाई दुषित बनाएको छ, सहकारी संघ संस्थाहरुमा सहकारी बुझेका व्यक्तिहरु भन्दा पनि राजनीतिक पार्टिले आफ्ना नेता तथा आसेपासेलाई टिकट दिने पद्धतिले गर्दा विकृति फैलिएको चिन्तन गर्नुहुन्थ्यो, सहकारीमा राजनीति हावी भएको हुँदा सहकारी दुर्घटनामा पर्न सक्दछ भनेर सार्वजनिक ठाँउमा पटक पटक बोल्नुहुन्थ्यो साथै लेख्नु पनि हुन्थ्यो ।

सहकारीमा अहोरात्र खट्ने व्यक्तिलाई आर्थिक रुपमा समस्या पऱ्यो भने हल गर्न सधै तत्पर रहनुहुन्थ्यो । आर्थिक, भौतिक लगायत हर किसिमिका सहयोग गर्न पनि सधै अगाडि हुनुहुन्थ्यो, कुनै दुर्गम क्षेत्रमा सहकारीका सदस्यहरुका बच्चावच्चीहरुलाई केन्द्रीत गरेर छात्रवृत्ती र स-सानो भएपनि सहयोग गर्नु हुन्थ्यो ।

प्रधानाङ्गका "सहकारीको अपरिहार्यता ईमान्दारीता र पारदर्शिता" र "सहकारीकर्मिको पहिचान स्वावलम्वी र स्वाभिमान" जस्ता अनेकन महत्वपूर्ण भनाइले नेपालको सहकारी अभियानमा स्थान ओगटेका छन् । गरिबका लागि सहकारी भन्ने तथ्य प्रमाणित गर्न नेफस्कूनको अध्यक्ष पदमा रँहदा प्रधानाङ्गले दुर्गम क्षेत्र विकास कोषको स्थापना गरि उक्त कोषबाट दुर्गम क्षेत्रका सहकारी प्रर्वद्धनका कार्य गर्ने योजना समेट्नु भएको थियो भने उक्त कोषबाट शुरुमा हुम्लामा केही रकम स्थानीय सहकारीलाई सहयोग स्वरुप पठाइएको थियो ।

सहकारीको नेतृत्व पूर्ण स्वयमसेवी हो भन्ने प्रधानाङ्गको भावना रहेको थियो त्यसैले नेफस्कूनको अध्यक्षको जिम्मेवारीमा रहँदा उहाँले कुनै सेवा सुविधा लिनु भएन तर उहाँको कार्यकालको अन्तिम तिर सायद २०६३ सालमा क्यानेडिएन परियोजनाबाट सहयोग प्राप्त गाडी भने अफिसियल काममा आवश्यक पर्दा प्रयोग गर्नुहुन्थ्यो । नेपाल सरकार, नेपाल राष्ट्र बैंक, सहकारी मन्त्रालय, अर्थ मन्त्रालय लगायत, सहकारी विभाग सहकारीसंग सम्वन्धित सबै निकायहरुसँग अत्यन्तै राम्रो सम्वन्ध बनाउनु पर्दछ भन्ने ऊहाँको मुख्य सोच रहेको थियो, नेफस्कूनमा आवद्ध संघ संस्थाको पनि अत्यन्तै ख्याल राख्नुहुन्थ्यो । ऊहाँले बिगत एक दशक देखि यौटा अभियान चाल्नु भएको थियो त्यो अभियानको नाम थियो "एक रुपैयाँ गरिबका लागि मेरो सहयोग सधैंका लागि" भन्ने अभियान चलाएर कोषको बृद्धि गरि उक्त कोषबाट धेरै गरिबहरुमा पुगेर सहयोग पुऱ्याउनु भएको छ, दोलखामा एकजना भुकम्प पिडितका लागि पनि त्यही कोषबाट घर बनाईदिनु भएको थियो । नेफस्कूनमा अध्यक्ष रहेकै बखत नमूना जिल्ला संघ/नमूना साकोसको अवधारणा ल्याउनु भई उक्त संघ/संस्थाहरुलाई विशेष सुपरभिजन गर्ने व्यवस्था पनि गर्नु भएको थियो । गहिरो अध्ययन, हरेक ऐन, नीति, नियमहरुको जानकारी राख्ने साथै डकुमेन्टेसनमा अत्यन्तै विश्वास गर्नुहुन्थ्यो र हरेक डकुमेन्टेसनहरु ऊहाँले सुरक्षित राख्दै डकुमेन्टेसनको आधारमा मात्र ऊहाँले आफ्नो बिचार राख्नुहुन्थ्यो, ऊहाँले बैठक, गोष्ठी, सेमिनार लगायत प्रतिनिधित्व गर्ने क्रममा ऊहाँको उपस्थितिलाई अत्यन्तै महत्व मानिन्थ्यो, ऊहाँले बोलेको कुरामा सितिमिति टिप्पणी गर्ने आँट कसैमा हुँदैनथ्यो । सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन अझ सहायक कर्मचारीहरु सबैलाई ऊहाँले अत्यन्तै प्यारो गर्नुहुन्थ्यो । कसैलाई कुनै किसिमिको दुःख परेमा सो को हल पनि गरिदिनिहुन्थ्यो । ऊहाँ अध्यक्ष रहनुहुँदा बाहिर जिल्लाबाट आउनुहुने सहकारीकर्मीहरु कहाँ बस्नुहुन्छ ?, ऊहाँहरु सँग खानेबस्ने अवस्था के छ ?, कहीं कतै केही दुःख साँघुरो त छैन ? भनेर पनि प्रत्यक्ष साथै अप्रत्यक्ष रुपमा जानकारी लिई रहनुहुन्थ्यो ।

नेफस्कूनका कार्यक्रममा प्रमुख अतिथि डाक्दा अत्यन्तै विचार पुऱ्याएर डाक्ने भन्नुहुन्थ्यो किनभने प्रमुख अतिथिले दिएको सुझाव कार्यान्वयन गर्नुपर्छ भन्ने ऊहाँको अवधारण थियो, एक पटक नेफस्कून स्थापना दिवसमा प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका तत बखतका सदस्य डा.युवराज खतिवडालाई निमन्त्रणा गरिएको थियो ऊहाँले मन्तव्यको क्रममा सहकारी संस्थाहरु सेवा दिने निकाय भएको हुँदा सेवा शुल्क भनेर शिर्षक राख्न मिल्छ र ? भनेर जिज्ञासा पनि राख्नु भएको थियो ? ऋण लगानी गर्दा सेवा शुल्क भनेर शुल्क लिनु राम्रो कुरा होईन बरु अलिकति ब्याज बढाउँदा हुन्छ भनेर डा.खतिवडाले भनेपछि त्यसको भोलि पल्टबाट

"

एउटा कार्यक्रममा अतिथिहरुलाई खादा माला लगाउने जिम्मेवारी लेखा सुपरिवेक्षण समिति सदस्य नानीबाबु बुढाथोकी सरलाई थियो तर उक्त कार्यक्रममा ऊहाँले कालो कोट लगाएर आऊनु भएको हुँदा ल तपाईले कालो कोट लगाएको हुँदा यो जिम्मेवारी अरु सञ्चालकलाई नै दिन्छु भनेर हाँसेर भन्नुभयो सबैले मन्द मुस्कान सहित ऊहाँको विचार लाई स्वीकार गरियो

नै नेफस्कूनले पनि ऋणमा सेवा शुल्क नलिने र संस्थाहरुले पनि सदस्यहरुसँग ऋण लगानी गर्दा सेवा शुल्क नलिनको लागि अनुरोध गर्ने भनि निर्णय गऱ्यो र आवद्ध संघ संस्थाहरुलाई ऋण लगानी गर्दा सेवा शुल्क नलिईदिनुहुन अनुरोध पत्र पठाईयो । नेफस्कूनका कार्यक्रममा उपस्थित प्रमुख अतिथि, अतिथिहरुलाई कार्यक्रम समापन समयमा युनिक खालका सामानहरु उपहार दिने भन्नुहुन्थ्यो साथै ऊहाँहरुले मन्तव्य राख्दा बखतको फोटो राम्रो फ्रेमिङ गरेर धन्यवाद पत्र सहित आफैले ऊहाँहरुलाई भेटेर एक हप्ता भित्र उपलब्ध गराईदिनुहुन्थ्यो । ऊहाँले नेफस्कूनको कार्यक्रममा आमन्त्रण गर्नुहुने प्रमुख अतिथिलाई ऊहाँको समय अनुसार जतिबजे बिदाई गर्ने भनेर समय लिनुहुन्थ्यो सो कुरा कार्यक्रमको शुरुवातमै जानकारी गराऊनुहुन्थ्यो र सोही समयमा प्रमुख अतिथिलाई बिदाई गरिदिनुहुन्थ्यो, अलि समय बस्नुहोस, पख्नुहोस भन्ने काम कहिले पनि गर्नु भएन । ऊहाँले अत्यन्तै मसिना कुराहरु पनि याद गर्नुहुन्थ्यो, जस्तै नेफस्कूनको कार्यक्रमहरुमा अतिथिहरुले सम्वोधन गर्दा मुन्टो पछाडी फर्केर ब्यानर पढ्दै सम्वोधन गर्नुपर्ने भएको हुँदा यौटा सानो ब्यानर डयासबाट सिधा अगाडि देखिने गरेर पनि राख्नुहुन्थ्यो जसले गर्दा भाषण गर्ने सबैलाई सम्वोधन गर्ने क्रममा सहज होस भनेर । जुनसुकै कार्यक्रम गर्नुभन्दा एकदिन पहिलानै सम्पूर्ण तयारी सकेर बस्नुपर्दछ भन्ने ऊहाँको धारणा रहन्थ्यो, नेफस्कूनको एउटा कार्यक्रममा अतिथिहरुलाई खादा माला लगाउने जिम्मेवारी लेखा सुपरिवेक्षण समिति सदस्य नानीबाबु बुढाथोकी सरलाई थियो तर उक्त कार्यक्रममा ऊहाँले कालो कोट लगाएर आऊनु भएको हुँदा ल तपाईले कालो कोट लगाएको हुँदा यो जिम्मेवारी अरु सञ्चालकलाई नै दिन्छु भनेर हाँसेर भन्नुभयो सबैले मन्द मुस्कान सहित ऊहाँको विचारलाई स्वीकार गरियो भनेको मतलब अत्यन्तै स-सानो बिषयमा पनि उच्च केयर गर्नुहुन्थ्यो, ऊहाँले संघ संस्थाहरुको साधारण सभा तथा अन्य कार्यक्रमहरुमा कहीं कतै सलाई कोरेर उदघाटन गर्नुपर्ने अवस्थामा पनि यौटा मात्र सलाईको काटी कहिल्यै कोर्नु भएन २ वटानै कोर्नु हुन्थ्यो । एकजनाले गर्न खोजेको राम्रो काममा कम्तिमा पनि अर्को एकजना साक्षी हुनुपर्दछ भन्ने सन्देश रहेछ यसैगरी ऊहाँलाई निमन्त्रण गरिने कार्यक्रममा १० मिनेट अगाडि पुग्नु पर्दछ भन्नुहुन्थ्यो र सकिए पछि पनि सकेसम्म १० मिनेट पछाडि त्यहाँबाट हिडने भन्नुहुन्थ्यो किन भनेर जिज्ञासा राख्दा १० मिनेट अगाडि पुग्दा

कार्यक्रमको व्यवस्थापन कसरी गरिरहेका र समापन पछि १० मिनेट बस्दा पनि समापन पछिको व्यवस्थापन कसरी गरिदो रहेछ भन्ने रहेछ। नेफ्स्कूनले मुख्यतय फिल्डमा बचतका बिषयहरु सिकाउने हुँदा हरेक विशेष कार्यक्रममा खुत्रुकेमा बचतको प्रतिक स्वरुप सिक्का खसालेर उदघाटन गर्ने प्रचलन २०६० सालबाट शुरुवात गराउनु भयो साथै बचत तथा ऋण सहकारीको संचालन सम्बन्धी ९ सिद्धान्तहरु रहेको र सोको रंग झल्कने गरी ९ वटा राम्रो खालको डल्ले मैनबत्तीहरु स्पेशल स्टायन्डमा राखेर बाल्ने प्रचलन पनि शुरुवात गर्नु भएको थियो उहाँकै कार्यकालमा नेफ्स्कूनमा सञ्चालकहरुको आचार संहिता बनाइएको थियो जसमा सञ्चालकहरुले पदीय जिम्मेवारी अनुसार वार्षिक रुपमा शुल्क बुझाउनु पर्थ्यो। उहाँले विभिन्न कार्यक्रमहरुमा नेफ्स्कून र आवद्ध संघ संस्थाहरुमा शुसासन रहेको र कहीँ कतै राज्यको निकायहरुलाई शंका लागेको खण्डमा अख्तियार आएर हेर्न र थप सुझाव दिन समेत अनुरोध गर्नुहुन्थ्यो। उहाँ सहकारी र यससँग सम्वन्धित विषयका अक्सफोर्ड युनिभरसटी नै हुनुहुन्थ्यो सहकारीसँग सम्वन्धित कुनै महत्वपूर्ण डकुमेन्टहरु अन्त पाईएन भने अवश्य कैलाश सरसँग हुनुपर्दछ भन्ने सबैमा त्यो सोच रहेको थियो। उहाँले भन्ने गर्नुहुन्थ्यो कुनै पनि मानिसलाई यौटा दुःखपछि अर्को दुःख छिट्टै आउन सक्दछ होस पुऱ्याउनु तर यौटा सुःख पछि अर्को सुख आउन समय लाग्न सक्छ।

उहांको शालिनता, बौद्धिकता, व्यवहारिक पक्ष, नेतृत्वका हुनुपर्ने गुण, ईमान्दारीता, सहयोगी भावना, दुरदृष्टी शब्दमा बयान गर्न नै सकिदैन पंतिकारले यसलेखमा अलिकति उत्खनन गर्न मात्र खोजेको हुं। उहांका विषयहरुमा उल्लेखित मितिहरु उहाँले मलाई करिब एकवर्ष अघि उपलब्ध गराउनु भएको बायोडाटाको आधारमा लिपीबद्ध गरेको छु। यी पंतिहरु लेखिरहँदा उहाँले यस पछि अभियानमा यस्तो हुन सक्छ भनेर गर्नु भएको अधिकांश विषयहरु मिल्ने गर्थे, उहाँले भौतिक शरीर त्याग्नु भन्दा १२ दिन अगाडि अर्थात फागुन ११ गते बिहान ९.३४ **"शिवजी म रहला नरहला, मेरो अवस्था फागुनको मसान्त सम्म होला।"** भन्ने म्यासेज नै मेरो लागि अन्तिम म्यासेज भयो जुन अहिले पनि मैले सुरक्षित राखेको छु। अन्तिम समयमा उहाँले आफ्नै लागि गरेको भविष्यवाणी पनि सत्य भयो। उहाँको भौतिक शरीर हामी बिच नभए पनि उहाँको त्याग, समर्पण, निष्ठा र सहयोगी भावना मेरो मानसपटलमा सदाको लागि जीवित छ। त्यसैले मलाई भन्न मन लाग्छ सहकारी अभियान्ता होस त-**कैलाशभक्त प्रधानाङ्ग** जस्तो होस।

❁

हार्दिक बधाई तथा शुभकामना

बागमती प्रोस्कून सेवामा विभागीय प्रमुख जिम्मेवारी प्राप्त गर्नु भएकोमा विमला पुडासैनी, दोश्रो तहबाट तेश्रो तहमा आन्तरिक बढुवा हुनुभएकोमा रामकृष्ण दुलाललाई हार्दिक बधाई तथा बागमती प्रोस्कून सेवामा नवनियुक्त कार्यक्रम अधिकृत किशोर पौडेल, व्यवसाय सहायकद्वय निशा हुमागाई र सुनिता खड्कालाई स्वागत एवम् सफलताको शुभकामना।

❁❁

गतिविधि

दोश्रो रणनीतिक व्यवसायिक योजना निर्माण सम्पन्न

५ भाद्र २०८२। बागमती प्रोस्कूनले आफ्नो दोश्रो रणनीतिक व्यवसायिक योजना निर्माण गरेको छ। गत भाद्र ३ देखि ५ गतेसम्म काठमाडौं बुढानिलकण्ठ स्थित रोयल भिल्ला रिसोर्टमा तीन दिवसीय कार्यशाला गरी संघले उक्त रणनीतिक व्यवसायिक योजना निर्माण गरेको हो।

संघ स्थापना भएको दोश्रो वर्षमा बनाएको पहिलो रणनीतिक व्यवसायिक योजना आ.व २०८१/०८२ मा समाप्त भए सँगै संघले दोश्रो रणनीतिक व्यवसायिक योजना निर्माण गरेको छ। संघको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकारज्यूहरु र उच्च व्यवस्थापन सम्मिलित कार्यशालाले संघको पहिलो रणनीतिक व्यवसायिक योजनाको सुक्ष्म ढंगबाट समिक्षा गर्दै संघको भित्री परिस्थितिलाइ विभिन्न १० क्षेत्रमा ३८८ पूर्णाङ्कमा स्व.परीक्षण गरी सो परीक्षणको नतिजाको आधारमा सबल पक्ष र कमजोर पक्षको पहिचान गरेको थियो। त्यसै गरी संघको बाह्य परिस्थितिलाई पनि १० क्षेत्रमा ७२ पूर्णाङ्कमा विश्लेषण गरी बाह्य चुनौती र अवसरको खोजी गरेको थियो।

रणनीतिक चार पिल्लरमा आधारित रही अल्पकालिन उद्देश्य तय गरेको उक्त कार्यशालाले ४/७ को अवधारणा पारित गरी तीनै उद्देश्यमा आधारित करिब १ हजार १ सय कार्यक्रम र क्रियाकलाप समेटेको छ। उक्त क्रियाकलापरुलाई वागमती प्रोस्कूनको A2Z सेवामा विविधीकरण गरी संघले सदस्य सेवा र सञ्जाल विस्तारको योजना तयार गरेको छ।

"सदस्यहरुको सुरक्षा र समृद्धिका लागि प्रभावकारी पैरवी र सफल व्यवसायीकरण मार्फत प्रविधीमा आधारित सेवा सुनिश्चितता गराउदै सुशासन प्रर्वद्धन गर्ने/To promote good governance by ensuring technology-based services through effective advocacy and successful Professionalization for the security and prosperity of members" ध्येय (Mission) का लागि "**सहकारी अभियानको उत्कृष्ट संघ**/The Best Federation of cooperative movements" बनाउने दुरदृष्टी (Vision) लिएको दोश्रो रणनीतिक व्यवसायिक योजना वागमती प्रदेशको बचत तथा ऋण सहकारी संस्थाहरुको बिकास, दीगोपना बिकास, सुशासन प्रर्वद्धन, विस्वास पुर्नजागरण र छवि विकासमा केन्द्रीत रहेको छ।

लेख

सहकारीको बदलिँदो नियामकीय परिवेश र अबको बाटो

नेपालको सहकारी आन्दोलनले विगतको केही दशकयता सामाजिक र आर्थिक रुपान्तरणका लागि महत्वपूर्ण योगदान पुऱ्याएको छ । खासगरी ग्रामीण क्षेत्रको जनजीवनलाई आर्थिक जीवनमा जोड्दै सामाजिक समावेशीकरणका लागि नागरिकहरुमा वित्तीय पहुँच वृद्धि, उद्यमशिलता प्रवर्द्धन र कृषि-व्यवसायमा लगानी वृद्धि गर्ने प्रमुख माध्ययमको रुपमा सहकारी क्षेत्र स्थापित भएको छ ।

तर पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका नियमनको कमजोरी, जोखिम व्यवस्थापनको अभाव, आर्थिक दुरुपयोग, प्रशासनिक अनियमितता, सहकारी अभियानले पुऱ्याएको योगदानको वास्तविक मूल्याङ्कन विधीको अभाव, सहकारीका सञ्चालकहरुको स्वनियमनको साधनामा देखिएको विचलन, योग्य र दक्ष जनशक्तिको अभाव, प्रविधीको उपयोगमा देखिएको विविधता, सदस्यहरुमा पैदा भएको अविश्वासको अवस्था, नियामक निकायहरुको गहन अध्ययन र अनुसन्धानको अभाव, आर्थिक क्षेत्रमा देखिएको अस्थिरता, नविनतम व्यवसाय विस्तारमा संकुचन जस्ता कुराहरुले सहकारी क्षेत्रको व्यापक सुधारको आवश्यकता औंल्याएको छ ।

यही पृष्ठभूमिमा नेपाल सरकारले सहकारी क्षेत्रको व्यवस्थापनमा सुधार गर्नका लागि अलग्गै नियामक निकायको गठन, ऐन नियममा संशोधन, नेपाल राष्ट्रबैंकबाट समेत निर्देशन र मापदण्ड लागु गर्ने व्यवस्था गरी सहकारी क्षेत्रको पुनसंरचना, सहकारी क्षेत्रको प्रभावकारी व्यवस्थापन र जोखिम नियन्त्रण प्रकृयालाई नयाँ नियामकीय वातावरण निर्माणका लागि तिव्रता दिएको छ ।

१. नेपालमा सहकारीको वर्तमान परिदृश्य :

नेपालमा दर्ता भएका सहकारी संस्थाहरुको एकीन तथ्याङ्क नभए पनि करिब ३० हजार हाराहारीमा रहेको छ भन्ने सरकारी तथ्याङ्कले देखाउने गरेको छ । यी सहकारी संस्थाहरुमा करिब ७० लाख मानिसहरु आवद्ध भई आफ्ना वित्तीय आवश्यकताहरु पूरा गर्दै आईरहेको प्रकाशित तथ्याङ्कहरुले देखाएका छन् । नेपालको कूल वित्तीय कारोवारको पूँजी परिचालन सहकारी संस्थाको पहुँच कमी देखिए पनि आम नागरिकहरुको सहभागिता र पूँजी उपयोगको हिसाबले ग्रामीण अर्थतन्त्रको आधारस्तम्भको रुपमा सहकारी क्षेत्र रहेको छ तर पनि वर्तमान समयमा सहकारी क्षेत्रमा केही गम्भीर ढंगबाट सतहमा आएका कुराहरु देहाय बमोजिम रहेका छन् ।

१.१ सदस्यहरुको बचतको दुरुपयोग
१.२ अनियमित ऋण प्रवाह
१.३ पारदर्शिताको कमी
१.४ अनुगमन र मूल्याङ्कनमा कमजोरी
१.५ प्रवन्धकीय क्षमतामा कमी
१.६ प्रविधीमा पिछडापन
१.७ जोखिम व्यवस्थापनको अभाव
१.८ स्वः अनुशासनमा कमी
१.९ कानुनी अनुपालनामा कमी

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत
बागमती प्रोस्कून

> नियामकीय जिम्मेवारी पाएका निकायले देखाएको गैह जिम्मेवारपनको उपज राज्यबाट जे जस्तो निर्देशन भए पनि कार्यन्वयन नहुने दुषित मानसिकताले प्रसय पाउदा आन्तरिक व्यवस्थापन सुधारमा खासै चासो वृद्धि हुन सकेको छैन, तर असल नियतले नियामक निकायले कार्य गरेको दिनमा तत्काल आन्तरिक व्यवस्थापन सुधार गर्न सहकारीमा चुनौती नै रहेको छ ।

यी घटनाले सरकार, नियमक निकाय तथा सर्वसाधारणलाई सहकारी प्रतिको पुनर्विचार गर्न बाध्य बनाएको छ । अहिलेको मुख्य प्रश्न यही हो - **सहकारी क्षेत्रलाई कसरी सुरक्षित, पारदर्शी, व्यवस्थित र दिगो बनाउने ?** यसको उत्तर अब सहकारी अभियान र नियामकले दिनै पर्छ ।

२. बदलिंदो नियामकीय परिवेशः वर्तमान कदम

सहकारी क्षेत्रको व्यवस्थापन र दिगोपना विकासका लागि नेपाल सरकारले निर्माण गरेको सहकारी नियमनका संरचनाहरुहरुले सहकारी संस्थाहरुका लागि मापदण्ड र निर्देशनहरु जारी गरिरहेका छन् ।

२.१ राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन र मापदण्डका नयाँ व्यवस्था

- कूल बचतमा नियमित बचतको अंश कम्तीमा २५ प्रतिशत कायम गर्नु पर्ने,
- बढीमा ३ लाख सम्म मात्र २ जनाको अनिवार्य जमानतमा बिना धितो लगानी गर्न सकिने,

- सञ्चालकले आफ्नो बचतको ९० प्रतिशत सम्म भन्दा बाहेक ऋण उपयोग गर्न नपाइने,
- संस्थाले प्रवाह गरेको ऋण किस्ता/ब्याज भुक्तानी सक्रिय अवधिका आधारमा सक्रिय र निष्क्रिय गरी विभाजन गरी ऋणका लागि १ प्रतिशत निष्क्रिय अर्न्तगत कमसलका लागि २५ प्रतिशत, शंकास्पदका लागि ५० प्रतिशत र खराबका लागि १०० प्रतिशत नोक्शानी व्यवस्था गर्नु पर्ने,
- विशेष परिस्थितिमा प्राधिकरणद्धारा मापदण्ड जारी भएको अवस्थामा बाहेक ऋण पुर्नसंरचना तथा पुर्नतालिकीकरण गर्न नपाईने,
- धितो लिलाम बिक्री गर्दा सम्बन्धित संस्थाले पाउनु पर्ने सबै रकम सकार हुन नसकेमा बाँकी रकम सोही दिन नाफा नोक्शान हिसाबमा खर्च लेख्नु पर्ने,
- गैह्र बैंकिङ्ग सम्पत्तिको लागि सतप्रतिशत सुरक्षण व्यवस्था गर्नु पर्ने,
- नेपाल राष्ट्रबैंकबाट इजाजत पत्र प्राप्त बैंक वित्तीय संस्था र सहकारी बैंकमा राखिएको रकमलाई मात्रै तरलतामा गणना गर्नु पर्ने,
- पूँजीकोष गणना विधी अनुसार पूँजी कोष गणना गरी प्राप्त भएको नतिजाको आधारमा व्यक्तिगत बचत जम्मा गर्न सकिने,
- न्यूनतम पूँजीकोष कायम नभएसम्म संस्थाले लाभाँस घोषणा तथा वितरण गर्न नपाउने,
- कुनै पनि व्यक्ति एकै अवधीमा एक भन्दा बढी संस्थाको सञ्चालक वा पदाधिकारी हुन नपाउने,
- सञ्चालक समितिका सदस्य वा एकाघर परिवारले लिएको ऋण खराब ऋणको सुचीमा परेमा स्वतः पदमुक्त हुने,
- संस्थाको कार्यकारी प्रमुख वा व्यवस्थापक बढीमा २ कार्यकाल (एक कार्यकाल ४ बर्ष) रहन सक्ने,

२.२ सहकारी विभागको एकीकृत निर्देशन

- सम्वन्धित जिल्ला भित्रका सहकारी संघहरु जिल्लास्तरका संघमा र प्रदेशस्तरका सहकारी संस्थाहरु प्रदेशस्तरी संघमा सदस्य बन्न सक्ने,
- पेशागत आधारमा दर्ता भई अधिकांश सरकारको स्वामित्व रहेका संस्था बाहेकका अन्य संस्थामा सरकारी कोषबाट नियमित रुपमा तलब, भत्ता, सुविधा लिने व्यक्ति सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित हुन र बहाल रहन नपाउने,
- १० करोड भन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरुले आफ्ना गतिविधीहरु आफ्नो वेबसाइटबाट र वेबसाइट नहुनेले फेसबुक ट्वीटर जस्ता सामाजिक सञ्जालबाट सार्वजनिक गर्नु पर्ने र सो भन्दा कमका सहकारी संस्थाले आफ्नो सूचना पाटीमा अनिवार्य प्रकाशन गर्नु पर्ने,
- विनियममा उल्लेख भएको शेयरपूँजी भन्दा बढी शेयर रकम संकलन गर्न नपाउने,
- संस्थाको नाममा भएको अचल सम्पत्ति बिक्रीबाट प्राप्त भएको नाफालाई सिधै जगेडा कोषमा नराखी चालु वर्षको नाफा जनाई मुनाफा वितरण गरेमा सञ्चालक समिति र खाता सञ्चालन गर्ने अधिकारीबाट दामासाहीले असुल गरी जगेडा कोषमा जम्मा गर्नु पर्ने,
- सहकारी संघसंस्था वा सदस्यलाई हानीनोक्शानी पुग्ने गरी नियम विपरित वा प्रकृया पूरा नगरी लगानी गरिएको ऋण असुल हुन नसकेमा त्यस्तो निर्णयमा सहभागी हुने पदाधिकारी र सञ्चालक समिति नै जिम्मेवार हुने,
- कर्मचारीको दरबन्दी र कर्मचारी सम्वन्धी कार्यविधी साधारण सभाले स्वीकृत गरी कर्मचारी पदपूर्ति गर्नु पर्ने र स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको भएमा भुक्तानी गरेको सम्पूर्ण रकम सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरिने,
- सहकारी संघसंस्थाले कुनै पनि कर्मचारीलाई श्रम ऐनले निर्धारण गरेको न्यूनतम पारिश्रमिक प्रदान गर्नु पर्ने साथै अनिवार्य सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनु पर्ने,

२.२ सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन

सहकारी विभागले वि.स २०७६, कार्तिक १८ गते देखि सहकारी संस्थाहरुलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई निर्देशन जारी गर्दै आएको छ । हालसम्म उक्त निर्देशनलाई पाँचौ पटक संशोधन गरेको छ। २०८२ कार्तिक २१ गते जारी पाँचौ संशोधनले देहायका विषयवस्तुहरुमा जोड दिएको छ।

- ऐनको दफा ३० (२) बमोजिम सहकारीमा सदस्य बनेका गैह्र नाफामुलक संघसंस्थाहरुको खाता खोल्दा समेत खाता सञ्चालकको ल्याप्चे अनिवार्य लिनु पर्ने,
- बाल बचत खातामा रकम जम्मा गर्दा अभिभावक वा संरक्षकको अनिवार्य ल्याप्चे लिनु पर्ने
- नाम, ठेगाना, पेशा, परिवार र रहनसहन लगायतको जानकारी नभई कसैलाई सदस्यता प्रदान गर्न नहुने,
- सदस्यता पहिचानका लागि KYM फारम भर्दा अनिवार्य स्वयम् व्यक्ति उपस्थित हुनु पर्ने,
- प्रत्येक वर्षको श्रावण मसान्त भित्रमा जोखिम मूल्याङ्कनको वार्षिक प्रतिवेदन अनिवार्य रुपमा सहकारी विभागमा पेश गर्ने,
- सदस्यता पहिचानका आधार पूरा नभएका (KYM) फारम नभरेको सदस्यसंग कारोवार गर्न नहुने
- वित्तीय जानकारी इकाईमा goAML Software System Production Environment बाट मात्र प्रतिवेदन पेश गर्नु पर्ने,

३. सहकारी क्षेत्रका वर्तमान प्रमुख चुनौतीहरु

यतिबेला जति सहकारीको नियमकीय क्षेत्र कडा हुदै गएको छ त्यति नै सहकारी संस्थाहरुको आन्तरिक व्यवस्थापनको मजबुती कायम गर्नु पर्नेमा त्यता तर्फ अधिकांशको ध्यान गएको छैन । यसलाई विगतमा नियमनको नाममा भएको आर्थिक लेनदेन, मिलेमत्तो र गलत गर्नेलाई तत्समयमा कारबाहीको दायारामा ल्याउन नसक्नुको नतिजाको रुपमा लिनु पर्दछ । नियामकीय जिम्मेवारी पाएका निकायले देखाएको गैह्र जिम्मेवारपनको उपज राज्यबाट जे जस्तो निर्देशन भए पनि कार्यन्वयन नहुने दुषित मानसिकताले प्रसय पाउदा आन्तरिक व्यवस्थापन सुधारमा खासै चासो वृद्धि हुन सकेको छैन, तर अशल नियतले नियामक निकायले कार्य गरेको दिनमा तत्काल आन्तरिक व्यवस्थापन सुधार गर्न सहकारीमा चुनौती नै रहेको छ। यसका केही सवालहरु छन् ।

३.१. व्यवस्थापकीय दक्षताको अभाव

धेरै सहकारी संस्थाहरु अझै पनि अनुभव, दक्षता, प्रविधी र कानुनी ज्ञान बिना नै चलिरहेका छन् । त्यसको नतिजा देहायका विषयहरुमा देखिन्छन् ।

- कमजोर लेखा प्रणाली (सबै सहकारीको सप्रमाण, कानुनसम्मत, व्यवस्थित र तोकिएको समयमा सम्पन्न हुन नसक्नु, लेखा परीक्षण सही ढंगबाट नहुनु वा अनिवार्य व्यवस्था गर्नु पर्ने व्यवस्था नगरी पनि लेखा परीक्षण हुन, क्षमता नहुंदा पनि लाभांस वितरण गर्नु)
- निर्णय प्रकृयामा त्रुटी (व्यक्तिवाद, कानुनी प्रबन्ध अनदेखा, असल अभ्यासको अनुसरण गर्न नसक्नु)
- वित्तीय ज्ञान/बुझाइमा कमी (वित्तीय प्रभाव र दवावको विश्लेषण नहुनु, भविष्यमा पर्ने सक्ने वित्तीय संकटको पूर्वानुमान गर्न नसक्नु)
- औपचारिकतामा आधारित सदस्य सेवा (सदस्य शिक्षा, सदस्य सीप विकास, वित्तीय शिक्षा, व्यवसाय विकास सम्बन्धी शिक्षालाई प्राथमिकतामा नराख्नु)

३.२ न्यून प्रविधीको उपयोग र सुरक्षा

- अझै पनि केही सहकारी संस्थाहरुले आफ्नो कारोबार Software वा Core banking system मार्फत गर्न नसक्नु,
- एउटै Core banking system लागु नहुदा सहकारीको स्पष्ट तथ्याङ्कको अभाव
- डाटा सुरक्षाको प्रभावकारी प्रबन्ध गर्न नसक्नु,
- आफ्नै Payment Platform नहुनु, जसले गर्दा Digital Payment लाइ बेलाबेलामा कानुनी अड्चन देखाउनाले सहकारी संस्थाहरुले प्रविधीमा ढुक्कले लगानी वृद्धि गर्ने अवस्था नहुनु,
- साइबर सुरक्षा तालिमको व्यवस्था नहुनु र Strong Backup Policy को विकास गरी कार्यन्वयन गर्न नसक्नु,

३.३ मजबुत जोखिम व्यवस्थापन फ्रेमवर्क

प्रभावकारी जोखिम व्यवस्थापन फ्रेमवर्कका लागि देहायका विधीहरुको प्रभावकारी अवलम्बन गर्न नसक्नाले सहकारीमा जोखिम व्यवस्थापन कमजोर भएको देखिन्छ ।

- Loan portfolio classification
- Loan-monitoring & follow-up
- Early warning indicators
- Liquidity buffer राख्ने
- Sectoral loan exposure limit
- Write-off policy
- Credit appraisal strengthening

३.४. नेतृत्व विकास र हस्तान्तरण

सहकारीमा नेतृत्वको विकास चुनौतीको रुपमा रहेको छ । वर्तमान नेतृत्वले भावि नेतृत्व निर्माणमा चासो नराख्दा नेतृत्व क्षमताको विकास हुन सकेको छैन भने वर्षौं देखि एउटै नेतृत्व रहँदा नेतृत्व हस्तान्तरणको अभ्यास समेत भएको छैन् । जसले गर्दा सहकारी प्रति आर्कषण भन्दा नकारात्मकता बढी रहेको छ । यो प्रवृत्ति कायम रहने हो भने अबको १० वर्ष पछि नेतृत्वको संकट देखिने छ ।

३.५ आत्मनिर्भता मोडलको प्रयोगमा कमी

सहकारी संस्थाहरुले आफ्नो सञ्चालन क्षमता विकासका लागि खर्च घटाउनु पर्ने कुरालाई प्राथमिकतामा राख्नु पर्नेमा त्यता तिर ध्यान नदिई खर्च गर्ने र कोषको अभिवृद्धिमा भन्दा तत्कालिन रुपमा मुनाफा देखाई वितरणलाई महत्व दिंदा सहकारीमा आत्मनिर्भरता विकास भएको छैन् । आत्म निर्भरता विकास नभएको कुरा देहायकाले पुष्टी गर्दछ ।

- कार्यालयलाई स्वचालित बनाउन नसक्नु,
- डिजिटल काउन्टर बनाउन नसक्नु,
- कर्मचारीको क्षमता विकास नहुनु,
- Internal control standardization गराउन नसक्नु
- गुणस्तर सुनिश्चितता कायम गराउन नसक्नु,
- लगानीमा सावधानी अपनाउन नसक्नु,

३.६ पारदर्शिता र सार्वजनिक सूचना प्रवाह

युग अनुसारको व्यवहार विकास गर्न नसक्दा सहकारीको सदस्यहरुको सन्तुष्टि कमजोर हुँदै गएको छ । युग अनुसार वर्तमान समयमा सदस्यहरुले खोज्ने यस्ता विषयहरुमा सहकारीहरुले व्यवस्थापन सुधार गर्नु पर्ने देखिन्छ,

- समय समयमा प्रतिवेदन (Report) प्रकाशन र सदस्यमा उपलब्ध गराउने ।
- वित्तीय विवरण विश्लेषण र भावी जोखिमको व्यवस्थापनका सम्बन्धमा बुझ्न चहान्छन् ।
- डिजिटल पहुँच अभिवृद्धि होस भन्ने चहान्छन् ।
- जिम्मेवारी लिने र दिने विषयमा अपारदर्शी अभ्यास नहोस भन्ने चहान्छन् ।
- सूचनाका लागि खोज्नै पर्ने अवस्था नभई संस्थाले आफ्नो दायित्व सम्झेर समयमा नै वेवसाइट र सामाजिक सञ्जालमा विवरणहरु प्रकाशन गरोस भन्ने चहान्छन् ।

वर्तमान समस्यामा देखिएका यावत विषयवस्तुहरुको निराकरण गर्दै सहकारी संस्थाहरुलाई सही मार्गमा हिडाउनका लागि आगामी दिनमा सहकारी अभियानकर्मीले खेल्नु पर्ने भूमिकाको संक्षिप्तमा चर्चा गरौं ।

१. सरकार तथा नियामकको भूमिका र अपेक्षा

क. नियन्त्रण होइन, कामको आधारमा गुण र दोषको विवेचना होस् ।

- सबै सहकारी उस्तै हुन भन्ने हिसाबले सहकारीलाई संकुचित बनाउने गरी नभई गल्ती गर्नेलाई गल्ती अनुसारको कारबाही र राम्रो गर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने नीति लिनु पर्छ ।
- गल्तीमा शुन्य सहनशिलताको अभ्यास गरी, सुधार गर्न सकिने गल्ती, जरिवाना गर्नु पर्ने गल्ती र कारवाही गर्नु पर्ने गल्तीहरुको न्यायोचित वर्गिकरण गर्नु पर्दछ ।

ख. दक्ष जनशक्ति उत्पादनका लागि अनिवार्य तालिमको व्यवस्था

- ऋण लगानी र असुलीको क्षेत्रमा काम गर्ने कर्मचारी र प्रशासनिक काम गर्ने कर्मचारीको लागि अनिवार्य तालिम लिनु पर्ने व्यवस्था गरी तालिमबाट सिकेको ज्ञानको कार्यढाँचा (Framework) मा काम गर्नु पर्ने व्यवस्था गर्नु पर्छ ।
- तालिम शिक्षा मार्फत सहकारी संस्थाहरुले गर्न सक्ने विषयवस्तुहरुको लागि सीप विकासको लक्ष्य राख्नु पर्ने,

ग. व्यवस्थापन संस्कार (Management Culture) सुधार गर्ने

- सञ्चालक समिति पूर्ण प्रजातान्त्रिक विधीबाट निर्वाचित हुनु पर्दछ । सर्वसम्मत वा सहमतिको आधारमा दलिय भागवण्डामा सञ्चालक समिति र लेखा सुपरिवेक्षणको निर्वाचन गर्ने पद्धतीको अन्त्य हुनु पर्दछ ।
- सञ्चालक समिति कार्यविधी र योजना निर्माणकर्ता र सो अनुसारको संस्थाको व्यवस्थापन गर्न स्वतन्त्र र स्वयम्सेवी भूमिकामा रहनु पर्दछ ।
- सहकारी संस्थाको सञ्चालक समितिको नियन्त्रणमा नभई निर्धारित तालिम प्राप्त व्यवस्थापनको नियन्त्रणमा स्थापित गराउनु पर्दछ ।

घ. अनुगमनको प्रभावकारिता

- नियामक निकायको प्रभावकारी अनुगमनको संयन्त्रको विकास गर्नु पर्दछ ।
- अनुगमन पछि संस्थामा सुधार आए नआएको निश्चित गर्ने संयन्त्रको विकास गर्नु पर्दछ र सुधारको चाहना नराख्ने वा सुधार गर्ने नखोज्ने सहकारी संस्थाका सञ्चालक र कर्मचारीलाई कारवाही गर्नुपर्दछ,
- प्रविधीमा आधारित अनुगमन प्रणालीको विकास गर्नुपर्दछ,

ङ. सहकारी मैत्री कानुनमा जोड

- सहकारी संस्थाहरुले आम नागरिकको जीवनमा पारेको सकारात्मक प्रभावका आधारमा सहकारी संस्थाहरुको सशक्तिकरण गर्न सक्ने कानुन निर्माण गर्नु पर्दछ ।
- सहकारी संस्थाहरुले प्रत्यक्ष उत्पादन र उत्पादकत्व वृद्धि गर्न सक्ने वातावरण कानुनले प्रत्याभूत गर्नु पर्दछ,
- सहकारीका सदस्यहरुले गरेको उत्पादनको समर्थन मूल्य प्राप्त गर्न र खेर जान नदिने सुनिश्चितता कानुनले गर्नु पर्दछ ।

च. सहकारी संघहरुको स्पष्ट कार्यहरु

- सहकारी संस्थाहरुको प्रवर्द्धन, विकास र बजारीकरणका लागि स्थापित भएका सहकारीका संघ तथा विषयगत संघहरुको जिम्मेवारी, जवाफदेहिता र भूमिका सन्दर्भमा स्पष्ट कानुनी व्यवस्था गर्नु पर्दछ ।
- संघहरु सञ्चालन सक्षमता विकास, संघहरुको सुशासन प्रवर्द्धनमा सरकारले यथेस्ट सहयोग गर्ने र वातावरण निर्माण गर्न सहयोग गर्नु पर्दछ ।
- संघहरुले गर्ने क्रियाकलापहरुको विस्वासको वातावरणका लागि आवाश्यक सुधारका रणनीतिहरु सहित पुनःसंरचना गर्नु पर्दछ ।

२. विश्वास, पारदर्शीता र प्रविधीमा आधारित सहकारी अबको बाटो

जति धेरै चुनौती भए तापनि सहकारीको अबको बाटो भनेको विगतको समिक्षा गर्दै आगाडि बढ्नु हो । समिक्षा यसर्थ गर्नु पर्दछ कि हामीले गरेका तिता अनुभूती आगामी पुस्ताले कहिल्यै गर्नु नपरोस । त्यसका लागि सहकारी अभियानले अब यी कुराहरुमा कति पछि सम्भौता नगरी अगाडि बढ्नु पर्दछ ।

क. पारदर्शिता र सुशासन

सहकारी अभियानको क्रियाकलाप र कारोबारको पादर्शितामा कहिल्यै कसैले प्रश्न उठाउन नसक्ने गरी सुधार गर्नु अभियानको दायित्व हो । विश्वमा शक्तिशाली बैंक भन्दा दुःखमा मल्हम लगाउने सहकारी संस्था नागरिकलाई प्यारो लाग्छ, विश्वास लाग्छ, विश्व अभ्यासको यो शक्ति हामीले पनि आर्जन गर्न सक्छौं यसको लागि हामीमा त्यागको भावनाको विकास हुनु जरुरी छ ।

ख. डिजिटलाइजेशन

सहकारी संस्थाले गर्ने हरेक कारोबार भावी पुस्तालाई लक्षित गरी प्रविधी मार्फत सहज सरल र स्वःचालित बनाउनु जरुरी छ । युगको माग एकातिर सेवा प्रवाहको दृष्टी अर्को तिर हुँदा सहकारी सेवा प्रभावकारी हुन सक्दैन र युवाको आर्कषण सहकारी क्षेत्रमा रहँदैन । निश्चित तोकिएको प्रविधीको प्रयोग अनिवार्य गर्न सकेमा मानिसका नियतले हुने गल्तीहरु स्वतः निस्तेज भएर जान्छन । त्यसैले साझा, उपयुक्त र विश्वासिलो प्रविधीको अनिवार्य प्रयोगको व्यवस्थाले सहकारीको गुमेको साख फिर्ता ल्याउछ ।

ग. जोखिम व्यवस्थापन

हरेक क्रियाकलापहरुमा जोखिम विद्यमान रहन्छन् । जोखिम हटाउन सकिदैन तर घटाउन सकिन्छ । जोखिम टार्न सकिदैन तर सार्न सकिन्छ । जोखिम व्यवस्थालाई उपयुक्त रणनीति निर्माण गरी न्यूनीकरण गर्न सकिन्छ, कतिपय जोखिम त संस्थामा आउनै नदिन पनि सकिन्छ । मानिसको नियतमा हुने, स्वार्थमा हुने जोखिम बाहेकका अन्य जोखिमहरु व्यवस्थापन गर्न सकिन्छ ।

घ. अनुपालना

"कानुन र छिमेकी जस्तो भए पनि सहनु पर्छ ।" सबै कुरा आफुले सोचेको जस्तै हुँदैन, यो सम्भव पनि छैन । कानुन चित्त बुझेन भन्न पाइन्छ, सुधारको लागि अनुरोध गर्न पाइन्छ, आन्दोलन गर्न पाइन्छ तर संशोधन नहुँदासम्म मान्दिन भन्न पाइदैन् । कानुनको पालनामा शर्त लागु हुनु हुँदैन, निशर्त रुपमा कानुनको पालना गर्नु पर्दछ । यो कुरा अभियानमा अभियान्ताहरुले प्रर्दशन गर्न सकेको दिनमा सहकारी अभियानको गुमेको साख फर्कने छ र पुनः सहकारी अभियान विश्वासको अभियानमा रुपान्तरण हुनेछ ।

ङ. सदस्य केन्द्रीत सेवा

सहकारीका सञ्चालकले सदस्य नचिन्ने र सदस्यले सञ्चालकले सदस्य नचिन्ने अवस्था सृजना हुनु सहकारीता नहुनु हो । सदस्य जति धेरै भए पनि नेतृत्वले हरेक सदस्यलाई आर्थिक रुपान्तरणका लागि सक्रिय पार्न, उद्यममा जोड दिन, पूँजीको अभाव हुँदा कडा मेहनत गर्न, आवश्यकता र चहाना बिचको बिभेद पहिचान गर्न, वित्तीय बुझाई अभिवृद्धि गर्न, पूँजी परिचालनको विधी सिकाउन, सीप विकास गराउन, स्वरोजगार सृजना गर्नका लागि सञ्चालक तथा कर्मचारी सदैव सक्रिय रहनु पर्दछ । बार्षिक साधारण सभा १ पटक भत्ताको लागि उपस्थित हुने थपडी बजाएर फर्कने लोकतन्त्रले सहकारीलाई बलियो बनाउदैन, त्यसैले सदस्यलाई सहकारी संस्था मेरो हो भन्ने भावनाको विकास गर्नका लागि सदस्य केन्द्रीत सेवा सहकारीको सबैभन्दा ठूलो मूल मन्त्र हो ।

बिश्वास गरौं फेरी पनि सहकारी अभियान आफ्नो विश्वासको मार्गमा हिड्ने छ । हाम्रा अभियान्ताहरुले संकटको बेलामा सतिसाल भएर अभियानको साख वृद्धिका लागि त्याग, सर्मपण र एकताको भावनामा काम गर्नुहुनेछ र सबैभन्दा बढी नागरिक सम्मिलित भएको सबैभन्दा बढी विस्वासिलो, समावेशी र समुदाय केन्द्रीत वित्तीय संरचनाको रुपमा बलियो भएर उभिने छ ।

वर्षको उत्कृष्ट सहकारी अभियान्ता-२०८२

ओमदेवी मल्ल
अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ
संविधान सभाको सदस्य

सहकारीमा योगदान:

- सन् १९९७ देखि सहकारी अभियानमा अनवरत संलग्नता,
- सहकारी ऐन २०७४ को निर्माणमा भूमिका,
- Global Board Member in International Cooperative Alliance (ICA), 2017
- सहकारी मार्फत ग्रामीण आर्थिक सशक्तिकरण, सदस्य शिक्षा, महिला समावेशिता, र समुदाय-केन्द्रीत विकासमा योगदान,
- सहकारीका लागि बहस पैरवीमा योगदान

वर्षको उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ-२०८२

काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (कास्कून)
चाबहिल, काठमाडौं

संघको संक्षिप्त परिचय:
सदस्य संख्या : ८६७, शेयर पुँजी : ६७६८८५००
जगेडाकोष : ३५२०८१२१।३७
जोखिमकोष व्यवस्था : ७५७६३९९२।०५
कूल बचत : १२५३४९४७९४।४६, कूल ऋण लगानी : ३४६४६३३१५।९३
कूल सम्पति : १४७६०६४०४६।८९, तरलता : ४४३२५२१५१।०१
अध्यक्ष : दिपक पनेरु
व्यवस्थापक : अरुण कुमार तिवारी
कर्मचारी संख्या : १५ जना, कार्यालय संख्या : ३ वटा

वर्षको उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था-२०८२

जनमुखी साकोस
वैतेश्वर गा.पा.-५, दोलखा

संस्थाको संक्षिप्त परिचय:
सदस्य संख्या : २११०७, शेयर पुँजी : १०७३२५२००
जगेडाकोष : ९०७४७९८९, जोखिमकोष व्यवस्था : ३८१५१५१७
कूल बचत : ११०८८२८७६५, कूल ऋण लगानी : ९९९९७०६६५
कूल सम्पति : १३८७६३४८७८
अध्यक्ष : माधव प्रसाद दाहाल
व्यवस्थापक : भेष बहादुर थिजार
कर्मचारी संख्या : २९ जना, कार्यालय संख्या : ६ वटा

वर्षको उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था-२०८२ (महिला)

लक्ष्मी महिला साकोस
पनौती न.पा.-५, काभ्रे

संस्थाको संक्षिप्त परिचय:
सदस्य संख्या : ३५३२, शेयर पुँजी :३१४८४२००
जगेडाकोष : १५५६८३६५, जोखिमकोष व्यवस्था : ९३८४७३५
कूल बचत : २६८६५४४१७, कूल ऋण लगानी : २१८९४८९४०
कूल सम्पति : ३३०७९४०२५।१३, तरलता : ६७५०००००
अध्यक्ष : हिमाली श्रेष्ठ
व्यवस्थापक : मनोज रायमाझी
कर्मचारी संख्या : १५ जना, कार्यालय संख्या : ३ वटा

पूर्व सञ्चालक सम्मान- २०८२

तेजेन्द्र बहादुर खड्का
पूर्व सञ्चालक, बागमती प्रोस्कून

संक्षिप्त परिचय:

- पूर्व सदस्य सहकारी विकास बोर्ड, नेपाल
- संस्थापक, बागमती प्रोस्कून
- पूर्व राष्ट्रसेवक कर्मचारी (डिभिजन सहकारी कार्यालय, चितवन)
- पूर्व अध्यक्ष, जिल्ला बचत तथा ऋण सहकारी संघ, चितवन
- पूर्व अध्यक्ष, हाम्रो चित्रवन साकोस, चितवन (एकीकरण पश्चात)
- एकीकरण पूर्व दीपज्योति अभिवृद्धि साकोसको अध्यक्ष
- कुशल सहकारी प्रशिक्षक

वर्षको उत्कृष्ट पदाधिकारी एवम् सञ्चालक सम्मान-२०८२ (सदस्य संघ/संस्था)

कैलाश के.सी.
अध्यक्ष, बुडोल, सामुदायिक साकोस
बनेपा न.पा.-६, काभ्रे

संक्षिप्त परिचय:

- पूर्व जिल्ला न्यायाधीस
- २०७७ साल देखि बुडोल सामुदायिक साकोसको अध्यक्ष भई संस्थालाई एक्सेस ब्रोन्ज तथा सिल्भर ब्राण्ड प्राप्त गराउन सफल (संस्थाको पूर्व सचिव)

संस्थाको संक्षिप्त परिचय:
सदस्य संख्या : १२८८० शेयर पुँजी : १८२९६१५००
जगेडाकोष : १८४५६८०६१ जोखिमकोष : ५७१६१९६५
कूल बचत : १७७१२६६६५३ कूल ऋण लगानी : १३०३२८८८६६
कूल सम्पति : २२३२६१८५७६, प्र.का.अ : विवेकराज ठकुरी
कर्मचारी संख्या : ५१ जना, कार्यालय संख्या : ५ वटा

वर्षको उत्कृष्ट व्यवस्थापक सम्मान-२०८२

सिताराम सिलवाल
व्यवस्थापक, ग्रामीण साकोस
राप्ती न.पा.-२, चितवन

संक्षिप्त परिचय:

- २०६३ भाद्र १८ गते देखि सहकारीमा कार्यरत
- संस्थालाई प्रोबेशन ब्राण्ड दिलाउन सफल/हाल एक्सेसमा आवद्ध
- अन्य संघसंस्थाबाट सम्मानित

संस्थाको संक्षिप्त परिचय:
सदस्य संख्या : ३३५० शेयर पुँजी : २७७४३३०० जगेडा कोष : २०३०९१७८
जोखिम कोष : ११८६६८४८ कूल बचत : २२९५७१६८६ कूल ऋण लगानी : १२७८७३७९८
कूल सम्पति : ३७३०७२९८० अध्यक्ष : एकराज ओली कर्मचारी संख्या : ७ जना
कार्यालय संख्या : १ वटा

वर्षको उत्कृष्ट व्यवस्थापक सम्मान-२०८२ (महिला)

मेनुका दाहाल
व्यवस्थापक, जागरण साकोस
मकवानपुर गढी गा.पा.-४, मकवानपुर

संघको परिचयः
- २०७० साल देखि सहकारीमा कार्यरत
- संस्थालाई प्रोबेशन ब्राण्ड दिलाउन सफल/हाल एक्सेसमा आवद्ध
- अन्य संघसंस्थाबाट सम्मानित

संस्थाको संक्षिप्त परिचय :
सदस्य संख्या : ३३०४, शेयर पूंजी : १२३७७६००
जगेडा कोष : १२३६७९८३, जोखिम कोष : १०२०००००
कूल बचत : १८६२८१३०३, कूल ऋण लगानी : १३०१२६२०४
कूल सम्पति : ३०६२५६६३९, अध्यक्ष : शत्रुघन दुलाल
कर्मचारी संख्या : ७ जना, कार्यालय संख्या : २ वटा

वर्षको उत्कृष्ट सहकारी सञ्चारकर्मी सम्मान-२०८२

मोतीराम तिमल्सिना
अध्यक्ष/प्रधान सम्पादक
मदानी बिट डट कम

संक्षिप्त परिचयः
- २०५७ सालदेखि निरन्तर पत्रकारितामा सक्रिय
- नेपाल पत्रकार महासंघ काभ्रे शाखा (२०७४-२०७७) अध्यक्ष
- चेष्टा साप्ताहिकमा कार्यकारी सम्पादक
- प्राईम एफएम १०४.५ मेगाहर्ज, जनआस्था साप्ताहिक, नेपाल समाचार पत्र दैनिक लगायतका संचारमाध्यममा कृयाशिल
- २३ वटा संघसंस्थाबाट सम्मान तथा पुरस्कृत

वर्षको उत्कृष्ट कर्मचारी सम्मान-२०८२



रामकृष्ण दुलाल
काउन्टर इन्चार्ज
काठमाडौं सदस्य सेवा कार्यालय

संक्षिप्त परिचयः
- विगत २०७५ देखि सहकारी क्षेत्रमा कार्यरत
- २०७९ देखि बागमती प्रोस्कून सेवामा कार्यरत रही उत्कृष्ट कार्यसम्पादन गरेका

वर्षको उत्कृष्ट सेवा उपयोगकर्ता सम्मान-२०८२

नेचुरल साकोस
का.म.न.पा.-७, काठमाडौं

संस्थाको परिचयः
सदस्य संख्या : १४६८७, शेयर पूंजी : १६४६१२५००
जगेडा कोष : १२६५३२२५७, जोखिम कोष : १३,०२,८५२६३
कूल बचत : ३१७२४६४१२८, कूल ऋण लगानी : २०१५७५४३१३
कूल सम्पति : ३१०२०३६७१७
अध्यक्ष : सर्मिला सिलपकार, प्रवन्धक : घनश्याम नेपाल
कर्मचारी संख्या : ९१ जना, कार्यालय संख्या : ५ वटा

वर्षको उत्कृष्ट लगानीकर्ता सम्मान-२०८२

बिन्ध्यवासिनी साकोस
पनौती न.पा.-१०, काभ्रेपलान्चोक

संस्थाको परिचयः
सदस्य संख्या : ५२५४९, शेयर पूंजी : ५४४००५८००
जगेडा कोष : ३९,६२,५२,३४१, जोखिम कोष : १०६०३३३०४
कूल बचत : ४,१०,४९,२७,२३७, कूल ऋण लगानी : ३,४६,८०,२०,९६१
कूल सम्पति : ५,३८,२५,१६,२८५, अध्यक्ष : शान्तकुमार श्रेष्ठ
प्र.का.अ : के.वि लामा स्याङतान
कर्मचारी संख्या : १०२ जना, कार्यालय संख्या : १७ वटा

वर्षको उत्कृष्ट बचतकर्ता सम्मान-२०८२

दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
भिमेश्वर न.पा.-३, चरिकोट, दोलखा

संघको संक्षिप्त परिचयः
सदस्य संख्या : ११४, शेयर पूंजी : १३६१७३००
जगेडा कोष : १००६०६३२, जोखिम कोष : ३६१२
कूल बचत : ३८२७५२२६०, कूल ऋण लगानी : ०
कूल सम्पति : ४१३३८३७७२
अध्यक्ष : भूमिराज खड्का, व्यवस्थापक : राजकुमार शिवभक्ति
कर्मचारी संख्या : २ जना, कार्यालय संख्या : १ वटा

वर्षको सहकारी एकीकरण प्रोत्साहन सम्मान-२०८२

श्री बज्रबाराही साकोस
थाहा न.पा.-६, मकवानपुर
२०८१ मा एकीकृत भएको सहकारीहरु बज्रबाराही साकोस
उत्पीडित उत्थान साकोस (२०८१/०४/०१)

संस्थाको संक्षिप्त परिचय :
सदस्य संख्या : २३८४, शेयर पूंजी : २१४४५८००
जगेडा कोष : १७४१८०५४, जोखिम कोष : ९०२८७०१
कूल बचत : ११०७९११२७, कूल ऋण लगानी : २१६९७७२०२
कूल सम्पति : २७२४४३१२२, बाह्य ऋण : २६६६६६७२
अध्यक्ष : फणिन्द्रनाथ सुवेदी, व्यवस्थापक : रन्जीत अर्याल
कर्मचारी संख्या : ७ जना, कार्यालय संख्या : २ वटा

कोशिस दोश्रो समूहको आठौं *We Can* कार्यशाला सम्पन्न

१६ कार्तिक २०८२। बागमती प्रोस्कूनले विकास गरेको साकोस स्तरीकरण कार्यक्रम **"संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस)**/Cooperatives self-regulation program for Organizational sustainability and Institutionalized Services (COSIS)" कार्यक्रममा आवद्ध दोश्रो समूहको आठौं WE CAN कार्यशाला नव चौतर्फी बचत तथा ऋण सहकारी संस्था लि.गोकर्णेश्वर न.पा ५, जोरपाटी, काठमाडौंको आयोजना र बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा सम्पन्न भएको छ ।

आयोजक नवचौतर्फी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष महेश कुमार श्रेष्ठको अध्यक्षतामा, गोकर्णेश्वर न.पा वडा नं.४ का वडाअध्यक्ष जयराम महत तथा बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाको आतिथ्यतामा समूहमा आवद्ध ९ वटा सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागितामा जे.वि फिसिङ रिसोर्ट, गोकर्णेश्वर ४ किसिगाल काठमाडौंमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

बागमती प्रोस्कून सन्जाल आवद्ध सहकारी संस्थाहरुको दिगो विकासका लागि सुशासन प्रर्वद्धन, वित्तीय दिगोपनाको लागि व्यवसायिक क्षमता विकास, कानुनी पालना र गुणस्तरीय सदस्य सेवा विकास गराउने उद्देश्यले बागमती प्रदेश सरकारसंगको सामूहिक स्वामित्वमा विकास भएको कोशिस कार्यक्रम अर्न्तगत हरेक ३/३ महिनामा आयोजना हुने WE CAN कार्यशालामा कुनै एक नविनतम विषयमा अनुशिक्षण गरिन्छ भने समूहमा आवद्ध सम्पूर्ण संस्थाहरुको प्रगति विवरणहरु प्रस्तुती गरी थप पृष्ठपोषण गर्ने गरिएको छ । यसै परम्पराको आधारमा सम्पन्न आठौं कार्यशालामा **प्रतिवेदन तथा अभिलेखहरुको दस्तावेजीकरण** (Documentation and Reporting) सँग सम्बन्धित भई कार्यालयमा रहने अभिलेख एवम् प्रतिवेदनहरु र सोको व्यवस्थापन विषयमा संघका कार्यक्रम अधिकृत बिमला पुडासैनीले अनुशिक्षण गर्नु भएको थियो भने समूहमा आवद्ध ९ वटै संस्थाहरुले आफ्नो प्रगति प्रतिवेदनहरु प्रस्तुत गर्नु भएको थियो । संघका कार्यक्रम अधिकृतद्वय बिमला पुडासैनी र किशोर पौडेलले प्रस्तुत भएका प्रतिवेदनहरुमा प्राविधिक रुपमा पृष्ठपोषण गर्नु भएको थियो ।

अतिथीको आशनबाट बोल्दै बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाले संघका प्राविधिकहरुले स्थलगत रुपमा तथा कार्यशालामा दिएका सुझावहरुलाई अक्षरस पालना गर्दै कार्ययोजना बनाई अगाडि बढ्नका लागि अनुरोध गर्दै नियामकीय मापदण्ड, ऐन, कानुनको पालनामा प्रतिवद्ध हुन अनुरोध गर्नु भएको थियो भने गोकर्णेश्वर न.पा वडा नं.४ का वडाअध्यक्ष जयराम महतले सहकारीमा सुशासनको विषयलाई जोड दिनु हुदै कानुनी परिपालनालाई नजर अन्दाज नगरी परिपालना गर्नका लागि निर्देशन दिदै कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो । कार्यक्रममा आयोजक संस्थाको उपाध्यक्ष विजया खनालले उपस्थित सबैलाई स्वागत गर्नु भएको थियो भने कोषाध्यक्ष प्रदिप फुयालले कार्यक्रम सन्चालन गर्नु भएको थियो ।

कार्यशाला विभिन्न विषयमा सामूहिक प्रतिवद्धता गर्दै आगामी नवौं कार्यशाला श्रीलाभ साकोस न्यूरोड काठमाडौंको आयोजनामा मिति २०८२ माघ १७ गते शनिबारका दिन आयोजना गर्ने निर्णय सहित समापन भएको थियो ।

लेख

सहकारी क्षेत्रमा नियमनको प्रभाव

बल्लभ तिमल्सिना
प्राचार्य, नेफस्कून

सहकारीहरूले नियमनलाई केवल बोझ होइन, सुधार र आधुनिकीकरणको अवसर का रूपमा लिन आवश्यक छ। त्यसका लागि सहकारीहरूले केही आधारभूत तयारी अनिवार्य रूपमा गर्नुपर्छ। संस्थागत क्षमता विकासका लागि अभिलेख व्यवस्थापन, आन्तरिक नियन्त्रण, लेखा प्रणाली र प्राविधिक दक्षतामा सुधार गरि हाल्नुपर्छ।

गत आर्थिक बर्षमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन भएपछि सहकारी क्षेत्रमा कानुन पालना गर्न गराउनका निमित्त विभिन्न मापदण्ड, सर्कुलरहरु आदि जारी हुन थालेका छन् । २०८२ जेष्ठ ९ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड पछि प्राधिकरण पुर्ण रुपमा गठन भइ सञ्चालनमा आएपछि भाद्र १८ मा केही सामान्य संसोधन सहित जारी भएको थियो । त्यसयता प्राधिकरणले अन्य मापदण्ड तथा निर्देशनहरु पनि जारी गरेको छ। यो लेख तयार गर्दासम्म प्राधिकरणले बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको अभिलेखीकरणका लागि अनलाईन पोर्टल समेत सार्वजनिक गरेको छ । अबको केही समय नयाँ नियामकीय वातावरणका प्रभाव र सहकारी संघसंस्थाको अबको मार्गदिशाका विषयमा चर्चा गर्नु उचित हुनेछ ।

प्राधिकरणद्वारा जारी मापदण्ड, निर्देशन र कार्यविधिहरूले सहकारी क्षेत्रलाई संरचित, पारदर्शी र दिगो बनाउने स्पष्ट उद्देश्य बोकेको छ । पछिल्ला वर्षहरूमा कतिपय सहकारीमा देखिएको विचलन, मनपरी अभ्यास, जोखिमयुक्त लगानी, पारदर्शिताको कमी र सदस्य-हित विपरीत निर्णयहरूले सहकारीमाथि जनविश्वास कमजोर पारेको थियो। वर्तमान नियामकीय संरचनाले यिनै समस्याहरूलाई सम्बोधन गर्दै सहकारीलाई जिम्मेवारीपूर्ण वित्तीय मध्यस्थका रूपमा पुनःस्थापित गर्न चाहेको देखिन्छ। यी मापदण्डहरूको प्रभाव, चुनौती र सहकारीले गर्नुपर्ने तयारीहरूलाई एकीकृत रूपमा हेर्दा सुधारका सम्भावनाहरू स्पष्ट देखिन्छन् ।

सबैभन्दा पहिला, प्राधिकरणका मापदण्डहरूले सहकारीहरूको संस्थागत सुशासन मजबुत बनाउने प्रभाव राख्छन् । दर्ता, अभिलेख व्यवस्थापन, सभा सञ्चालन, निर्णय प्रक्रिया, पदाधिकारीको उत्तरदायित्व र लेखापरीक्षण सम्बन्धी नियमहरूले सहकारीलाई व्यक्ति निर्भरता र अनौपचारिक अभ्यासबाट हटाएर प्रक्रियामा-आधारित सञ्चालनतर्फ लैजान लक्ष्य राखेको छ। यसले पारदर्शिता, जवाफदेहिता र दीर्घकालीन स्थायित्वमा सुधार ल्याउँन सक्छ । सहकारीहरूमा नीति-निर्णय एकरूप हुने, कागजीभन्दा तथ्यमा-आधारित निर्णयको संख्या बढ्ने र संस्थागत विश्वसनीयता उच्च हुने अपेक्षा गर्न सकिन्छ ।

दोस्रो, आर्थिक तथा वित्तीय पक्षमा यी नियमनहरूको प्रभाव अझ गम्भीर हुन सक्छ । जोखिम परीक्षण, स्थिरीकरण कोष, ऋण सम्बन्धि मापदण्डहरु, दायित्व-सम्पत्ति मिलान र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धि मापदण्डहरू लागू भएपछि सहकारीको वित्तीय स्वास्थ्य सुधारिन्छ । जोखिमयुक्त लगानीमा रोक, अवैध रकमको प्रवेशमा नियन्त्रण, अत्यधिक व्याज आकर्षणमा सीमितता र अनियमित ऋण प्रवाहमा बन्देज लाग्ने भएकोले सदस्यहरूको बचत सुरक्षित गराउन सकिन्छ । वित्तीय अनुशासन बढ्दा सहकारीको प्रतिवेदन विश्वसनीय बन्छ र सदस्य-हितमा स्थायी सुधारको वातावरण तयार हुन्छ ।

मुख्य गरी नयाँ नियमनका क्षेत्रहरुले वित्तीय व्यवस्थापनमा पुंजीको पर्याप्ततालाई कडाइ गरेको छ । पुंजी पर्याप्ततामा कडाइ गर्दा भविष्यमा सहकारीहरुले वित्तीय अनुशासनलाई हदैसम्मको पालना नगर्ने हो भने मुनाफा आर्जन र वितरण गर्न सक्ने क्षमता ह्रास हुन सक्छ। ऋण लगानी, असुली र जोखिम कोषको व्यवस्थालाई मापदण्डले उच्चस्तरमा प्राथमिकता दिएको छ । यसका आधारमा अबका दिनमा सहकारी संस्थाको ऋण व्यवस्थापनमा पुरानो शैली मात्रै पर्याप्त हुँदैन । ऋणको व्यवस्थापन अत्यन्तै अनुशासित र पुर्ण रुपमा व्यावसायिक हुनुपर्छ । यसका लागि प्रशिक्षण, सीप र ज्ञानको लागि तयारी गर्नुपर्छ । पुंजी पर्याप्तताको विषय सदस्यसंग प्रत्यक्ष रुपमा जोडिने भएकोले यसको बारेमा सदस्यलाई जानकारी दिनुपर्छ । अबका दिनमा सदस्य शिक्षाका कार्यक्रमहरुमा विशेष जोड दिनु झनै अपरिहार्य भैसकेको छ ।

तर, यी सबै सुधारका बाबजुत केही प्रमुख चुनौतीहरू पनि देखिन्छन् । धेरै सहकारीसँग जनशक्ति, प्राविधिक दक्षता र अभिलेख व्यवस्थापनजस्ता आधारभूत क्षमता कमजोर छ। नियमन

कार्यान्वयनका लागि आवश्यक प्राविधिक संरचना नभएका साना सहकारीहरूले सुरुमा उच्च भार महसुस गर्न सक्छन् । पुरानै कार्यशैलीमा अभ्यस्त नेतृत्व, पदाधिकारी र कर्मचारीले पारदर्शी अभ्यास तथा कडाइका नियमहरूलाई सहज स्वीकार नगर्न पनि सक्छन् । प्राधिकरणसँग पनि देशभरका सहकारीलाई नियमित निरीक्षण गर्न पर्याप्त जनशक्ति र संसाधन छैन । वित्तीय साक्षरता कम भएका सदस्यहरूले नयाँ नीतिगत व्यवस्था बुझ्न कठिनाइ महसुस गर्न सक्छन् । यी चुनौतीहरूको व्यवस्थापन नहुँदा मापदण्डको प्रभाव कमजोर बन्न सक्छ ।

यही कारणले, सहकारीहरूले नियमनलाई केवल बोझ होइन, सुधार र आधुनिकीकरणको अवसरका रूपमा लिन आवश्यक छ । त्यसका लागि सहकारीहरूले केही आधारभूत तयारी अनिवार्य रूपमा गर्नुपर्छ । संस्थागत क्षमता विकासका लागि अभिलेख व्यवस्थापन, आन्तरिक नियन्त्रण, लेखा प्रणाली र प्राविधिक दक्षतामा सुधार गरिहाल्नुपर्छ । सुशासन संरचना स्पष्ट गर्दै भूमिका, अधिकार र जिम्मेवारीलाई व्यवस्थित गर्नुपर्छ । मुख्यगरी जोखिम व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा लागू गरेर उच्च जोखिमयुक्त लगानीमाथि नियन्त्रण, ऋण लगानीमा व्यापक सुधार र वित्तीय अनुशासन कायम गर्न कुनै कसर बाँकी राख्नु हुँदैन । त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धि नियमहरुको कडाइका साथ पालना गर्दै सदस्य पहिचान, लेनदेन निगरानी र कागजात व्यवस्थापनलाई नियमित गर्ने संयन्त्र बनाई कार्यान्वयन गर्नुपर्छ । सदस्यलाई नियमित जानकारी दिने, वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने र सेवामा पारदर्शिता बढाउने खालका कार्यविधिहरुको विकास गरेर संस्था सञ्चालन गर्नुपर्छ । साथै, समिति तथा कर्मचारीलाई निरन्तर तालिम प्रशिक्षण प्रदान गर्नु पनि आवश्यक छ ।

सहकारी क्षेत्र नेपालमा केवल वित्तीय सेवा प्रदायक मात्र होइन, समुदायमा आधारित वृहत आर्थिक संरचना हो । यसको सफलताले लाखौं सदस्यको बचत सुरक्षित रहन्छ, आय-आर्जनका अवसर बढ्छ र स्थानीय अर्थतन्त्र सक्रिय हुन्छ । नियमनको लक्ष्य पनि यही आधारलाई मजबुत बनाउनु हो । सहकारी क्षेत्रको अनियमितता घटाएर, संस्थालाई दीर्घकालीन रूपले सक्षम बनाउन सहकारीहरूले उचित तयारी, सक्रिय नेतृत्व र सदस्य-केन्द्रीत दृष्टिकोण अपनाएमा यी मापदण्डहरू सहकारी क्षेत्रको पुनर्जीवनको महत्वपूर्ण मोड बन्न सक्छन् ।

सहकारीहरूको दिगो भविष्य नियमनको कडाइमा होइन, नियमलाई संस्थागत संस्कृतिको रूपमा आत्मसात गर्ने क्षमतामा निर्भर रहन्छ । यदि सहकारीहरूले पारदर्शिता, तथ्यमा आधारित निर्णय, वित्तीय अनुशासन र सदस्य-हितलाई प्राथमिकता दिन सके, सहकारी क्षेत्र पुनः विश्वसनीय, सुरक्षित र समुदाय-केन्द्रीत वित्तीय मोडेलको रूपमा स्थापित हुनेछ ।

World Cooperation Economic Forum का Executive President बागमती प्रोस्कूनमा

१६ श्रावण २०८२ । The World Cooperation Economic Forum (WCoop-EF) का Executive President विनोद आनन्दले बागमती प्रोस्कूनको औपचारिक भ्रमण गर्नु भएको छ। The World Cooperation Economic Forum (WCoop-EF) र बागमती प्रोस्कूनको संयुक्त आयोजनामा एशियाली मुलुकहरुबाट सहभागी गराई नेपालमा अन्तराष्ट्रियस्तरको गोष्ठीको सम्भाव्यता अध्ययनका लागि उहाँले बागमती प्रोस्कूनको भ्रमण गर्नु भएको हो ।

सहकारीको अन्तराष्ट्रिय अभ्यासलाई नेपाल भित्र्याउने तथा नेपालको वर्तमान सहकारी समस्या समाधानमा अन्तराष्ट्रिय सहकारी विज्ञहरुबाट प्राविधिक ज्ञान हस्तान्तरण गर्ने उद्देश्यले नेपालमा उक्त गोष्ठीको आयोजना गर्न खोजिएको हो । विशिष्ट र मर्यादित व्यवसायको रुपमा विश्वभर सञ्चालन भई रहेको सहकारी नेपालमा भने फरक अभ्यास हुन जाँदा वास्तविक सहकारीको सिद्धान्त अनुसार काम हुन नसकेको समयमा यो गोष्ठीले नेपालको सहकारी अभियानलाई यू टर्न गराउने अपेक्षा लिइएको छ । २०८२ मंसिर वा पौष महिनामा आयोजना गर्ने लक्ष्य लिइएको उक्त गोष्ठी पछिल्लो राजनीतिक घटनाक्रमका कारण सुरक्षाको दृष्टीकोणबाट केही समय पछि आयोजना हुनेछ ।

बागमती प्रोस्कूनको सदस्य सेवा कार्यालयमा संघका पदाधिकारी, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत एवम् उच्च व्यवस्थापनले उहाँलाई स्वागत गर्नु भएको थियो ।

कोशिस कार्यक्रम पहिलो समूहको दशौं *We Can* कार्यशाला सम्पन्न

२१ भाद्र २०८२ । नेपालको बचत तथा ऋण अभियानमा स्तरीकरण कार्यक्रमले ल्याएको सकारात्मक परिवर्तनलाई प्रत्येक बचत तथा ऋण सहकारी संस्थासम्म पुऱ्याउनु संघको दायित्व हो भन्ने हेतुले बचत तथा ऋण सहकारी अभियानमा रहेको विद्यमान जोखिमको छिटो व्यवस्थापन गरी सहकारी संस्थाहरुमा आवद्ध सदस्यहरुको रकमको सुरक्षा गर्न र बचत तथा ऋण सहकारी संस्थाहरुको द्रुततर व्यवसायिक विकासमार्फत सबै किसिमको जोखिमबाट बचाउनका लागि स्तरीकरण कार्यक्रम मार्फत मात्रै सम्भव रहेको छ भन्ने उद्देश्यले बागमती प्रोस्कूनले विकास गरेको **संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस)** Cooperatives self-regulation program for Organizational sustainability and Institutionalized Services (COSIS) कार्यक्रममा पहिलो पटक आवद्ध भई आफ्नो संस्थालाई निरन्तर सुधार गर्दै आइरहनु भएको साकोसहरुको पहिलो समूहको दशौं We Can कार्यशाला महिला मातृशिशु बचत तथा ऋण सहकारी संस्था लि. सुनकोशी गा.पा ७, पाङग्रेटार, सिन्धुपाल्चोकको आयोजनामा र बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा सिन्धुपाल्चोक स्थित आत्मनिर्भर बचत तथा ऋण सहकारी संस्था लि. को सभाहलमा सम्पन्न भएको थियो ।

"कोशिस" कार्यक्रम बागमती प्रोस्कूनले विकास गरी तत्कालिन बागमती प्रदेश भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी महाशाखाले स्वीकृत गरेको अभियान र सरकारको सामूहिक स्वामित्वको कार्यक्रम हो । वित्तीय क्षेत्रबाट पर्ल्स अनुगमन प्रणालीका ४६ वटा सूचक मध्येबाट छानिएका १५ वटा सूचकहरु र प्रचलित कानुन, विश्वव्यापी सहकारीका असल अभ्यास, संस्थाको व्यवसायिक विकासका अवधारणाहरुलाई सहकारीको सर्वोत्तम विकास सुचकको प्रतिकका रुपमा कैलाश (KAILASH) को नामाकरण गरी यस क्षेत्रबाट ३८ वटा सूचकहरु समावेश गरी कूल ५३ वटा सूचकहरुमा कार्यक्रममा आवद्ध सहकारी संस्थाहरुलाई अभ्यास गराई सुधार गर्ने कार्यक्रमले लक्ष्य लिएको छ ।

कार्यक्रममा आवद्ध समूहका सहकारी संस्थाहरुले पालोपालो गरेर प्रत्येक तीन तीन महिनामा सार्थक एवम् प्रभावकारी सहयोग र नविनता व्यवस्थापन कार्यशाला (Worth And Effective Cooperation And Novelty Management Workshop) आयोजना गरी अनुभव आदान प्रदान गर्ने कार्यक्रमको Format अनुसार आयोजित दशौं कार्यशाला आयोजक संस्थाको अध्यक्ष देवी तिमल्सिनाको अध्यक्षता र सुनकोशी गाउँपालिका अध्यक्ष श्री टपिन्द्रप्रसाद तिमल्सिनाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । बागमती प्रोस्कूनका पूर्व सञ्चालक तथा सुनकोशी गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष श्री चक्रबहादुर बस्नेत र बागमती प्रोस्कूनका पूर्व सञ्चालक श्री कृष्णप्रसाद सुवेदीको आतिथ्यता रहेको कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्नु हुँदै बागमती प्रोस्कूनका पूर्व सञ्चालक कृष्ण प्रसाद सुवेदीले कोशिस कार्यक्रमले ल्याएको परिवर्तन र यसको सन्देशलाई सबै साकोसमा पुग्ने गरी कार्य गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो भने पूर्व सञ्चालक एवम् सुनकोशी गा.पा वडा नं. ६ का वडाध्यक्ष चक्रबहादुर बस्नेतले सहकारीको योगदान र सहकारीले गराएको पहिचानका कारण आज समाज सेवामा लाग्न प्रेरणा जागेको प्रसंग जोड्दै सहकारीले लिएको लक्ष्य पूरा गर्न व्यवस्थापन प्रतिवद्ध रहन सुझाव दिनुभयो थियो । प्रमुख अतिथीको आशनबाट सुनकोशी गा.पा का अध्यक्ष टपिन्द्रप्रसाद तिमल्सिनाले कोशिस कार्यक्रमले ल्याएको सुधारका विषयमा आफूलाई ज्ञान भएको प्राय यस किसिमको कार्यक्रममा चासोको साथ आफू उपस्थिती रहने यस कार्यक्रमले निकै राम्रो सन्देश बोकेकोले यसको सूचकमा रही असल अभ्यासको अनुशरण गर्न सुझाव सहित कार्यक्रमको निरन्तरताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

कुनै एक नविनतम विषयमा अनुशिक्षण गर्ने कार्यक्रमको परम्परा अनुसार कार्यक्रम अधिकृत विमला पुडासैनीले प्रतिवेदन तथा अभिलेखहरुको दस्तावेजीकरण (Documentation and Reporting) सँग सम्बन्धित भई कार्यालयमा मुख्यतया तीन किसिमका अभिलेखहरु जसमा प्रशासनिक अभिलेख, ऋण अभिलेख र लेखा अभिलेख रहने व्यवस्था भएको, महत्व र आवश्यकताका आधारमा अभिलेखलाई वर्गिकरण गरी सोको व्यवस्थापनको जिम्मेवारी तोक्नुपर्ने र छुट्टा छुट्टै अभिलेखीकरण हुनुपर्ने भन्ने लगायतका विषयवस्तुमा अनुशिक्षण गर्नु भएको थियो ।

समूहमा आवद्ध १० वटा सहकारी संस्था मध्ये ९ वटा सहकारी संस्थाहरुको उपस्थिती रहेको कार्यशालामा उपस्थित सहकारी संस्थाहरुले आफ्नो वित्तीय तथा गैह्र वित्तीय प्रगतिको प्रस्तुतीकरण गर्नु भएको उक्त कार्यशालामा आयोजक संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक दिलकुमारी न्यौपानेले उपस्थित सबैलाई शब्दबाट स्वागत गर्नु भएको थियो भने आयोजक संस्थाको कर्मचारी प्रतिमा तिमल्सिनाले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

विभिन्न विषयमा सामूहिक प्रतिबद्धता सहित आगामी एघारौं कार्यशाला स्पष्ट साकोस, चाबहिल काठमाडौंको आयोजनामा मिति २०८२ मंसिर २७ गते शनिबारका दिन आयोजना गर्ने निर्णय सहित कार्यशाला समापन भएको थियो । ❁

लेख

सहकारी संस्थाको लेखा परीक्षणमा *NFRS* को प्रयोग र प्रभाव

सि.ए. सरोज शर्मा
एस.बि. शर्मा एण्ड एशोसियट्स

परिचय

आर्थिक प्रतिवेदन कुनै पनि आर्थिक संस्थाका लागि पारदर्शिता, जवाफदेहिता र सूचित निर्णय-निर्माणको प्रमुख आधार हो । विश्वव्यापी व्यापारको विस्तार र वित्तीय संरचनाको जटिलताले विश्वका विभिन्न देशहरूलाई एकीकृत प्रतिवेदन मापदण्ड अपनाउन प्रेरित गरेको छ। नेपालको सन्दर्भमा, यो परिवर्तन नेपाल वित्तीय प्रतिवेदन मानक (NFRS) को अवलम्बनद्वारा प्रतिनिधित्व हुन्छ, जुन अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मानक (IFRS) सँग धेरै हदसम्म मिल्दोजुल्दो छ ।

NFRS ले नियममा आधारित परम्परागत लेखा पद्धतिको युगको अन्त्य गर्दै विश्वव्यापी रूपमा मिल्दोजुल्दो, सिद्धान्तमा आधारित नयाँ अभ्यासको सुरुवात गरेको छ। नेपाल लेखा मानक बोर्ड (ASB Nepal) ले यी मानकहरू निर्माण गर्ने जिम्मेवारी वहन गर्दै आएको छ। जसको मुख्य उद्देश्य नेपालका वित्तीय संस्थाहरूका वित्तीय विवरणहरूको गुणस्तर, तुलनात्मकता र विश्वसनीयता वृद्धि गर्नु हो । NFRS प्रारम्भमा उल्लेखित केही क्षेत्रहरूमा लागू गरिएको थियो, र विस्तारै यसको अनिवार्यता सार्वजनिक सरोकार बढी हुने सहकारी क्षेत्रमा पनि विस्तार छ ।

नेपालमा सहकारी ग्रामीण सामाजिक र आर्थिक जीवन परिवर्तनको मूल आधार हो । देशभर हजारौं सहकारी संस्था सञ्चालनमा छन्, जसमध्ये बचत तथा ऋण सहकारी (SACCOs) अधिक छन र उनीहरुले वित्तीय पहुँच बाहिरका आम मानिस सम्म वित्तीय पहुँच अभिवृद्धि गरेका छन् । सहकारीहरूले सार्वजनिक कोष परिचालन गर्छन्, समुदायमा वित्तीय सेवा प्रदान गर्छन् र स्थानीय क्षेत्रमा आर्थिक विकासको ठूलो हिस्सा सम्हाल्छन् । त्यसैले, पारदर्शी प्रतिवेदन मापदण्डको आवश्यकता अपरिहार्य बनेको छ ।

फाइदाहरु

NFRS ले वित्तीय सूचनाको गुणस्तर, विश्वसनीयता र तुलनात्मक अध्ययनमा अभिवृद्धि गराउदछ । यसको प्रयोगले पारदर्शितामा व्यापक आएको छ । आवश्यकताको सिद्धान्तमा आधारित दृष्टिकोणबाट NFRS मा हुने विस्तृत खुलासाले प्रतिवेदनलाई विश्वासनीय बनाउँछ, यसले कानुनी आवश्यकता मात्र पूरा गर्दैन, संस्थाको वित्तीय विवरणमार्फत यसको गतिविधिको वास्तविक सार उजागर गर्छ । यस किसिमको दृश्यात्मकताले सरोकारवालाहरू (Stakeholders) लाई संस्थाको वित्तीय स्थिति तथा यसले सामना गरिरहेको जोखिमहरूसम्बन्धी स्पष्ट बुझाइ प्राप्त गर्न सजिलो बनाउँछ ।

कुनै पनि प्रतिवेदनको तुलनात्मक अध्ययन अपरिहार्य छ । NFRS ले तुलनात्मक क्षमतामा वृद्धि गराउँदछ । NFRS अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मिल्दोजुल्दो भएकाले अन्तराष्ट्रिय संस्थाहरूसंग पनि वित्तीय सूचनाको तुलना गर्न सहज बनाउँछ । यसले कार्यक्षमता वा जोखिम-स्थिति परिवर्तन निगरानी गर्नुपर्ने अवस्थामा नियामक निकाय, सहायोगी संस्थाहरू तथा वित्तीय संस्थाहरूका लागि विश्वासनीय र उपयोगी हुन्छ ।

> नियामकीय दृष्टीबाट पनि सहकारी क्षेत्रको खुलापन र मानकीकृत प्रतिवेदन विश्वासिलो हुनु जरुरी छ। सरकार तथा सहकारी नियमन गर्ने प्राधिकरणद्वारा कडाइका साथ अनुगमन भइरहेका अवस्थामा, **NFRS** ले भविष्यका नियामक अपेक्षासँग मेल खाने संरचना प्रदान गर्दछ।

NFRS ले वित्तीय विवरणहरूलाई थप विश्वासिलो बनाउँछ । एउटै मानकअनुसार प्रतिवेदन प्रस्तुत गरिनाले विविध सरोकारवालाहरूमा संस्थाप्रतिको भरोसा वृद्धि गराउँछ । यस्तो विश्वासले पूँजी उपलब्धता बढाउन र मजबुत साझेदारी निर्माण गर्न समेत सहयोग पुऱ्याउदछ । वित्तीय कारोबारहरू झन् जटिल बन्दै गएको वर्तमान परिस्थितिमा, नयाँ प्रतिवेदन मानकहरूले संस्थाहरूलाई प्रभावकारी रूपमा अनुकूलन गर्न मद्दत गर्छन् र तिनका वित्तीय अभिलेखहरूलाई शुद्ध मात्र होइन, विश्वव्यापी उत्तम अभ्यासअनुसार अद्यावधिक राख्न सक्षम बनाउँछन् । दीर्घकालीन रूपमा NFRS ले अनुशासित वित्तीय व्यवस्थापन, मजबूत आन्तरिक नियन्त्रण, र नैतिक प्रतिवेदन अभ्यासलाई प्रोत्साहन दिँदै सुशासन (Corporate Governance) मा सकारात्मक प्रभाव पार्दछ ।

सहकारीमा NFRS किन ?

नेपालको सन्दर्भमा सहकारी संस्थाहरु विशेष र संवेदनशील भूमिका निर्वाह गर्ने सशक्त इकाइ हुन । सहकारी औपचारिक बैंकिङ प्रणाली नपुगेका क्षेत्रका व्यक्तिहरूको ठूलो परिमाणको बचत संकलन गर्न सक्षम छन् । पारदर्शिता, सुशासन, र वित्तीय अनुशासनसम्बन्धी गम्भीर समस्याहरूले सहकारी क्षेत्रलाई निकै प्रभावित पारेका छन्, र यी समस्याहरूबाट मुक्त हुने प्रभावकारी उपायका रूपमा NFRS को अवलम्बन अत्यावश्यक बनेको छ ।

सदस्य भित्र कारोबार गरे पनि सहकारीहरूले सार्वजनिक निक्षेप संकलन गर्छन् र बैंकहरूले जस्तै ऋण सुविधा उपलब्ध गराउदछन्। त्यसैले सहकारीका वित्तीय विवरणहरूले सत्य, स्पष्ट र विश्वसनीय अवस्था प्रतिविम्बित गर्नु पर्छ। रिपोर्टिंङमा एकरूपता र मापदण्डको अभाव हुंदा कमजोर ऋण व्यवस्थापन, कम आंकलित दायित्व वा फुलाइएको सम्पत्तिजस्ता जोखिमहरू देखिनै नपाई लुकेर जाने सम्भावना रहन्छ, जसले हजारौं निक्षेपकर्ताको वित्तीय सुरक्षालाई जोखिममा पार्न सक्छ । NFRS ले यस्ता समस्यालाई निष्पक्ष मल्याङ्कन, ह्रास-परीक्षण (Impairment Assessment), र पूर्ण खुलासामार्फत व्यवस्थित रूपमा सम्बोधन गर्छ ।

NFRS अपनाउँदा सहकारी क्षेत्रभित्र हुने अनियमितता र लापरवाहीका सम्भावनाहरू उल्लेखनीय रूपमा न्यून हुन्छन् । नेपालका धेरै सहकारीहरूमा कमजोर ऋण वर्गीकरण, नखुलाइएका दायित्व, तथा मातृ-सहायक संस्थाबीचका लेनदेनजस्ता मुद्दाहरू बारम्बार देखिएका छन्, जुन कडाइका साथ लागु हुने रिपोर्टिङ मापदण्डको अभावका कारण उत्पन्न भएका हुन । NFRS ले हरेक कारोबार र क्रियाकलापहरुको खुलासा दिनु पर्ने हुंदा यस्तो क्रियाकलापहरु गर्न व्यवस्थापनलाई सहज नहुँदा सुधार गर्न सहयोग पुग्दछ ।

सहकारीका वास्तविक मालिक सदस्य नै हुन् त्यसैले संस्था उनीहरु प्रति जवाफदेही हुनु पर्दछ । वित्तीय विवरणहरू एकरूप मापदण्डअनुसार तयार गरिंदा सदस्यहरूले संस्थाको प्रदर्शन सहजै बुझ्न र मल्याङ्कन गर्न सक्छन्, जसले तिनीहरूलाई राम्रो निर्णय लिन सक्षम बनाउनुका साथै सुशासनको माग गर्न थप शक्तिशाली बनाउँछ र सहकारी लोकतन्त्र बलियो हुन जान्छ । सहकारीहरू केवल बचत र ऋण सेवा प्रदान गर्ने साधन होइनन् । सहकारीहरूले आफ्नो पूंजी परिचालन मार्फत दुग्ध, कृषि, पशुपालन तथा अन्य व्यवसायीक क्षेत्रमा योगदान गरिरहेका छन्, यी सबै क्षेत्रमा उच्चस्तरीय लेखा-प्रक्रिया आवश्यक हुन्छ । परम्परागत लेखा प्रणालीले वहन गर्न नसक्ने भार NFRS ले पहिचान, मापन, तथा प्रस्तुतीकरणसम्बन्धी विस्तृत र व्यावहारिक मार्गदर्शन मार्फत वहन गर्दछ ।

नियामकीय दृष्टीबाट पनि सहकारी क्षेत्रको खुलापन र मानकीकृत प्रतिवेदन विश्वासिलो हुनु जरुरी छ । सरकार तथा सहकारी नियमन गर्ने प्राधिकरणद्वारा कडाइका साथ अनुगमन भइरहेका अवस्थामा, NFRS ले भविष्यका नियामक अपेक्षासँग मेल खाने संरचना प्रदान गर्दछ। जसले सहकारीहरूलाई नीतिगत परिवर्तनका उतारचढावप्रति थप मजबुत बनाउँछ ।

सहकारीको गुम्दो साख पुनःस्थापना गर्न NFRS अत्यन्त सहयोगी हुन्छ। केही सहकारीहरूमा देखिएका अनियमिताका काण्ड, कुप्रबन्ध तथा वित्तीय पतनपछि खस्केको जनविश्वास गुणस्तरीय वित्तीय प्रतिवेदन मापदण्डको कार्यान्वयनले पुर्नजीवित गर्नेछ । NFRS सहकारीका लागि केवल प्राविधिक औपचारिकता होइन यो सदस्यहरूको हित संरक्षण गर्ने, वित्तीय अनुशासन कायम राख्ने र तीव्र गतिमा रूपान्तरण हुँदै गरेको आर्थिक वातावरणमा सहकारी क्षेत्रको दीर्घ अस्तित्व सुनिश्चित गर्ने शक्तिशाली साधन हो ।

नियामक हिसाबले हेर्दा पनि सहकारी संस्थामा NFRS लागू गर्नैपर्ने हुन्छ । Accounting Standards Board, Nepal (ASB Nepal) र Institute of Chartered Accountants of Nepal (ICAN) द्वारा निर्धारण गरिएको अनुसार, नेपालमा NFRS (Nepal Financial Reporting Standards) अनिवार्य लागू हुने र लागु गर्नुपर्ने संस्थाहरू (Entities) र कर्पोरेटहरूको श्रेणी (Categories) र प्रवर्तन तालिका (Implementation Timeline) देहाय बमोजिम प्रस्तुत गरेको छ ।

प्रकार (Type)	समावेश संस्थाहरु	कार्यान्वयन समय (Timeline)
Type A	➢ सूचीवद्ध (Listed) बहुराष्ट्रिय उत्पादन कम्पनीहरू -Listed Multi-national Manufacturing Companies) ➢ सूचीवद्ध राज्यको स्वामित्व भएका उद्यमहरू -SOEs) जसको कम्तीमा पेड-अप पुंजी रु. ५ अर्ब वा सो भन्दा बढी छ (Bank & Financial Institutions (BAFIA) अन्तर्गत नगरी)	आ.व २०७१/०७२ (F.Y. 2014/015) बाट
Type B	➢ व्यावसायिक बैंकहरू -Commercial Banks), सामेल गरी राज्य स्वामित्व भएका व्यावसायिक बैंकहरू समेत ➢ अन्य सूचीवद्ध राज्यका स्वामित्व भएका उद्यमहरू -SOEs)	आ.व २०७२/०७३ (F.Y. 2015/016) बाट
Type C	➢ अन्य सबै वित्तीय संस्था (Financial Institutions) जुन A र B अन्तर्गत बाहेकका, ➢ अन्य राज्य स्वामित्व भएका उद्यमहरू -Other SOEs) ➢ बीमा कम्पनीहरू ➢ अन्य सबै सूचीवद्ध कम्पनीहरु (Other Listed Companies)	आ.व २०७३/०७४ (F.Y. 2016/017) बाट
Type D	➢ साना र मध्य तहका उद्यमहरू -Small and Medium-Sized Entities-SMEs) जसले सार्वजनिक उत्तरदायित्व (Public Accountability) नपाउछन् यस्तो अवस्थामा, ती संस्थाहरूले पूर्ण NFRS होइन, तर NFRS for SMEs अपनाउनेछन्	ICAN ले १७ July 2023 (F.Y.2080/081) देखि अनिवार्य हुने घोषणा गरेको हो

यस आधारमा – कानुनी र नियामक दृष्टिकोणले सहकारी संस्थाहरूलाई NFRS (वा तिनीहरूको आकार अनुसार NFRS for SMEs/NAS for MEs) अपनाउनुपर्ने अनिवार्य गरिएको छ । विशेष गरी ICAN ले सहकारी क्षेत्रका लागि "आ.ब. २०८०/०८१" (F.Y. 2023/024) बाट NFRS/NAS आधारित लेखा प्रणाली अनिवार्य गर्ने सूचना आ.व. २०७९/०८० मा नै जारी गरिसकेको छ ।

सहकारीमा NFRS लागु गर्दा आइपर्ने चुनौतीहरु

सहकारीहरूमा NFRS अवलम्बन गर्ने फाइदाहरू नकार्न नसकिने भए तापनि, यसको कार्यान्वयन चुनौतीपूर्ण अवश्य छ । ती मध्येको मुख्य चुनौती भनेको प्राविधिक ज्ञान र दक्षताको अभाव हो । विशेषगरी ग्रामीण क्षेत्रका सहकारीहरू सञ्चालन गर्ने व्यक्तिहरूले लेखा वा वित्तीय व्यवस्थापनसम्बन्धी औपचारिक शिक्षाको अभाव भोगिरहेका हुन्छन । NFRS मा समावेश जटिल अवधारणाहरू–जस्तैः- निष्पक्ष मूल्यमा मापन (Fair Value Measurement), ऋणमा अपेक्षित हानि (Expected Credit LosS), एवम् वित्तीय उपकरणहरूको पहिचान–बुझ्नका लागि पर्याप्त तालिम र निरन्तर व्यावसायिक ज्ञानको विकास अनिवार्य हुन्छ, तर यी कुराहरुमा धेरैको पहुँच हुँदैन वा लागतका कारण सम्भव हुँदैन । NFRS सीप भएका लेखापालहरूको कमी पनि विशेष चुनौती हो, किनकि साना सहकारीहरूमा साधारण लेखा ज्ञान भएका कनिष्ठ कर्मचारी नै प्रायः कार्यरत हुन्छन् । यसैले उनीहरूबाट NFRS अनुरूप प्रतिवेदन तयार पार्न अपेक्षा गर्नु कठिन हुन्छ ।

NFRS कार्यान्वयनसंग सम्बन्धित आर्थिक बोझ पनि सहकारीका लागि एक प्रमुख चुनौती हो । नयाँ सफ्टवेयर प्रणाली, विशेष तालिम कार्यक्रम तथा व्यावसायीक लेखापरीक्षण सेवाहरूका खर्चहरू पुरा गर्नु परेकाले सहकारीहरूमा थप भार पर्छ। NFRS आफैं जटिल मानकहरूको सेट भएकाले धेरै सहकारीहरू यसलाई अपनाउन हिच्किचाउँछन् । यी मानकहरूले कडाइका साथ नियमपालन मात्र होइन, लेखापरीक्षकको व्यवसायिक निर्णय आवश्यक पर्छ, जसका कारण अनुभवहीन व्यक्तिहरूलाई यो अत्याधिक जटिल लाग्न सक्छ वा गलत रूपमा व्याख्या हुनसक्छ । यसका साथै, केही सहकारीहरू परम्परागत गोप्य लेखा पद्धतिमा निर्भर रहँदै आएका छन्, जसले वित्तीय समस्याहरू लुकेर राख्न सहज बनाउँछ NFRS अपनाएपछि भने यस्तो अपारदर्शिता सम्भव हुँदैन । पारदर्शिताको मागले अघिल्लो समय केही संस्थाले पाएको व्यबस्थापन स्वतन्त्रता घटाएको महसुस हुँदा व्यवस्थापकहरू नयाँ मानकप्रति झनझन संकोच मान्दछन ।

अर्को तर्फ नियमनको कठोरता पर्याप्त रूपमा लागू नहुनु अर्को समस्या हो । नियामक निकायहरूले मानकीकरणलाई प्रोत्साहन त गर्छन्, तर मुलुकभरिका हजारौं सहकारीहरूको अनुगमन गर्न आवश्यक स्रोत, जनशक्ति वा पूर्वाधार उनीहरूसँग प्रायः हुँदैन । त्यसैले, धेरै संस्थाले NFRS लाई अनिवार्य होइन, वैकल्पिक मान्न सक्दछन् । त्यसैगरी सहकारीका लेखापरीक्षकहरू पनि कतिपय अझै पुराना पद्धतिमा सीमित छन् र नयाँ NFRS आधारित प्रतिवेदनका तालिम पाएका छैनन्, जसले विभिन्न सहकारीमा भिन्न-भिन्न स्तरका मानक लागू हुन पुग्छ ।

सहकारीहरूमा प्रचलित लेखा सफ्टवेयरहरू अक्सर NFRS का आवश्यकतासँग मेल नखाने देखिन्छन् । प्रणाली परिवर्तन गर्नुपर्ने वा नयाँ सफ्टवेयर किन्नुपर्ने लागतका कारण धेरै संस्था अझै पुरानै सफ्टवेयरमा निर्भर हुन्छन्, जसले NFRS आधारित प्रतिवेदन तयार पार्न कठिन बनाउदछ ।

यी सबै समस्याहरूले सहकारीमा NFRS कार्यान्वयनमा चुनौती थपिदिएको छ तर पनि कार्यन्वयन भने अनिवार्य रहेको छ । NFRS को सफल कार्यान्वयनका लागि नियामक निकाय, वित्तीय तथा लेखा विज्ञ र सहकारी सञ्जालहरूबीच दृढ प्रतिबद्धता र सहकार्य अपरिहार्य छ ।

सहकारीमा NFRS कसरी लाग्छ त ? के मा असर पर्छ ?

सहकारीमा NFRS कार्यान्वयन गर्नका लागि व्यापक दृष्टिकोण आवश्यक पर्छ, जसमा आधुनिक लेखा सिद्धान्तहरू मात्र समाहित नगरी वित्तीय प्रतिवेदनका सबै वित्तीय क्षेत्रलाई समेत ध्यानमा राख्नु पदर्छ । यसका मुख्य क्षेत्र वित्तीय उपकरणको पहिचान (Recognition) र मापन (Measurement) हो, जसमा ऋण, निक्षेप, लगानी र ऋणपत्रहरू समावेश हुन्छन् । सहकारीहरूले यी वस्तुहरू वर्गीकरण गर्नुपर्ने र NFRS द्वारा निर्धारित विधिहरू– जस्तै Amortized Cost वा Fair Value अनुसार मापन गर्नुपर्ने हुन्छ । यसले सहकारीहरूको वित्तीय सम्पत्ति र दायित्वहरू अत्यन्तै सही ढंगले देखाउदछ ।

NFRS को अर्को प्रभाव ऋण तथा पेश्की (अग्रिम) (Loans and Advances) को ह्रास (Impairment) मूल्याङ्कनमा पदर्छ । सहकारीहरूले आफ्नो ऋण पोर्टफोलियोको गुणस्तर मूल्याङ्कन गर्नुपर्ने हुन्छ र Expected Credit Loss मोडेल लागू गर्नुपर्ने हुन्छ, जुन ऋणीको इतिहास, पुनः भुक्तानी ढाँचा र जोखिम कारकहरूमाथि आधारित हुन्छ । यस प्रकारको दृष्टिकोणले ऋणको यथार्थपरक मूल्याङ्कन सुनिश्चित गर्छ र एकै समयमा वित्तीय क्षमता बढाएर देखाउनबाट जोगाउँछ ।

NFRS ले सम्पत्ति, भवन, र उपकरण (PPE) को प्रतिवेदनमा पनि प्रभाव पादर्छ । मूल्यह्रास (Depreciation), उपयोगी आयुको अनुमान (Useful Life Estimation), र Fair Value मोडेलहरू सहकारीहरूले अपनाउदै लागू गर्नुपर्ने हुन्छ । खासगरी यो व्यवस्था ठूला भवन, जग्गा वा ठूला सम्पत्ति भएका संस्थाहरूको मामलामा हो । अर्को महत्वपूर्ण पक्ष भनेको आयको मान्यता (Income Recognition) हो । आम्दानी केवल मापनयोग्य, सम्भावित र आर्जित भएको अवस्थामा मात्र मान्यता पाउनुपर्छ । यस नियमअनुसार ब्याज आम्दानी, जरिवाना तबसम्म लेख्न सकिदैन जबसम्म ती वास्तविक रूपमा आर्जित भएका हुँदैनन् ।

जब सहकारी संस्थाहरू NFRS लागु गर्छन तब महत्वपूर्ण लेखा परिवर्तनहरू हुन्छन् । ऋणमा लगाईने सेवा शुल्कहरू अब तुरुन्तै आम्दानीको रूपमा मान्यता दिन पाईदैन । यसको सट्टा ती शुल्कहरूलाई प्रभावकारी ब्याजदर (Effective Interest Rate – EIR) विधि प्रयोग गरी ऋण अवधिभर फैलाएर आम्दानीको रूपमा मान्यता दिनुपर्छ । यसले आम्दानीलाई ऋणको सम्पूर्ण अवधीमा समान रूपमा वितरण गर्छ । सुलभ (Concessional) ऋणमा पनि परिवर्तन हुन्छ । यसलाई अब अंकित मूल्य (Face Value) नभई निष्पक्ष मूल्य (Fair Value) मा मापन गर्नुपर्छ । निष्पक्ष मूल्य र

वितरण गरिएको रकमबीचको अन्तरलाई खर्च वा लाभका रूपमा मान्यता दिनुपर्छ र त्यसपछि प्राप्त हुने ब्याज आम्दानी पनि EIR विधिद्वारा नै गणना गर्नुपर्छ ।

NFRS—16 अनुसार लिज (पट्टा) सम्बन्धी लेखा प्रक्रिया अझ विस्तृत हुन्छ । अधिकांश लिजहरूमा सहकारीहरूले "Right-of-Use" सम्पत्ति तथा त्यसका सम्बन्धित लिज दायित्वहरूलाई पहिचान गर्नुपर्छ । यसपछि प्रणालीगत रूपमा अवमूल्यन (Depreciation) र ब्याज खर्च मान्यता दिनुपर्छ। सोहीसँगै, स्थगन कर (Deferred Tax) को लेखांकन पनि आवश्यक हुन्छ। NFRS अनुसारका वहन मूल्यहरू र कर प्रयोजनका आधारहरू (Tax Base) बीचका अस्थायी भिन्नताहरू–जस्तै EIR समायोजन, ह्रास (Impairment) वा अवमूल्यनका फरकले स्थगन कर सम्पत्ति वा दायित्व पहिचान गर्नुपर्ने आवश्यकता सिर्जना गर्छन् । यसले कर प्रभावहरू लेखांकन भिन्नताका समयमा मिल्ने गरी सुनिश्चित प्रदान गर्दछ ।

प्रस्तुतीकरण र खुलासासम्बन्धमा NFRS ले सम्बन्धित पक्षको लेनदेन, जोखिम प्रदर्शन, ऋण केन्द्रीतता र सापेक्ष दायित्वहरू -Contingent Liabilities) पूर्ण रूपमा खुलाउन अनिवार्य बनाउँछ । यी खुलासाहरूले सरोकारवालाहरूलाई संस्थाको स्थायित्व र सुशासनबारे स्पष्ट बुझाइको विकास गर्दछ । साथै Fair Value लेखा अभ्यास विशेष गरी लगानी र स्थिर सम्पत्तिहरूको लागि गरिन्छ, जसमा पेशागत मूल्याङ्कन र विस्तृत दस्तावेजीकरण हुन्छ ।

त्यसैगरी, कर्मचारी सुविधा–जस्तै सेवा निवृत्ती भत्ता (Gratuity) र बिदाको सञ्चित भुक्तानी (Leave Encashment) लाई NFRS अनुसार दीर्घकालीन दायित्वको रूपमा व्यवहार गर्नुपर्ने हुन्छ । बहुउद्देश्यीय, कृषि जस्ता विषयगत सहकारीहरूले बचत तथा ऋण बाहेक पनि कारोबार गर्ने भएकाले त्यस्ता संस्थाले गर्न सक्ने विभिन्न व्यवसायहरुका निमित्त समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गर्नुपर्ने हुन्छ, जसले समूह-स्तरीय पारदर्शिता सुनिश्चित गर्छ ।

NFRS को सही कार्यान्वयनका लागि कडा आन्तरिक नियन्त्रण, उपयुक्त दस्तावेजीकरण, नियमित मिलान (Reconciliation), र अद्यावधिक लेखा म्यानुअल आवश्यक हुन्छ । यी उपायहरूलाई समग्र रूपमा अपनाउँदा, सहकारीहरूले परम्परागत लेखा पद्धतिबाट संरचित, आधुनिक र विश्वव्यापी मानकसँग मिल्दो वित्तीय प्रतिवेदन प्रणालीमा प्रभावकारी रूपमा रूपान्तरण गर्न सक्छन् । बुँदागत हिसाबले राख्दा, कुनै सहकारी संस्थामा NFRS लागू गर्दाले विशेषत परिवर्तन आउने सक्ने विषयहरु यस प्रकार रहेका छन्:

- वित्तीय विवरणको प्रस्तुती र सोमा गरिने वर्गिकरण तथा खुलासा
- स्थिर सम्पत्तिलाई पहिचान गर्ने विधि तथा ह्रास प्रक्रिया
- लगानी सम्पत्ति
- पट्टा तथा भाडा
- सहुलियत दरमा प्रदान गरिएका ऋण
- ऋण सम्बन्धी आम्दानी
- कर्मचारी सुविधा
- स्थगन कर
- संस्था विशेष (अन्य)

साथै, कुनै सहकारी संस्थाले पहिलो पटक NFRS लागू गर्दा बन्ने वित्तीय विवरणहरु यस प्रकार रहन्छन् (उदाहरणका लागी मानौं संस्थाले आ.व. २०८१/०८२ देखिको हिसाब NFRS बमोजिम ढाल्ने निर्णय लिएछ):

- वित्तीय स्थितिको विवरण [Statement of Financial Position]
- नाफा वा नोक्सानको विवरण [Statement of Profit & Loss]
- अन्य विस्तृत आयको विवरण [Statement of Other Comprehensive Income]
- नाफा वा नोक्सानको विनियोजन विवरण [Statement of Profit/Loss Appropriation]
- इक्वीटिमा भएको परिवर्तन सम्बन्धी विवरण [Statement of Changes in Equity]
- नगद प्रवाह विवरण [Statement of Cash Flows]
- प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु [Significant Accounting Policies and Notes to Accounts]
- NFRS मा पहिलो पटक रुपान्तरणको बेला बन्ने थप विवरणहरु [Reconciliation Statements]
- २०८० श्रावण १ को इक्वीटिको हिसाब मिलान
- २०८१ आषाढ ३१ को इक्वीटिको हिसाब मिलान
- २०८१ आषाढ ३१ को कुल विस्तृत आयको हिसाब मिलान
- २०८१ आषाढ ३१ को नगद प्रवाह विवरण मिलान (परिवर्तन भएमा मात्र)
- इक्वीटि तथा वित्तीय स्थितिको मिलान सम्बन्धि व्याख्यात्मक नोट
- आ.व. २०८०/०८१ नगद प्रवाह विवरण विवरण मिलान सम्बन्धि व्याख्यात्मक नोट

NFRS लागू गर्दा आइरहेका समस्याहरु

सहकारी क्षेत्रले NFRS कार्यान्वयन गर्न गरेको प्रयासका बावजुद, विभिन्न व्यावहारिक समस्याहरू चुनौती देखिएका छन् । प्रायः देखिने समस्यामध्ये जग्गा, भवन र लगानीजस्ता विभिन्न सम्पत्तिको निष्पक्ष मूल्य (Fair Value- निर्धारण गर्न असमर्थता हो । सहकारीहरूमा प्रायः पेशागत मूल्याङ्कनकर्ता उपलब्ध हुँदैनन् र बजार मूल्यमा अनिश्चितता वा ठूलो उतार-चढावले निष्पक्ष मूल्य निर्धारणमा थप कठिनाइ ल्याउँछ । यस परिदृश्यबाट उत्पन्न अर्को महत्वपूर्ण समस्या भनेको ऋण ह्रास (Loan Impairment) को मूल्याङ्कन हो । अधिकांश सहकारीहरूले उचित ऐतिहासिक डेटा, ऋण फाइल, वा भुक्तानी रेकर्डहरू राख्न कठिनाइ भोगिरहेका छन्, जुन अपेक्षित ऋण हानि (Expected Credit Loss) गणना गर्न अत्यावश्यक हुन्छ । त्यसैले, ह्रास मूल्याङ्कन प्रायः गलत वा अपूर्ण हुनसक्छ ।

NFRS कार्यान्वय प्रक्रियालाई कठिन बनाउने अर्को कारण भनेको कमजोर दस्तावेजीकरण अभ्यास हो । धेरै सहकारीहरूमा ऋण सम्झौता, बोर्ड निर्णय र सदस्य रेकर्ड जस्ता कागजातहरू पहुँचयोग्य तरिकाले राखिँदैनन्, जसले NFRS को दस्तावेजीकरण मापदण्ड पालन गर्न कठिन बनाउँछ । त्यस्तै अर्को समस्या लेखा सफ्टवेयरको अपर्याप्तता हो । सहकारीहरूले प्रयोग गर्ने सफ्टवेयरहरु परम्परागत लेखाका लागि तयार भएको हुन्छ जसले

Fair Value समायोजन, Impairment तालिका, वा NFRS अनुरूप वित्तीय विवरणहरू तयार गर्न सक्दैन । सफ्टवेयर अपग्रेड गर्नु महँगो र समय लाग्ने प्रक्रिया भएकाले संस्थाहरूलाई सजिलो रूपान्तरण गर्नबाट प्रविधीले पनि साथ दिँदैन ।

त्यसैगरी, वस्तु तथा सेवाहरूको बारम्बार गलत वर्गीकरण NFRS श्रेणीहरूको खराब बुझाइको परिणाम हुन सक्छ । ऋण, निक्षेप, र लगानी गलत रूपमा वर्गीकृत हुनसक्छन्, जसले अन्ततः प्रतिवेदनमा भिन्नता निम्त्याउँछ । सीमित लेखापरीक्षक क्षमताले पनि कार्यान्वयनमा चुनौती प्रस्तुत गर्छ । धेरै लेखापरीक्षकले NFRS मा पर्याप्त तालिम पाएका छैनन्, जसले असंगत मार्गदर्शन र कमजोर कार्यान्वयनको अवस्था सिर्जना गर्छ ।

अर्को व्यावहारिक समस्या भनेको सहकारीहरूबीच NFRS को फरक-फरक व्याख्या हो, किनकि विस्तृत क्षेत्र-विशिष्ट मार्गनिर्देशनको अभावले विभिन्न संस्थाहरू एउटै मानकलाई फरक तरिकाले लागू गर्न सक्छन् । अन्ततः मानव स्रोतको सीमितता र तालिम अवसरको अभावले विशेष गरी दुर्गम क्षेत्रमा रहेका सहकारीहरूलाई दक्ष कर्मचारी तयार गर्न कठिनाइमा पार्छ, जसले NFRS को प्रभावकारी प्रयोग सुनिश्चित गर्न सकिन्न । यी व्यावहारिक समस्याहरूले NFRS कार्यान्वय सम्भव भए पनि, प्रक्रियामा निरन्तर तालिम, प्रविधि र नियमनको सहयोगको अपरिहार्यता चुनौतीपूर्ण छ ।

निष्कर्ष

नेपालका सहकारीहरूमा NFRS को प्रयोग एक क्रान्तिकारी कदम हो, किनकि यसले देशको सबैभन्दा महत्वपूर्ण सामाजिक-आर्थिक क्षेत्रलाई राम्रो वित्तीय प्रतिवेदन वातावरण प्रदान गर्नेछ । सहकारीहरूले आफ्नो सञ्चालन विस्तार गरी ठूलो वितीय जिम्मेवारी सम्हालिसकेका छन् । त्यसैले, सहकारीका मानकहरु पारदर्शी र विश्वसनीय वित्तीय हुनै पर्दछ । NFRS वित्तीय दुनियाँका अपेक्षाका लागि "नयाँ सामान्य" हो, जसले जवाफदेहिता बलियो बनाउँछ, तुलनात्मकता सजिलो बनाउँछ र अनियमितता कम गर्छ । सहकारीहरूले सीमित प्राविधिक क्षमता, कार्यान्वयनको उच्च लागत, अपर्याप्त सफ्टवेयर र कमजोर नियमनजस्ता चुनौतीहरूको सामना गर्दागर्दै पनि NFRS अपनाउँदा हुने फाइदाहरू प्रमुख उपलब्धी मान्नु पर्दछ । आवश्यक सहयोगका मुख्य पात्रहरू– नियामक निकाय, लेखापरीक्षक, महासंघ, केन्द्रीय, प्रादेशिक तथा जिल्ला संघहरु र तालिम प्रदायक संस्थाहरू–सहकारीहरूलाई चरणबद्ध रूपमा यी समस्याहरू पार गर्न र आधुनिक प्रतिवेदन प्रणालीतर्फ अगाडि बढ्न सहयोग गर्न सक्छन् ।

संक्षेपमा, NFRS केवल लेखा विधि मात्र होइनः यो दीर्घकालीन प्रशासनिक सुशासन, वित्तीय स्थिरता र सार्वजनिक विश्वासमा गरिएको प्रमुख लगानी हो । दिगो विकास र प्रतिष्ठा हासिल गर्न चाहने सहकारीहरूका लागि NFRS अपनाउनु आवश्यकता मात्र होइन–अत्यावश्यक साधन हो । नेपालको सहकारी क्षेत्रको प्रगति यस परिवर्तनलाई स्वीकार गर्ने क्षमता र NFRS लाई लागू गर्ने क्षमतामा अझ बढी निर्भर रहनेछ, जसले वित्तीय अभ्यासलाई सधैं पारदर्शी, नैतिक र विश्वव्यापी मापदण्डसँग मेल खाने बनाउँछ ।

गतिविधि

बागमती प्रोस्कूनद्वारा प्राधिकरणका नवनियुक्त अध्यक्ष डा. शर्माको स्वागत

४ श्रावण २०८२ बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(बागमती प्रोस्कून) ले राष्ट्रिय सहकारी नियमन प्राधिकरणका नवनियुक्त अध्यक्ष डा.खगराज शर्मालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणको कार्यालयमा भेटी प्राधिकरणको अध्यक्षमा नियुक्ति हुनु भएकोमा स्वागत गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्ति गरेको थियो । मिति २०८२ असार ३० गते सोमबार बसेको मन्त्रिपरीषद् बैठकले प्राधिकरणको अध्यक्षमा नियुक्त हुनु भएको शर्मा लामो समय देखि सहकारी अभियानमा सक्रिय रहनु भएको थियो ।

संघका अध्यक्ष उद्धव सापकोटाको नेतृत्वमा स्वागत गर्न पुगेको बागमती प्रोस्कूनको टोलिले बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको नियमन तथा प्रवर्द्धन गर्ने उद्देश्यले गठित प्राधिकरणमा डा. शर्माको नियुक्ति सँगै बचत तथा ऋण सहकारीका क्षेत्रमा देखिएका तमाम समस्या समाधानमा ठोस कार्ययोजना आउने र संघहरुको जिम्मेवारी, भूमिका र सञ्जाल व्यवस्थापन समेत सहयोग पुग्ने गरी महत्वपूर्ण भूमिका रहने अपेक्षा बागमती प्रोस्कूनले राखेको थियो ।

नियमन भनेको कारबाही हो भन्ने आम बुझाई रहेको सन्दर्भमा त्यस्तो बुझाइलाई समेत न्यूनीकरण गर्दै नियमन भनेको कारबाही नभई सुव्यवस्थापनको मूल मन्त्र हो भन्ने आशा जगाउने काम होस भन्ने बागमती प्रोस्कून अपेक्षामा अध्यक्ष डा. शर्माले बागमती प्रदेश भित्र नै सहकारीको बढी समस्या रहेको संगै उदारणीय कार्य गर्ने सहकारी पनि बागमती प्रदेश भित्र नै रहेको यथार्थता आफुले अनुभूति गरेको कुरा राख्नु हुदै बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (बागमती प्रोस्कून) सँग समेत परामर्श गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । सो अवसरमा अध्यक्ष डा. शर्माले "स्वभाविक रुपमा वित्तीय सहकारीको नियमनसँग जोडिएर प्राधिकरणको जन्म भएको हो, सहकारी क्षेत्रलाई सुदृढ, सुरक्षित र सबल बनाउन सबैको सामुहिक प्रयास आवश्यक छ, हामी जुन क्षेत्र सुधारको लक्ष्य लिएर अगाडि बढेका छौं, त्यहि क्षेत्र र समूहसंग सहकार्य र समन्वय गर्दै लक्ष्य प्राप्तिको प्रयासमा लाग्ने छौं ।" भन्नु हुदै सहकारी क्षेत्रमा अझै पनि शिक्षा तालिमको अत्याधिक आवश्यकता रहेको उल्लेख गर्नु हुदै यसको लागि संघहरू मार्फत सहकारीका सदस्यलाई समेत सुसुचित गराउनुपर्ने कुरामा प्राधिकरणको अपेक्षा रहेको बताउनु भएको थियो ।

लेख

सहकारीको असल अभ्यास र सदस्यहरुको फेरीएको जीवनशैली

रामकृष्ण राय क्षेत्री
प्रमुख कार्यकारी अधिकृत
एकीकृत फ्रेण्डसीप साकोस

> सहकारीले कमाएको रकमबाट बचत तथा ऋणमा सदस्यहरुले गरेको योगदानको आधारमा संरक्षित पूँजीफिर्ता कोष वितरण गर्दछ। बाल बचतकर्ता, ऋणी, बचतकर्ता, शेयर लागनीकर्ता, सुझावदाता, सञ्चालक, अभियानकर्मी आदिलाई योगदानको प्रोत्साहन स्वरुप सम्मान गर्दछ। ज्येष्ठ नागरिकलाई पेन्सन, सम्मान तथा तिर्थाटन गराउने कार्य गर्दछ।

सहकारीको ईतिहासलाई पल्टाएर हेर्ने हो भने सहकारीताको शुरुवात परापूर्वकालदेखि नै भएको देखिन्छ । गुठी, पर्म, मेला, सामुदायिक कोष, समुह जस्ता सहकारीताका कामहरु औपचारिक सहकारी संस्थाको शुरुहुनभन्दा धेरै पहिलादेखि नै प्रचलनमा थिए । विश्व सहकारी आन्दोलनलाई नियाल्दा १८औं शताब्दीमा सहकारीताको प्रयासहरु शुरु भई सन् १८४४ मा रोचडेल इक्वीटेबल पायनियर सोसाईटिको स्थापना र त्यसले पाएको सफलतापछि १९औं शताब्दीसम्म आईपुग्दा सहकारी एउटा स्थापित वित्तीय क्षेत्रको रुपमा विकास भएको थियो ।

नेपालको सन्दर्भमा २०१३ सालमा शुरु भएको सहकारी अभियान २०८२ सालसम्मको ६९ वर्षीय लामो इतिहास कोरेर आजको अवस्थामा आइपुग्दा यस क्षेत्रको संख्यात्मक तथा गुणात्मक विकासले लामो फट्को मारिसकेको छ । मोटामोटी तथ्याङ्क केलाउने हो भने हाल देशमा ३१ हजार ४ सय सहकारीहरुमा करिब ७० लाख ४० हजार हाराहारी मानिसहरु सदस्यको रुपमा आवद्ध भई सकेका छन् भने करिब ९० हजार २ सय बढी मानिसहरुले यहाँबाट प्रत्यक्ष रोजगारी पाइरहेका छन् कुल ग्राहस्थ उत्पादनको ३ प्रतिशत हिस्सा सहकारी क्षेत्रले ओगटेको छ ।

देशको अर्थतन्त्रको एउटा खम्बाको रुपमा रहेको सहकारीले आफ्नो संस्थागत, व्यवसायिक तथा सामाजिक अभ्यासहरुबाट देशलाई समृद्धिको बाटोतर्फ र सदस्यलाई आर्थिक आत्मनिर्भरताका साथ अगाडि बढ्न महत्वपूर्ण योगदान गरिरहेको छ। देशमा भएका केही सहकारीमा आएको समस्याका कारण सहकारी क्षेत्रको छविमा केही आँच आएपनि यस क्षेत्रको उपस्थितिले दुरदराजको वित्तीय, शैक्षिक र सामाजिक विकास भएको र समग्र देशको आर्थिक विकासको हिस्सेदार रहेको कुरालाई नकार्न सकिन्न । राज्यले लिएका सकारात्मक सुधारको योजनाहरुलाई कार्यान्वयन गर्दै सदस्य केन्द्रीत र समुदायमा आधारीत सहकारीहरुलाई प्रवर्द्धन गर्दै लैजाने हो भने ती सहकारीहरुले गरेका असल अभ्यास तीनको सिकाईले सहकारी क्षेत्र आर्थिक विकासको आधार बन्ने कुरामा दुईमत हुनेछैन ।

सहकारीका असल अभ्यासहरु:

१. वित्तीय पहुँच:

नेपालको सन्दर्भमा सहकारी नै त्यस्तो पहिलो क्षेत्र हो जसले विपन्न, सिमान्तकृत वर्ग, महिला, बेरोजगारदेखि व्यवसायी, उद्यमी तथा सम्पन्न वर्गसम्ममा समान आर्थिक सहभागिता सुनिश्चित गरेको छ । सहकारीले अन्य वित्तीय संस्थाहरुमा पहुँच नपुगेको समुदायमा आफैं पुगेर बचत, ऋण, अन्य आयमुलक, सीपमुलक, सामाजिक तथा सांस्कृतिक क्रियाकलापमा सहभागिता गराउने गर्दछ। साहु महाजनको चंगुलबाट छुटाई महंगो ब्याजको मारबाट मुक्ति दिँदै आर्थिक क्रियाकलापमा सहभागी बनाउने कार्य जरा तहसम्म पुगेर सहकारीले नै गरेको भेटिन्छ ।

२. प्रजातान्त्रिक सहभागिता:

सहकारीले समाजका हरेक व्यक्तिको नेतृत्व क्षमता विकास गर्दै समान सहभागिताको अवसरमार्फत सदस्यहरु प्रजातान्त्रिक तरिकाले संघ, संस्थाको सञ्चालन तहमा पुगी नेतृत्व गर्न सक्छन् । सदस्यहरुका लागि सदस्यले नै आफ्नो सञ्चालक चयन गर्ने अभ्यास सहकारीले दिलाएको मात्र छैन अझ ३३ प्रतिशत महिला नेतृत्वको लागि व्यवस्था समेत गरिएको छ ।

३. वित्तीय तथा सहकारी शिक्षा:

सहकारीले आफ्ना सदस्य तथा सम्भावित सदस्यहरुको लागि बचत, ऋण सदुपयोगिता, पारिवारीक बजेट, आम्दानी र खर्चको सन्तुलन, जोखिम व्यवस्थापन, आयवृद्धिका अवसर, प्रविधिको प्रयोग र सुरक्षा लगायतका विविध विषयहरुमा वित्तीय साक्षरता प्रदान गर्ने गर्दछ । त्यस्तै सहकारीका सेवाहरु, सञ्चालन पद्धति, सहकारीका लाभहरु, सुरक्षित सहकारी चिन्ने विधिहरु र सुरक्षित कारोबारका विषयमा आफ्ना सदस्यहरु तथा कार्यक्षेत्रभित्रका

समुदायलाई सहकारी शिक्षा प्रदान गर्दछ । विद्यालयमै गई सहकारीको विषयमा विद्यार्थीहरुलाई ज्ञान दिई स्कुलस्तरदेखि नै सहकारी प्रतिको बुझाई प्रदान गर्न सहकारीहरु पछिल्लो समय कृयाशिल रहेका छन् ।

४. तालिमः

सहकारीले आफ्ना सदस्य तथा समुदायलाई आफ्नै आयोजनामा वा विभिन्न निकायहरुसंग समन्वय गरी जनताको आर्थिक तथा सीप विकासमा सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न सीपमुलक, आयमुलक तथा स्वरोजगारीका तालिमहरु प्रदान गर्दै आएको छ । कपाल काट्ने, ब्यूटिसियन, मिठाई बनाउने, चुरापोते बनाउने, जुत्ता बनाउने, पशुपंक्षी पालन, माछा पालन, मौरी पालन, कृषि, मेकानिक, प्लम्बिङ आदि तालिमहरुको सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने तथा तिनीहरुलाई आवश्यक वित्तीय तथा बजार व्यवस्थापन समेत सहकारीले गर्दै आएको छ ।

५. सचेतनाः

समुदायलाई आर्थिक, सामाजिक तथा न्यायिक विषयमा आवश्यक जनचेतना जगाई सुसूचित र जानकार नागरिक बनाउने सहकारीले विभिन्न सचेतनात्मक तथा जागरणात्मक कार्यक्रमहरु आयोजना गर्ने गर्दछ । सामाजिक, साँस्कृतिक, पर्यावरणीय विषय हुन वा बाल तथा महिलाका अधिकार एवम् हकहितका कुरा हुन, सडक सचेतनाका कार्यक्रम हुन वा सम्पदा संरक्षणका सहकारीले धेरै विषयमा सदस्य र समुदायलाई सचेत, सजग र जागरुक बनाउँदै आएको छ ।

६. बाल विकासका कार्यहरुः

सहकारीले पहिलो त स-साना नानीबाबुहरुलाई बचत गर्ने र फजुल खर्च कम गर्ने बानीको विकास गरेको छ । आफुसंग भएको पैसा खुत्रुके र संस्थामा जम्मा गर्न सिकाउने पहिलो गुरु नै सहकारी हो । त्यस्तै सहकारीहरुले खेलकुद, विभिन्न बौद्धिक प्रतियोगिता, भ्रमण, गोष्ठी तथा शिक्षा शिविरमार्फत बालबालिकाहरुको कला, ज्ञान तथा क्षमता विकास गरिरहेको छ । केही सहकारीहरुले त आफ्ना सदस्यहरुलाई शैक्षिक सामाग्री समेत प्रदान गर्दछन् ।

७. सामुदायिक कार्यहरुः

सहकारीले सामाजिक उत्तरदायित्व बहन अन्तर्गत विभिन्न सामाजिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । सम्पदा तथा वातावरण सफाई, रक्तदान, स्वास्थ्य शिविर, विभिन्न निकायहरुमा आर्थिक तथा मानवीय सहयोग, विकास निर्माणमा सहभागिता, साँस्कृतिक संरक्षणमा टेवा लगायत धेरै सामुदायिक सेवाका कार्यहरु सहकारीले निरन्तर गर्दै आएको छ ।

८. विपत्तीमा सहयोग तथा सेवाः

सहकारीले देशमा आईपर्ने विभिन्न विपत्तिहरुमा सहयोग र सहकार्य गर्दै आएको छ । २०७२ सालको महाभुकम्पमा उद्धार तथा पुननिर्माणमा सहकारीहरुले विभिन्न योजना तथा कार्यक्रम ल्याई सदस्यहरुलाई विपतको समयमा सहयोग गरेका थिए । अन्य वित्तीयसंस्थाहरु सेवा दिन अघि नसरेको समयमा सहकारीले चौर वा आँगनबाटै सेवामात्र दिएन घाईते तथा मृतकका परिवारलाई आर्थिक तथा जिन्सी राहत समेत प्रदान गरेको थियो । कोभिडको महामारीमा पनि वित्तीय सेवा दिन सहकारीले ढोकाबाट सेवा, प्रतिनिधिमार्फत सेवा जस्ता कार्यक्रम ल्याई सेवा निरन्तरता दिएको थियो भने विभिन्न सचेतनाका कार्यक्रम गर्ने, सदस्यहरुको स्वास्थ्य अवस्था बुझ्न फोनमार्फत स्वास्थ्य सर्वेक्षण गर्ने, उपचार सहयोग प्रदान गर्ने, विपत व्यवस्थापन कोष खडा गर्ने जस्ता थुप्रै कार्यहरु सहकारीले आयोजना गरेको थियो ।

९. प्रविधिमार्फत सेवाः

सहकारीले हाल आधुनिक प्रविधिमार्फत सदस्यहरुलाई आर्थिक कारोबार सेवा तथा विविध जानकारीहरु प्रदान गरिरहेको छ। आजको युग प्रविधिको युग भएकोले सदस्यहरुको कारोबारलाई प्रविधिमार्फत सहज बनाउने क्रममा सहकारीहरुले एटिएम, क्युआर मर्चेन्ट, मोबाइल बैंकिङ, एस.एम.एस तथा मिसकल बैंकिङ, अनलाईन युटिलिटि पे-मेन्ट, इ-टिकेटिङ, अनलाईन रेमिट्यान्स लगायत थुप्रै प्रविधिमार्फतको सेवा सदस्यहरुलाई प्रदान गरीरहेको छ ।

१०. आत्मनिर्भरता अभिवृद्धिः

सहकारीले आफ्ना न्यून आयभएका सदस्यहरुलाई सीप सिकाई लघुउद्यम, व्यवसाय तथा रोजगारी अभिवृद्धि गरी आत्मनिर्भर बनाइरहेको छ। कतिपय सहकारीहरुले युवा स्वरोजगार कोषसंगको सहकार्यमा सहुलियत दरमा ऋण उपलब्ध गराई युवाहरुलाई स्वदेशमै रोजगार तथा व्यवसायी बनाई आत्मनिर्भर समुदाय बनाउन सहयोग गरिरहेको छ भने कतिपय सहकारीले आफैले सहुलियत ऋण सुविधा दिई सदस्यहरुलाई उत्पादनसंग जोडि आत्मनिर्भर बनाई रहेको छ ।

११. हरित सहकारीः

सहकारीले वातावरण संरक्षणमा पछिल्लो समय प्रभावकारी कदमहरु सञ्चालन गरिरहेको छ । हरित सहकारी (Green Cooperative) को अवधारणा अनुसार सहकारीले हाल हरित ऋण (Green Credit) अन्तर्गत वातावरण मैत्री परियोजनाहरुमा सदस्यहरुलाई ऋण लगानी गर्न प्रोत्साहित गरिरहेको छ भने त्यस्ता परियोजनामा ब्याजदरमा सहुलियत समेत प्रदान गरिरहेको छ । वातावरण संरक्षणका गतिविधि, सचेतना लगायत Green financing को अवधारणामा सहकारीहरुले काम गर्न शुरु गरिसकेका छन ।

१२. मर्दापर्दाको साथीः

सहकारीको सेवाले सदस्यले मर्दापर्दाको साथीका रुपमा सहकारी क्षेत्रलाई पाएका छन् । जन्मदेखि मृत्युसम्म सदस्यको हर आवश्यकताको साथी सहकारी बनेको छ । नवजात शिशु जन्मँदा सुत्केरी भेटघाट, शिशुलाई निशुल्क सदस्यता, खुत्रुके वितरण, न्यानो कपडा, पहिलो सन्तान कार्यक्रम लगायत विभिन्न कार्यक्रमको साथै शिशु तथा गर्भवती पोषण कार्यक्रमहरु सञ्चालन गरी जन्मदाका साथी बनेको सहकारीले जीवनका विभिन्न चरणमा शिक्षा, स्वास्थ्य, सीप, रोजगारी, भ्रमण, ज्ञानवृद्धि, व्यवसाय, उद्यम जस्ता क्रियाकलापहरुमा साथ दिंदै विभिन्न रोगमा उपचार खर्च, सहुलियत उपलब्ध गराउँदै जीवन पश्चात पनि परिवारलाई सदस्य मृत्यू राहत तथा समवेदना प्रदान गर्दै साथ दिईरहेको छ ।

१३. मुस्कान सहितको सेवा र सदस्य हेरचाहः

सहकारीले सदस्यहरुलाई समानता र न्यायको सिद्धान्त अनुरुप भेदभावरहित सेवा मात्र होईन मुस्कान सहितको सेवा र सदस्यलाई मालिकको रुपमा पहिचान दिई सेवा प्रदान प्रकृया तथा व्यवहार प्रदर्शनमा विशेष हेरचाह गर्ने गरेको पाईन्छ । यसका

लागि संस्थाहरुले सदस्य हेरचाह निर्देशिका (Member Care Guideline) तथा मुस्कान सहितको सेवा कार्यविधिहरु बनाएर कार्यान्वयन गरेको पाईन्छ ।

१४. अन्य फरक अभ्यासहरु:

सहकारीले बजारमा रहेका अन्य वित्तीय संस्थाहरुभन्दा फरक अभ्यासहरु सञ्चालन गरीरहेका छन् । माटोको मुल्य हुन्छ भन्ने सिद्धान्त अनुसार सहकारीले सदस्यको बाटो नभएको जग्गा पनि धितो स्वरुप स्वीकार गर्दछ । सहकारीले कमाएको रकमबाट बचत तथा ऋणमा सदस्यहरुले गरेको योगदानको आधारमा संरक्षित पूँजीफिर्ता कोष वितरण गर्दछ । बाल बचतकर्ता, ऋणी, बचतकर्ता, शेयर लागनीकर्ता, सुझावदाता, सञ्चालक, अभियानकर्मी आदिलाई योगदानको प्रोत्साहन स्वरुप सम्मान गर्दछ । ज्येष्ठ नागरिकलाई पेन्सन, सम्मान तथा तिर्थाटन गराउने कार्य गर्दछ । विभिन्न शैक्षिक तहमा उर्तिण तथा उत्कृष्टलाई सम्मान तथा पुरस्कृत गर्ने तथा गरिब एवम् जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति तथा निशुल्क शिक्षा प्रदान गर्दछ । सदस्यको दैलोमा पुगी वा समूह सञ्चालन गरी ससाना बचत संकलन गर्दछ । सदस्यको क्षमता, पूँजीको उपलब्धता, बजारको स्थिती, श्रोत साधनको उपलब्धता आदिको आधारमा सदस्यलाई कुन व्यवसाय गर्दा उपयुक्त हुन्छ भनेर मार्गदर्शन गर्न व्यवसाय परामर्श कक्ष संचालन गरेको छ। त्यस्तै युवाहरुलाई करियर काउन्सेलिङ कार्यक्रम सञ्चालन गरी भविष्यमा उनीहरुले चाहेको पेशा व्यवसाय र सो सम्बन्धी शिक्षा आर्जनको सम्बन्धमा मार्गदर्शन प्रदान गर्ने गरेको छ । त्यस्तै सदस्यसंग सुमधुर सम्बन्ध बनाई राख्ने अभ्यास सहकारीले गर्दै आएका अन्य असल अभ्यासहरु हुन् ।

सहकारी संस्थाका सेवा, कियाकलाप तथा कार्यक्रमहरुले सदस्यलाई लाभमात्र पुगेको छैन धेरै सदस्यहरुको जीवनशैली समेत फेरीएको छ । आवद्ध सदस्यलाई बचत फिर्ता गर्न नसकी दुःख दिएका केही नगन्य संख्याका सहकारीलाई छोडेर हेर्ने हो भने सबै सहकारीहरुले सदस्यहरुको जीवनस्तार उकास्न धेरै ठूलो योगदान दिएका छन् । सहकारी क्षेत्रको विकाससँगै सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, राजनैतिक एवम् शैक्षिक जीवनशैलीमा देखिने रुपान्तरणलाई निम्नवमोजिम विश्लेषण गर्न सकिन्छ ।

१. आर्थिक जीवनशैलीमा परिवर्तन:

सदस्यहरुले नियमित बचत गर्ने बानीको विकास गरेका छन् । ऋण गरेर आवश्यकता पुरा गर्नुभन्दा हरेक आवश्यकताको लागि सहकारीले ल्याएको छुट्टाछुट्टै बचत सेवाहरुमा आफ्नो क्षमता अनुसार बचत गर्न थालेका छन् । बचत गर्ने तथा ऋण परिचालनका सम्बन्धमा सदस्यहरु सुसूचित छन् । परिवारमा पर्ने आवश्यकता वा आर्थिक गर्जो टार्ने सम्बन्धमा सदस्यहरु सजिलै निर्णय गर्नसक्ने भएका छन् । साहु महाजनसंग भन्दा धेरै कम ब्याजदरमा ऋण उपभोग गर्न थालेका छन् भने साहुकारी प्रथाको अन्त्य गरेका छन् । साथै सदस्यहरु कृषि पशुपालन, व्यवसाय, उद्यम गर्न आर्थिक श्रोत व्यवस्थापन गर्नसक्ने भएका छन् ।

२. दक्षता विकासमा परिवर्तन:

सहकारीले सञ्चालन गर्ने आय आर्जन तथा सीप विकासका तालिम तथा कार्यक्रमहरु एवम् करियर काउन्सेलिङ्गका अभ्यासहरुबाट सदस्यहरुले आफुमा दक्षता विकास गर्न वा भएको क्षमतामा निखार ल्याउन थालेका छन् । सहकारीले व्यवसाय परामर्श कक्ष सञ्चालन गरी आफ्नो क्षमता, पूँजीको उपलब्धता, बजारको स्थिती, श्रोत साधनको उपलब्धता आदिको आधारमा कुन व्यवसाय गर्दा उपयुक्त हुन्छ भनेर मार्गदर्शन गरेकोले उपयुक्त व्यवसायको छनौट गर्न सफल भएका छन् । हिजोको दिनमा लघुउद्यम गर्न संकोच मान्ने सदस्यहरु आज निर्धक्क करोडौंको व्यापार व्यवसाय सञ्चालन गर्ने भएका छन् ।

३. सामाजिक जीवनशैलीमा परिवर्तन:

सदस्यहरु लोकतान्त्रिक पद्धतिको अभ्यास गर्दै निर्णय प्रकृयामा प्रत्यक्ष सहभागी जनाउन थालेका छन् । समुदायसंग सहकार्य गर्ने गराउने र सामुहिक लाभ र हानीका विषयमा खुलेर बोल्ने भएका छन् । साझा जिम्मेवारी वहनको सिद्धान्त अनुसार सहकारी भित्र र समुदायमा काम गर्न अग्रसरता देखाउन थालेका छन् ।

४. साँस्कृतिक र शैक्षिक जीवनशैलीमा परिवर्तन:

सहकारीले प्रदान गर्ने शिक्षा तथा सचेतनाका सिकाइबाट सदस्यहरुले वित्तीय साक्षरता, नेतृत्व विकास लगाएतका ज्ञानहरु प्राप्त गरी सोहि अनुसार जीवनशैली सञ्चालन गरिरहेका छन् । नागरिकहरु साँस्कृतिक विकास र जगेर्नामा विशेष सहभागि हुन थालेका छन् भने आफ्नो साँस्कृतिक संरक्षणमा खुलेर वहसपैरवी गर्न सक्ने भएका छन् । सदस्यहरु उच्च शिक्षा तथा वैदेशिक शिक्षामा श्रोत व्यवस्थापन गर्न सजिलै सक्ने भएका छन् ।

५. राजनैतिक जीवनशैलीमा परिवर्तन:

सहकारी धेरै मानिसहरु आवद्ध रहने स्थान भएकोले अहिले राजनैतिक आकर्षणको केन्द्रविन्दु सहकारी भएको छ । आम समुदायलाई आफुप्रति आकर्षित गरी उनीहरुको मनजित्न नेतृत्वले सहकारी क्षेत्रलाई माध्यम बनाउन थालेका छन् । सहकारीमा सकारात्मक परिवर्तन ल्याउनेले समाजको परिवर्तन ल्याउन सक्छ भन्ने भाष्य निर्माणसँगै राजनैतिक आस्थाका मानिसहरु सहकारीमार्फत आफ्नो छवि निर्माणमा लागि परेका छन् । यद्यपि सहकारीलाई राजनैतिक प्रभावको क्षेत्र बनाउनु नहुने चर्चा आम नागरिकहरुको रही आएको छ ।

६. महिला सशक्तिकरण:

सहकारीमा महिला सहभागिता निकै आकर्षक रहेको छ । धेरैजसो सहकारीमा पुरुषभन्दा महिला सदस्यहरुको संख्या अधिक छ । यसबाट महिलाहरुको नेतृत्व विकास भएको छ भने परिवारमा पनि आर्थिक निर्णयमा महिला सहभागिताको दर बढ्दै गएको छ । सहकारीको साथ पाएर महिलाहरु व्यापार व्यवसायमा अघि बढ्न थालेका छन् । अझ व्यवहारिक विश्लेषण गर्ने हो भने महिला सदस्यको बचत तथा ऋण कारोबारमा सक्रियता दर पुरुषभन्दा बढी रहेको देखिन्छ ।

७. प्रविधि प्रयोगमा परिवर्तन:

सहकारीले प्रविधिमार्फत सेवाहरु विस्तार गरेसँगै सदस्यहरुको प्रविधिमार्फत कारोबार गर्ने बानीको समेत विकास भएको छ । हिजोका दिनमा कारोबारको लागि सहकारीका कार्यलयसम्म धाउने सदस्यहरु आज प्रविधिमार्फत सिंगल बटन दबाएर कारोबार गर्न सक्ने भएका छन् । सदस्यका पसल व्यवसायमा क्युआर कारोबार देखिन थालेको छ भने मोबाईल चलाउन जान्ने हरेकले अहिले डिजिटल कारोबार गर्न थालेका छन् । बल्लतल्ल कि-बोर्ड थिच्न

सक्ने उमेर पाकेका सदस्यहरुले समेत मिस्कल मार्फत रिचार्ज गर्न र आफ्नो खाताको ब्यालेन्स बुझ्न थालेका छन् ।

८. जोखिम बहनशैलिमा परिवर्तन:

सहकारीले सदस्यका विभिन्न विधाहरुमा बीमा गरी सम्भावित जोखिमबाट सुरक्षित रहन प्रोत्साहन गरेसंगै सदस्यहरुले जीवनबीमा, लघुवित्त बीमा, ऋण बीमा, सम्पत्ति बीमा आदि बीमा गरी जोखिम हस्तान्तरण गर्न थालेका छन् । त्यस्तै संस्थाको आफ्नै बीमा तथा आर्थिक सुरक्षाका कार्यक्रममा सहभागी भई भविष्यमा हुने जोखिममा समेत सुरक्षा, आर्थिक सहयोग तथा राहत पाउन थालेका छन् । बीमा बचत गर्ने बानी समेत क्रमश बढीरहेको छ ।

९. सामुहिक ऐक्यवद्धतामा परिवर्तन:

सहकारीमार्फत संगठित हुने अभ्यासको सिकाइसंगै सदस्यहरु सामुहिकतामा ऐक्यवद्धता जनाउन थालेका छन् । तीज मनाउने होस, तिर्थाटन गर्ने होस, भ्रमण होस वा कुनै सार्वजनिक कार्यक्रम होस सदस्यहरु सामुहिक उपस्थिति र सामुहिक कार्यमा अग्रसर हुन थालेका छन् ।

१०. समानता र न्याययुक्त जीवनशैली:

शुरुवाती दिनहरुमा समाजमा रहेको भेदभाव र पक्षपातपूर्ण व्यवहारलाई चिरेर सहकारीले सबैलाई भेदभाव रहित समान व्यवहार गर्न सिकाउँदै गयो । फलस्वरुप सदस्यले जात, धर्म, लिङ्ग, वर्ण, पेशा, वर्ग आदिको आधारमा कसैलाई पनि भेदभाव र अन्यायपूर्ण व्यवहार गर्न नदिने सहकारीको अभ्यासको सिकाई ग्रहण गर्न थाले र आज समुदायमा मानिसहरु भेदभाव रहित र समान व्यवहार प्रदर्शन गर्न थालेका छन् । सबै मिलेर सामुहिक कार्यहरु गर्दछन् र एकका लागि सबै र सबैका लागि एक भएर जीवनयापन गर्दछन् ।

यसरी सहकारीले गरेका असल अभ्यासहरुको निरन्तर कार्यान्वयनले आज सहकारीमा आवद्ध सदस्यहरु आर्थिक, सामाजिक, साँस्कृतिक, पर्यावरणीय र प्राविधिक रुपमा फरक जीवनशैली अंगाली अघि बढिरहेका छन् । सदस्यको आर्थिक, सामाजिक, शैक्षिक र वातावरणीय परिवर्तनमा सहकारीको विशेष योगदान रहेको छ। समुदायमा आधारित र सदस्यकेन्द्रीत सहकारीले प्रगतिशिल समाजको निर्माण गर्नुका साथै राष्ट्र निर्माणको साँच्चिकै एउटा आधार स्तम्भको रुपमा सहकारी अभियान स्थापित हुन सक्दछ । जसको लागि यस अभियानका प्रत्येक पक्षधरहरुले स्वार्थ त्यागी इमान्दारीता, सुशासन, मितव्ययिता र निष्ठापूर्वक आफ्नो दायित्व पूरा गर्नुपर्दछ ।

धन्यवाद । जय सहकारी ।

गतिविधि

ICA-AP Committee भारतको भ्रमणमा प्रमुख कार्यकारी अधिकृत

ICA-AP Committee on Credit and Banking को आयोजनामा National Cooperative Agriculture and Rural Development Banks Federation (NAFCARD) संगको साझेदारीमा 22nd to 25th July 2025 सम्म मीत्रराष्ट्र भारतद्धारा आयोजित Cooperative Learning Visit to Indian Credit and Banking Cooperatives कार्यक्रममा ICA-AP Committee on Credit and Banking Committee Member को हैसियतमा प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहाल सहभागी हुनुभएको थियो ।

भारत सरकारले लिएको सहकारी नीति, भारतमा सहकारी अभियानले खेलेको भूमिका र भारतीय सहकारी संस्थाहरुले नागरिकहरुलाई प्रवाह गरेको सेवा र उक्त सेवाबाट नागरिकको जीवनमा आएको परिवर्तनका सन्दर्भमा स्थलगत भ्रमण जानकारी प्रवाह गर्ने उद्देश्यले आयोजित भ्रमण कार्यक्रममा नेपाल, जोर्डन, इन्डोनेसिया, प्यालेस्टाइन र श्रीलंकाका सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

दाहालले भ्रमणबाट फर्केपछि भारत सरकारले सहकारी मार्फत नागरिकलाई उत्पादनमा जोडेको जीवन्त उदाहरणका साथै भारत सरकारले सहकारीलाई गरेको विश्वास र सहकारी क्षेत्रमा गरेको लगानीले सहकारी संस्थाहरु कतिसम्म व्यवस्थित र विस्वासिलो हुदो रहेछ भन्ने विश्वलाई गतिलो पाठ सिकाएको र नागरिकको छिटो समृद्धी र राज्यलाई आफ्नो उत्पादनले आत्मनिर्भर बनाउन सहकारी अभियानको विकल्प नरहेको दृष्टान्त भारतको सहकारी अभियानले प्रर्दशन गरेको र भ्रमण अत्यन्त फलदायी र उत्कृष्ट रहेको बताउनु भएको थियो ।

लेख

सहकारी क्षेत्रको रोजगारी अनुभव तथा सन्तुष्टि : एक युवा व्यवस्थापकको दृष्टिकोण

कमल प्रसाद सापकोटा
व्यवस्थापक
प्रोभिजन साकोस

सहकारी क्षेत्रमा मेरो पेशागत यात्राले एक दशक पूरा गरेको छ। तरुन अवस्थामा आफ्नो करियर शुरु गर्दा श्रमबजारमा अनुभव हाँसिल गर्न निश्चय पनि कठिन थियो। मेरो लागि पनि यो विषय कठिन नै थियो। अवसरको खोजि गर्दैगर्दा सहकारीको अनुभव नभएको कोरा मान्छे भए पनि काम गर्न सक्छु, सिक्न सक्छु र खट्न सक्छु भन्ने आत्मविश्वासले मलाई सहकारी क्षेत्रको गन्तव्यमा लाग्न बाध्य बनायो। फलस्वरुप मैले ऋण विभाग प्रमुखमा आफ्नो करियरको शुरु गरे। निश्चय पनि मैले प्राप्त गरेको त्यो अवसरलाई मैले थप नयाँ अवसरमा रुपान्तरण गर्नु नै थियो र मैले आफ्नो जिम्मेवारीमा अत्यन्त निष्ठा सर्मपण र त्यागको भावले मेहनत बढाई राखे। अहिले एक सहकारी संस्थाको व्यवस्थापकको रुपमा कार्यगरिरहँदा आफुलाई भाग्यमानी महशुस गरिरहेको छु र पेशा प्रति गर्व गर्न सक्ने भएको छु। यहाँसम्मको मेरो सहकारी यात्राले मलाई बाधा व्यबधान, आलस्यता, बैमनस्यता, हिनताबोध, दबाब र प्रभावको सामना जिम्मेवारी प्रतिको इमान्दारिता, आफुभित्रका पारदर्शिता र स्व.अनुशासनले जित्न सक्दछ भन्ने कुराको अनुभूति दिलाएको छ। हृदयदेखि समर्पित भई जुनक्षेत्रमा कर्म गरिन्छ त्यहाँ अथाह सम्भावना रहन्छ भन्ने कुराको असाधारण ज्ञान मैले सहकारी अभियानमा प्राप्त गरेको छु र यही ज्ञान नै मेरो सहकारी यात्रालाई निरन्तरता प्रदान गर्ने हौसला र प्रेरणाको मुल हो।

१ कार्यअनुभव र चुनौतीहरू

सहकारीमा बिताएको दस वर्ष एउटै स्वरूपमा सीमित भएन। हरेक चरणमा नयाँ चुनौती, नयाँ जिम्मेवारी र नयाँ सिकाइ प्राप्त भयो। ऋण विभाग प्रमुखका रूपमा सदस्यहरूको आवश्यकता, ऋण क्षमताको मूल्याङ्कन, जोखिमको पहिचान, तथा सुरक्षित ऋण प्रवाह मेरा मुख्य जिम्मेवारी भित्र पर्दथे। यीनै अनुभवहरूले भविष्यको नेतृत्व क्षमता विकासमा आधार निर्माण गराइदियो।

वर्तमानमा एक व्यवस्थापकको हैसियतले प्रशासन देखि वित्तीय सुदृढीकरण, नीतिगत सुधार, रणनीतिक योजना निर्माणका लागि संघहरुले आयोजना गर्ने गोष्ठी, बागमती प्रदेश सरकार र बागमती प्रोस्कूनबाट संचालित कोशिस कार्यक्रमका मार्फत आयोजना हुने कार्यशालाहरु मेरा सिर्काइका अनुभव र श्रोतहरु हुन। जसले मलाई मानव संसाधन व्यवस्थापन र सेवा विस्तारसम्मका काममा प्रत्यक्ष रूपमा सहयोग पुगेको छ र आफुलाई सोही सिकाइभित्र प्रस्तुत गर्न पाएको छु। यसले सहकारी सञ्चालनको प्रत्येक तहलाई गहिरोसँग बुझ्ने अवसर प्रदान गरिदियो।

विशेषगरी कोभिड १९ को महामारी सहकारी क्षेत्रका लागि अत्यन्त चुनौतीपूर्ण समय थियो। सदस्यहरूको व्यवसाय, आय, तथा दैनिकी नै जोखिममा परेको बेला सहकारीको सेवा निरन्तरता, सहयोग र समस्या समाधान यी सबैलाई सन्तुलित रूपमा अघि बढाउनु महत्वपूर्ण मात्र नभई जोखिम पनि उत्तिकै थियो। यही जोखिम मेरो सिकाइको अवसर बन्न पुग्यो।

नेपालमा सहकारी क्षेत्र हालको अवस्था जटिल मोडमा पुगेको छ, जहाँ केही सहकारीहरूले सदस्यको रकम फिर्ता गर्न नसक्ने अवस्था, अनियमित ऋण लगानी, ठगी, दुर्व्यवहार र गैर-पारदर्शी वित्तीय व्यवस्थापनका कारण व्यापक संकट फैलिएको छ। दैनिक रूपमा करोडौं रकम हिनामिनाका समाचार सार्वजनिक भइरहेका छन्, सञ्चालक, व्यवस्थापक फरार हुँदा सदस्यहरू सडकमा आउनुपरेको अवस्था आएको छ, तर सरकारले निकै ढिलो, कमजोर र प्रभावहीन कारबाही गरेको आरोप बढ्दो छ। यसबीच सहकारी नियमनलाई बलियो बनाउने लक्ष्यसहित राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) स्थापना गरेको, जुन २०८१ मा संशोधित सहकारी ऐन मार्फत बनेको हो। प्राधिकरणले मिति २०८२ जेठ ९ गते जारी गरेका निर्देशनहरूमा सहकारीहरूको वर्गीकरण, दर्ता, कडाइका साथ अनुगमन, जोखिमयुक्त लगानी रोकथाम, शेयर-धितो कर्जा नियन्त्रण, तथा सदस्यको निक्षेप सुरक्षा प्रमुख प्राथमिकतामा राखेको छ। विशेष गरी संकटग्रस्त सहकारीका सदस्यका लागि सरकारले ५ लाखसम्मको निक्षेप सुरक्षाको प्रस्ताव अघि सारेको छ, तर ठूला ठगीमा संलग्न व्यक्तिहरूलाई अझै प्रभावकारी रूपमा कारबाही गर्न नसकेको कारण जनविश्वास पुनःस्थापित हुन सकेको छैन। सहकारीहरूले उच्च जोखिमका रियल इस्टेट र स्टक लगानीमा संलग्न भएको, लेखापरीक्षण वर्षौंसम्म नगरेको र राजनीतिक संरक्षणका कारण नियमन कमजोर हुने जस्ता गम्भीर समस्या बढ्दै गएको छ। NCRA ले "स्व-नियमन फ्रेमवर्क", अनलाइन सुपरभिजन प्रणाली, र वित्तीय पारदर्शिता अनिवार्य गर्ने दिशा लिएको छ, धेरै पीडित सदस्यले अझै न त रकम पाएका छन्, न त दोषीमाथि कडा कानुनी कारबाही भएको देखिन्छ। त्यसैले, नयाँ प्राधिकरण गठन सकारात्मक भए तापनि, सहकारी क्षेत्र स्थिर, पारदर्शी र विश्वासयोग्य बनाउन सरकार, नियामक निकाय र सहकारी संस्था सञ्चालक र व्यवस्थापनबाट संस्थागत शुसासन, व्यवस्थित सिस्टम, लागु गरि निष्पक्ष र परिणाममुखी कदम चाल्नु अत्यावश्यक छ।

२. सहकारीसँग समुदायको सम्बन्ध र सामाजिक योगदान

सहकारी संस्था केवल वित्तीय संस्था मात्र होइन, यो समुदाय र सदस्यहरूको जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको सामाजिक संरचना

हुँदै विश्वमानै ठुलो संजालको रुपमा स्थापित अभियान हो । बैंकिङ पहुँचभन्दा टाढा रहेका निम्न आय वर्गका नागरिकलाई वित्तीय प्रणालीमा ल्याउन, नियमित बचतको संस्कृति विकास गर्दै, कडा परिश्रम र आर्थिक रुपान्तरणका लागि व्यवसायिकरण गराउन सीप, अवसर र आर्थिक श्रोत उपलब्ध गराउने प्रमुख माध्ययमको रुपमा सहकारी संसारभर चिनिन्छ । यही बुझाई भित्र आर्थिक अनुशासन अभिवृद्धि गर्नु, उद्यम तथा व्यवसायलाई प्रोत्साहन र वित्तीय पहुँच उपलब्ध गराउनु, सामुदायिक समस्या, आवश्यकता र अपेक्षालाई नजिकबाट बुझ्ने अवसर पाउनु मेरो लागि कर्म प्रतिको सन्तुष्टिको अर्को आधार हो ।

३. सन्तुष्टि : सहकारी क्षेत्रप्रति जिम्मेवारी, मनोभाव र कार्यमाथिको प्रेम

"प्रेरणा र सन्तुष्टि एउटै सिक्काका दुई पाटो हुन" सहकारी क्षेत्रमा काम गर्दा पाउने सन्तुष्टिको मूल आधार केवल तलब, पद वा सुविधा होइनन यो मानसिक, नैतिक र सामाजिक सन्तुष्टि हो । मैले अनुभवमा सहकारी क्षेत्रको आफ्नो कर्ममा मेरा सन्तुष्टिका प्रमुख पक्षहरूलाई यसरी सम्झेको छु ।

क. सहकारी क्षेत्रप्रति जिम्मेवारीको भावना

सहकारी अभियान समुदायमा आधारित सदस्य केन्द्रीत मुल्य, मान्यता र सिद्धान्तमा आधारित व्यवसाय हो । यसको विश्वव्यापी अभ्यासहरु, सबैभन्दा धेरै जनाधार भएको ठूलो सञ्जाल मार्फत विश्वभरी फैलिएको छ । यसै कारण यो क्षेत्रमा काम गर्नु पेशा मात्र होइन, जिम्मेवारपूर्ण सामाजिक कार्य पनि हो । व्यवस्थापकले सदस्यहरूका चुनौती, समस्या र अपेक्षालाई बुझेर निर्णय कार्यन्वयन, ऐन, नियमावली, विभिन्न तहगत नियमक निकायको निर्देशन, संस्थाको विनियम, नीति नियम तथा कार्यविधि अनुरुप सही निर्णय लिनु उसको जिम्मेवारी हो । यतिको परिधिभित्र बसेर आम सदस्यहरुको खुशी खोज्नु यो सामान्य कुरा होइन त्यसैले यो सामाजिक कार्यको उत्कृष्ट नमूना पनि हो ।

ख. सहकारीबारे आउने नकारात्मक समाचारलाई आत्मसात् गर्ने क्षमता

सहकारी क्षेत्रमा हालका वर्षहरूमा केही संस्थाहरूका गतिविधिका कारण नकारात्मक धारणा सिर्जना भएको देखिन्छ ।

तर मैले सधैं नकारात्मक समाचारभन्दा सकारात्मक समाचार हरुको अध्ययन गरे । आफु कार्यरत संस्थाको उद्देश्यमा ध्यानदिएँ, पारदर्शिता, सुशासन र सुव्यवस्थापनलाई प्राथमिकता दिएँ, जसको कारण मलाई खराब समाचारहरुले प्रभाव पार्न सकेन । खराब अभ्यास भएका संस्थाको आलोचना गर्दा पनि सबै सहकारी खराब छैनन् भन्ने सत्य समुदायलाई बुझाउने जिम्मेवारी आफ्नो पनि भएको महसुस गरें । सहकारी क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउदा आफुले विजय प्राप्त गर्दछु महसुस गरें । त्यसैका लागि उदाहरणीय काम गर्नुपर्छ भन्ने भावनाले मलाई प्रेरित गरिरह्यो । यसरी, नकारात्मकता देख्दा निराश नभई, त्यसलाई सुधार र उत्कृष्टता हासिल गर्ने प्रेरणाको रूपमा लिंदा सहकारी संस्था सञ्चालन अझ प्रभावकारी बनाउन सक्ने अनुभव मैले हाँसिल गरें ।

ग."कामलाई माया गर्दा सन्तुष्टि प्राप्त हुन्छ" भन्ने मूल विश्वास

मेरो अनुभवमा–कामलाई माया गर्न सकियो भने मात्र कामले सन्तुष्टि दिन्छ । सहकारीको काम समुदायसँग प्रत्यक्ष जोडिएको हुन्छ, जसले कर्मचारीमा आत्मसन्तुष्टि र मनोबल दुबै बढाउँछ ।

सदस्यहरूको समस्या सुन्नु, उनीहरूको आवश्यकता पूरा गर्नु, आर्थिक समस्यामा समाधान खोजिदिनु यी कार्यहरूले मनोवैज्ञानिक सन्तुष्टि मात्रै दिलाउँदैनन आफुले पुण्यको काम गर्न पाएको अनुभूति पनि दिलाउँछ । यही कारण, सहकारीमा काम गर्दा मैले "पेशासँगको प्रेमले नै सन्तुष्टि दिन्छ" भन्ने कुरालाई जीवन्त रूपमा महसुस गरेको छु ।

अमेरिकाका पुर्व राष्ट्रपति Franklin D. Roosevelt को " Happiness is not in the mere possession of money; it lies in the joy of achievement, in the thrill of creative effort." भन्ने महत्वपुर्ण भनाईले मलाई पेशाप्रति गर्व गर्न उत्प्रेरित गरेको छ ।

४. पेशागत वातावरण र परिवार-समुदायमै काम गर्न पाउनुको फाइदा

सहकारीले समुदायमै घुलमिल भएर काम गर्ने वातावरण प्रदान गर्छ । यस्तो वातावरणले सहकर्मी बिच सहकार्य र आपसी समझदारी बढाउँछ, कामको तनाव कम गर्छ, परिवार, समुदाय र पेशाबीच सन्तुलन कायम गर्न मद्दत गर्छ । यसले कार्यप्रति लगाव र सन्तुष्टि दुबै बढाउँछ, जसका कारण सहकारी क्षेत्रमा लामो समय काम गर्ने प्रेरणा मिलिरहन्छ र मिलिरहेको छ ।

दश वर्षको सहकारी यात्रा संघर्ष, सेवा, अनुभव र विकासले भरिएको छ । खाली दिमागबाट खुल्ला दिमागको संसारमा प्रवेश गरेको मेरो अनुभवले आगामी दिनमा अझै धेरै समुदायका समस्यालाई बुझ्दै, सदस्यहरूको जीवनस्तर सुधार गर्दै, वित्तीय पहुँच विस्तार गर्दै, पारदर्शी र जिम्मेवार नेतृत्व प्रदान गर्दै सहकारीलाई केवल पेशा होइन, सामाजिक र उपकारी सेवाको रूपमा आत्मसाथ गर्दै अगाडि बढाउने छु । यो मेरो प्रण हो । जीवनको उतरार्धमा पनि मैले सहकारीमा लागेर जीबनको बहुमुल्य समय गुमाएँ भनेर पश्चाताप गर्ने छैन किनकी पैसा मात्रै मेरो सपना होइन, पैसा जीवन निर्वाहको साधन हुन सक्ला तर मेरो पेशा आत्मसन्तुष्टिको माध्यम पनि हो ।

एउटा युवा व्यवस्थापकको नाताले नकारात्मक चुनौतीका बीच पनि सहकारी अभियान सही, प्रभावकारी र समुदाय-उन्मुख छ, भन्ने विश्वासले नै आजसम्म निरन्तर काम गर्ने ऊर्जा दिएको छ । सूर्यमा पनि ग्रहण लाग्छ र केही समयमा हटेर जान्छ सहकारीमा पनि अहिले ग्रहण लागेको छ यो छिट्टै हटेर जानेछ र म जस्ता सहकारी प्रति अगाध प्रेम गर्ने युवाहरुले आत्मसन्तुष्टिको स्वास लिन पाउनेछन् । निरन्तर सिकाइ, समुदायप्रतिको सेवा भावना र कामप्रतिको प्रेमले सहकारी क्षेत्र मेरो लागि सन्तुष्टिको स्थायी स्रोत बनेको छ र यो अजर एवम् अमर रहनेछ ।

यस अभियानमा अभिभावक संघ बागमती प्रोस्कूनले आफुलाई अब्बल बनाउदै सदस्यहरुलाई सदस्य संघ/संस्थाहरुलाई बागमती प्रदेश सरकार र बागमती प्रोस्कूनले संयुक्त रुपमा विकास गरी निरन्तर नीरिक्षण र सुपरिवेक्षण गरिरहेको "सगठनात्मक दिगोपन र संस्थागत सेवाहरुका लागि सहकारी स्वःनियमन कार्यक्रम Cooperatives Self-Regulation Program for Organizational Sustainability and Institutionalized Service (COSIS) कार्यक्रममा आवद्ध भई दिइएको सुझाव तथा सुधार योजनाले सहकारीहरुमा अझै थप व्यवस्थित बनाएको छ । संस्था सुशासित बनाउनको लागि मार्गनिर्देश गर्नुभएकोमा कृतज्ञता व्यक्त गर्दै तालिम, शिक्षा तथा नियमित अनुगमन तथा विभिन्न Workshop लगायतका विविध क्षेत्रबाट रचनात्मक सहयोगको समेत अपेक्षा गर्दछु । जय युवा । जय सहकारी । ❁

एन.सी.आर.ए को मापदण्ड र निर्देशन सम्बन्धमा संघहरुबीच सघन छलफल

२६ असोज २०८२ । सहकारी ऐन २०७४ को संशोधनसंग स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२ जेठ ९ गते जारी गरेको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड २०८२ का सम्वन्धमा बागमती प्रदेश भित्रका सम्पूर्ण जिल्ला बचत संघ र बामगती प्रदेश बचत संघ भौतिक रुपमा र देशभरीका अन्य जिल्ला बचत तथा ऋण सहकारी संघहरु र प्रदेश बचत संघहरु बीच सघन छलफल भएको छ ।

नियामकीय मापदण्डको विषयमा संघहरुको साझा धारणा र बुझाई विकास गर्ने उद्देश्यले आयोजित अन्तरक्रिया तथा छलफल कार्यक्रममा प्रारम्भिक संस्थाहरुले संघहरुमा राखेको रकमलाई तरलता गणना गर्नु पर्ने, कार्यक्षेत्र बाहिरको परियोजना पनि ऋण लगानी गर्न पाउनु पर्ने, प्राथमिक पूँजी कोष गणनामा ऐनको व्यवस्था कार्यन्वयन हुनु पर्ने, सुरक्षण लेखि दिएको धितो लिलामी हुँदा रकम अपुग भएमा सोही समयमा खर्च लेख्नु पर्ने व्यवस्था र सहकारी स्वयम्ले सकार गरेको धितोका लागि सुरक्षण व्यवस्था पूरा गर्न अवधी थप गर्नु पर्ने विषयलाई मुल विषयवस्तु बनाई गरिएको छलफलमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण ध्वजु र बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहालले निर्देशनले सुधार गर्नु पर्ने बुँदाहरु तथा सुधार गर्नु पर्ने कारणहरु सहितको प्रस्तुतीकरण गर्नु भएको थियो भने छलफलमा सहभागी सम्पूर्ण बचतसंघका अध्यक्ष वा प्रतिनिधीले सम्बन्धित संघको धारणा राख्नु भएको थियो । छलफलको निष्कर्षमा सम्पूर्ण संघहरुको तर्फबाट विज्ञप्ती जारी गर्ने तथा उक्त विज्ञप्ती मार्फत राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) को ध्यानाकर्षण गर्ने निर्णय भएको थियो ।

सो निर्णय मुताबिक बागमती प्रोस्कूनको वरिष्ठ उपाध्यक्ष श्री जिबसराज खड्काको नेतृत्वमा गएको टोलिले तयार भएको संयुक्त विज्ञप्ती राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष डा.खगराज शर्मालाई मिति २०८२ असोज २८ गते प्राधिकरणकै कार्यालयमा गई बुझाएको थियो ।

उक्त विज्ञप्ती बुझ्दै अध्यक्ष शर्माले सहकारी अभियानमा संघहरुको भुमिका आवश्यक रहेको बताउनु भएको थियो । संघको सहयोग बिना राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मात्र सहकारी संस्थालाई नियमन गर्न प्रयाप्त नहुने जनाउनुभएको थियो । बचत तथा ऋण सहकारी संस्था संख्यामा धेरै भएको र दर्ता मापदण्डका सूचकांक पनि प्रारम्भिक संस्थाका आधारमा तयार गरेका कारण पहिलो चरणमा प्रारम्भिक संस्थालाई दर्ता अभिलेखिकरण गर्ने र दोस्रो चरणमा संघको नियमनका मापदण्ड बनाई दर्ता अभिलेखिकरण गर्ने उहाँको भनाई थियो । सहकारी ऐनले संघलाई दिएको अधिकार र अभियान कुण्ठित हुने कार्य प्राधिकरणले गर्न खोजेको होइन भन्दै संघलाई सिमित कारोबार गर्न सक्ने गरी मापदण्ड जारी हुनेबारे छलफल भइरहेको उहाँले जानकारी दिनुभएको थियो । विज्ञप्ती बुझाउदै बागमती प्रोस्कूनका बरिष्ठ उपाध्यक्ष जिबसराज खड्काले ऐनमा भएका व्यवस्थालाई कुण्ठित हुने गरी संघमा रहेको रकमलाई तरलतामा गणना नगर्ने जारी भएको निर्देशन प्रति विरोध जनाउनुभएको थियो ।

बागमती प्रोस्कूनका महासचिव गोविन्दप्रसाद काफ्लेले सहकारी संघहरुलाई पनि दर्ता अभिलेखिकरणमा समावेश गर्नुपर्ने माग राख्नुभएको थियो । काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष दिपक पनेरुले सहकारी अभियानलाई कमजोर बनाउने गरी जारी भएको निर्देशन संशोधनको आवश्यक रहेको बताउनुभएको थियो । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले सहकारीका बेथितीको रोकथाम र गलत गर्नेलाई कारबाईको लागि सहकारी अभियानले सहकारी प्राधिकरणको आवश्कता महसुस गरेको भन्दै संघले सहकारी ऐन अनुसार कारोबार गर्न पाउनुपर्नेमा जोड दिनुभएको थियो । काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष उदयराम कायस्थले निर्देशनमा संघलाई कमजोर बनाउने बुँदाहरुको संशोधनको माग गर्दै थप विरोध गर्न नपर्ने गरी संशोधनको कार्य अगाडि बढाउन आग्रह समेत गर्नुभएको थियो । बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहालले जारी नियमकीय मापदण्डमा धेरै कुरा सकारात्मक रहेकोमा सोको विरोध नभई संघले कारोबार गर्न पाउने ऐनले सुनिश्चितता गर्दागर्दै पनि सो अधिकारबाट बञ्चीत गर्नु गलत भएको बताउनु हुदै उहाँले संघमा रहेको प्रारम्भिक संस्थाहरुको रकमलाई तरलतामा गणना नगर्नु गलत भएको धारणा राख्नुभएको थियो । सो कार्यक्रममा बागमती प्रोस्कून, काठमाण्डौं, ललितपुर, भक्तपुर, काभ्रे, दोलखा लगायतका बचत तथा ऋण सहकारी संघका पदाधिकारी, सञ्चालक र प्रमुख कार्यकारी अधिकृत/व्यवस्थापकहरुको उपस्थिति रहेको थियो ।

स्तरीकरण प्रतिक

लेख

कोशिस कार्यक्रमको प्रभाव एक अनुभव

अनिल शर्मा
व्यवस्थापक
श्री शिक्षक हित साकोस, सिन्धुपाल्चोक

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(बागमती प्रोस्कून) ले आफ्ना सदस्य संघ तथा संस्थाहरुको सर्वाङ्गिण विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ । जसले बचत तथा ऋण सहकारी संस्थालाई सहकारी ऐन, नियमावली, विनियम संगत ढंगबाट सञ्चालन गर्न र आवश्यक नीति तथा कार्यविधिहरु तयार गरी अगाडि बढ्न सिकाएको छ । बागमती प्रोस्कूनको विविध कार्यक्रम अर्न्तगतको एक स्तरीकरण कार्यक्रम **संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुका लागि सहकारी स्वःनियमन** "Cooperative Self-Regulation Program for Organizational Sustainability and Institutionalized Services (COSIS)" कार्यक्रम पनि हो जसले सहभागी संघ तथा संस्थाहरुको अनुहार र व्यवहार दुवैमा परिवर्तन ल्याएको छ। बचत तथा ऋण सहकारी संस्थाहरुले आफ्नो योजना, उद्देश्य र लक्ष्यलाई स्पष्ट पार्न नसक्दा मार्ग विनाको सवारी जस्तै चलिरहेको संस्थालाइ उचित र प्रभावकारी मार्ग COSIS ले निर्देश गरेको छ । यस्ता स्तरीकरण कार्यक्रमले सहकारी सञ्जाल, ऐक्यबद्धता, सहकार्यता, अवसरको खोजी, चुनौती समाधानको सामर्थ्यता र संगठनात्मक विस्तार एवम् दिगोपनलाई दोहोऱ्याउने र निखारता ल्याउने कुरामा कुनै दुई मत छैन । आफ्नै सुर, आफ्नै ताल र आफ्नै शैलीमा लर्बराउदै अगाडि बढेको सिन्धुपाल्चोक जिल्लाको शिक्षक हित बचत तथा ऋण सहकारी संस्थाले वि.सं. २०७९ साल मंसिर १९ गते बागमती प्रोस्कून संघ COSIS सम्झौता गरे पछिका We CAN कार्यशाला, स्थलगत अनुगमन, तालिम, परामर्श र सुझावहरुले संस्थाको आर्थिक, प्राविधिक साथै प्रशासनिक क्षेत्रमा निकै ठुलो परिवर्तन आएको छ। हाल शिक्षक हित साकोस अन्य ४ जिल्लाका ९ बटा सहकारीहरु संग मिलेर हातेमालो गर्दै १०औं We CAN कार्यशाला समेत सम्पन्न गरि सुधारात्मक सुझावको कार्यन्वयन गर्दै अगाडि बढीरहेको छ । कोशिसले शिक्षक हित साकोसमा संस्था, सञ्चालक समिति र व्यवस्थापनका कर्मचारीहरुमा परिवर्तन संगसंगै सकारात्मक चेतना र उर्जाको समेत विकास गरेको छ।

संस्थामा पारेको प्रभाव :

सदस्य बनाउने, बचत संकलन गर्ने, बचत फिर्ता गर्ने, ऋण लगानी गर्ने, लेखा राख्ने, फाइलिङ्ग लगायत आर्थिक एवम् प्रशासनिक जस्ता महत्वपूर्ण काम व्यवस्थित नीति एवम् कार्यविधि तयार नभई व्यवहारिकता आधारमा गर्ने यस संस्थामा कोशिस कार्यक्रममा सहभागी भए पश्चात हाल विविध नीति एवम् कार्यविधि तयार गरी कार्यन्वयनमा रहेको छ। संस्थाको भौतिक संरचना व्यवस्थित भएको छ, कार्यकक्षहरु व्यवस्थित र सदस्य मैत्री बनेको छ । संस्थाबाट सदस्यहरुलाई सुचना सम्प्रेषण गर्न सुचना पाटी, सुझाव पेटिका, सुझाव पुस्तिका, फेसबुक, एस्.एम.एस देखि वेवसाईट समेतको विकास भएको छ । व्यवस्थित बैठक कक्षको व्यवस्थापन भएको छ । आर्थिक वर्षमा सम्पन्न हुने हरेक क्रियाकलापहरु रणनीतिक योजना तथा आ.व.को सुरुवातमा नै बार्षिक कार्ययोजना तयार पारेर सोहि बमोजिम गर्ने गरिएको छ भने हरेक आय/व्ययको व्यवस्थित बजेट तयार गरी सोमा आधारित भई कार्य गर्ने गरिएको छ। संस्थाको सफल पक्षलाई निरन्तरता, कमजोर पक्षलाई सुधार, अवसरको खोजी र चुनौती संग सामना गर्न कोशिसले मार्गनिर्देशन गरेको छ। सदस्य मात्र नभई समाज पनि सहकारीको अभिन्न बजार क्षेत्र हो त्यसैले सदस्य शिक्षा, सामाजिक सचेतनामुलक कार्यक्रम लगायतको कुरामा संस्थालाई जोड्नु पर्दछ र संस्था भित्र पर्ल्स जाँच गरि आवश्यक सुत्रकहरु पुरा गरे मात्र संस्था स्वस्थ रहन्छ भन्ने ज्ञान समेत कोशिसले दिदैं आएको छ।

सञ्चालकमा पारेको प्रभाव :

हिजो २ वा ३ महिनामा १ पटक सञ्चालक समितिको बैठक बस्ने यस संस्थामा हाल संस्थाको मासिक गतिविधिको बारेमा छलफल तथा निर्णय लिन हरेक महिनाको पहिलो हप्ता बैठक बस्ने गरेको छ । सञ्चालक समितिमा संस्थाको गतिविधि माथि चासो बढेको छ, कर्मचारीले मासिक रुपमा सम्पन्न गरेको काम तथा क्रियाकलापहरुको अनुगमन गर्नका साथै पर्ल्स, कोशिस अभिमुखिकरण, क्षमता अभिवृद्धि लगाएतमा तालिम तथा प्रशिक्षणले सञ्चालक समितिको उर्जा चुलिदैं गएको छ । लेखा सुपरिवेक्षण समितिले हरेक तीन तीन महिनामा आन्तरिक अनुगमन तथा अवलोकन गरि सुझाव सहितको प्रतिवेदन दिने गरेको छ। बैठक पुस्तिका तथा निर्णयलेखनमा समेत सुधार भएको छ। सञ्चालकको क्षमता तथा सहकारी सम्बन्धि महत्वपूर्ण ज्ञान प्रदान गर्नको लागि हरेक बैठकमा विषेश प्रस्तुतिकरणको एक सेसन राख्ने गरिएको छ जहाँ व्यवस्थापक, अध्यक्ष वा कोशिस कार्यक्रम कार्यन्वयन समितिको संयोजकद्धारा प्रस्तुतीकरण गर्ने गरिएको छ । शिक्षित, दक्ष र अनुभवी बन्नु र बनाउनु पर्ने ज्ञान कोशिस कार्यक्रमले सञ्चालक माथि पनि छर्दै आएको छ।

व्यवस्थापनका कर्मचारीमा पारेको प्रभाव :

केशिसले कर्मचारीलाई सक्रिय मात्र बनाएन कि दक्ष र अनुभवी समेत बनाएको छ । कर्मचारीको क्षमताको विकास पनि

गरेको छ । हिजो योजना विना कार्य सम्पादन गर्ने कर्मचारीलाई कार्ययोजना तयार पार्न सक्ने बनाएको छ । विभिन्न किसिमका तालिम तथा अभिमुखिकरण कार्यक्रमबाट सकारात्मक उत्प्रेरणा र उर्जा थपेको छ । मासिक रुपमा प्रतिवेदन तयार पार्नु पर्ने, सञ्चालक समिति सहित विभिन्न निकायहरुमा प्रतिवेदन पेश गर्नुपर्ने लगायतका कार्यहरुमा कर्मचारीलाई दक्षता प्रदान गरेको छ । संस्थामा नियमित काम गर्ने मात्र नभई कार्यक्रम, गोष्ठी तथा कार्यशालाहरुमा समयको महत्व र आवश्यकताका बारेमा समेत कर्मचारीलाई जागरुक बनाएको छ । सहकारीको बारेमा सिमित जानकारी भएका कर्मचारीलाई यसको फराकिलो क्षेत्र, यस भित्रका अवसर र चुनौतीको बारेमा समेत कोशिसले ज्ञान प्रदान गरेको छ ।

अन्तमा, कोशिसमा आवद्ध सहकारीहरु एक समुह नभई परिवार हो र परिवारका सदस्यहरु विच हातेमालो गर्दै अगाडि बढ्दा हरेक असहज परिस्थिती र समस्याहरु पनि सहजढंगबाट समाधान गर्न सकिन्छ । दिएका सुझावहरु सत् प्रतिशत कार्यन्वयन गर्न संस्थाको न्यून श्रोत र साधनको कारण सफल नभए तापनि सिमित श्रोत र साधनको अधिकतम उपयोगबाट चुनौतीहरुको सामना गर्ने गरेको छ । यस परिवारमा अभिभावकको भुमिका निर्वाह गर्दै प्राविधिक साथ र सहयोग पुऱ्याउने बागमती प्रोस्कून परिवार प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै कोशिसमा आवद्ध सम्पुर्ण बचत तथा ऋण सहकारी संघ/संस्थाहरुलाई सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यवाद ॥ जय सहकारी ॥

गतिविधि

योग्य तथा उपयुक्त व्यक्ति परीक्षण (Fit and Proper Person Test) सम्बन्धी अभिमुखिकरण सम्पन्न

२९ असोज २०८२ । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि (बागमती प्रोस्कून) ले आफ्ना सदस्य संघसंस्थाहरुमा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले विकास गरेको “योग्य तथा उपयुक्त व्यक्ति परीक्षण/Fit and Proper Person Test” सम्बन्धी अभिमुखिकरण कार्यक्रम संघको सदस्य सेवा कार्यालय बानेश्वर काठमाडौंको सभाहलमा सम्पन्न गरेको छ ।

वित्तीय क्षेत्रको संकट व्यवस्थापनका लागि अशल अभ्यासका रुपमा विश्वभरी प्रयोग हुने “योग्य तथा उपयुक्त व्यक्ति परीक्षण/Fit and Proper Person Test ” सहकारी अभियानका लागि पनि उपयुक्त हुने हुंदा आफुले प्रयोग गर्ने र सदस्य संघसंस्थालाई पनि प्रयोग गर्न आव्हान गर्नेका लागि उक्त कार्यक्रमको आयोजना गरिएको थियो । मानविय गल्तीबाट वित्तीय क्षेत्रको विश्वास गुमेको समयमा जुनकुनै व्यक्तिलाई वित्त परिचालन गर्ने जिम्मेवारी दिनु हुँदैन भन्ने अविश्वास पैदा भई रहेको समयमा सन् १९८० को दशकमा United Kingdom को Bank of England ले प्रमुख कार्यकारी अधिकृत, निर्देशक र उच्च पदाधिकारीहरु योग्य र इमान्दार छन कि छैनन भनेर सुनिश्चित गर्न शुरुवात गरेको यो अभ्यास अहिले APRA (Australian Prudential Regulation Authority), MAS (Monetary Authority of Singapore) हुँदै नेपाल राष्ट्र बैंकको नियमनमा प्रयोग हुँदै आएको छ । अतः यो अभ्यासलाई सहकारी क्षेत्रमा पनि उपयुक्त हुने देखिएकोले बागमती प्रोस्कूनले सूचक सहितको कार्यविधी तयार गरि सोही कार्यविधि अनुरुप यो कार्यक्रम सञ्चालन गरेको थियो ।

रुपैया पैसाको कारोबार गर्ने हुँदा सहकारी व्यवसाय जोखिमको व्यवसाय हो । जोखिमको व्यवसाय सञ्चालन गर्न कम्तीमा जोखिमका क्षेत्र पहिचान गर्दै त्यस्ता जोखिम न्यूनीकरण गर्न सक्ने क्षमता भएको सञ्चालक र कर्मचारी नहुँदा जुनसुकै बेला सहकारी संस्थामा संकट आउन सक्ने कुरालाई मध्यनजर राखी सहकारी संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा निर्वाचित हुन र उच्च व्यवस्थापनमा नियुक्त हुनका लागि न्यूनतम योग्यता वा मापदण्ड पूरा गर्नु उपयुक्त हुने देखिएकोले “योग्य तथा उपयुक्त व्यक्ति परीक्षण/Fit and Proper Person Test ” विषय उठान गरेको हो ।

योग्य तथा उपयुक्त व्यक्ति परीक्षण/Fit and Proper Person Test”बाट संघ संस्थाको सुशासन प्रवर्द्धन गर्ने, आर्थिक, सामाजिक र प्राविधिक रुपमा सक्षम व्यक्तिलाई नेतृत्वमा स्थापित गराउने, संघ संस्था प्रति सदस्यहरुको विश्वास कायम राख्ने, नियामक निकायको मापदण्ड, सहकारी ऐन, नियमावलीको पूर्ण कार्यन्वयन गराई सहकारी प्रतिको विश्वास पुनःजागृती गराउने कार्यक्रमको मूल उद्देश्य रहेको उक्त कार्यक्रममा “योग्य तथा उपयुक्त व्यक्ति परीक्षण/Fit and Proper Person Test” सम्बन्धमा संघका प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहालले अनुशिक्षण गर्नु भएको थियो भने सहकारी संस्थाहरुले गर्नु पर्ने अनुपालना सम्बन्धी कार्यक्रम अधिकृत विमला पुडासैनीले प्रशिक्षण गर्नु भएको थियो ।

संघका अध्यक्ष उद्धव सापकोटाको अध्यक्षतामा शुरु भएको औपचारिक कार्यक्रममा सहभागीहरुलाई संघको तर्फबाट संघका प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहालले स्वागत गर्नु भएको थियो भने उक्त कार्यक्रमको सञ्चालन कार्यक्रम अधिकृत विमला पुडासैनीले गर्नु भएको थियो । कार्यक्रममा विभिन्न संघसंस्थाहरुबाट कूल १५ जनाको सहभागिता रहेको थियो ।

गतिविधि

सहकारीमा ऋण व्यवस्थापन तालिम सम्पन्न

२०८२ कार्तिक २२ । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि (बागमती प्रोस्कून) को आयोजनामा ३ दिवसिय मिति २०८२ कार्तिक २० देखि २२ गतेसम्म भोज व्याङ्क्वेट मीनभवन काठमाडौंको सभाहलमा "सहकारीमा ऋण व्यवस्थापन तालिम" Loan Management Training In Cooperative सम्पन्न भएको छ ।

वर्तमान अवस्थामा सहकारी संस्थाहरुको ऋण लगानी र असुली चक्रलाई व्यवस्थित, कानुन सम्मत र नियमित बनाउनका लागि उपयुक्त लगानी विधी, प्रभावकारी ऋण असुली प्रकृया र दुवै प्रकृयामा पालना गर्नु पर्ने कानुनी व्यवस्था सहित सहकारीको ऋण लगानीलाई सुरक्षित बनाई सहकारी संस्थाहरुलाई नियमित मुनाफामा लैजान सकिने वातावरण निर्माण गर्ने उद्देश्यले आयोजना गरिएको तालिम कार्यक्रममा काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ र काभ्रेपलान्चोक जिल्लाका २३ वटा सहकारी संस्थाबाट २७ जना पदाधिकारी, व्यवस्थापक, ऋण कर्मचारीहरुको सहभागिता रहेको थियो ।

सहकारी अभियानमा तालिममा विशिष्ट स्थान निर्माण गर्ने उद्देश्यले बागमती प्रोस्कूनले प्रत्येक तालिमका आफ्ना विशिष्ठ पाठ्यक्रम बनाई सोही पाठ्यक्रममा आधारित रही तालिम प्रदान गर्दै आएको छ । सहकारीमा ऋण व्यवस्थापन तालिम पनि यसैको निरन्तरता हो ।

संघका वरिष्ठ उपाध्यक्ष श्री जिवसराज खड्काको सभापतित्वमा शुरु भएको तालिम कार्यक्रमको सहजीकरण संघका प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहाल र कार्यक्रम अधिकृत विमला पुडासैनीले गर्नु भएको थियो भने तालिम संयोजन तथा व्यवस्थापन कार्यक्रम अधिकृत किशोर पौड्लले गर्नु भएको थियो ।

निर्धारित पाठ्यक्रमका अतिरिक्त राष्ट्रिय सहकारी प्राधिकरणले जारी गरेको मापदण्ड अनुरुप हुने गरी ऋण वर्गीकरण, पुंजीकोष र प्राथमिक पूंजीकोष, जोखिम भारित सम्पत्ति गणना, नियमक निकायलाई पेश गर्नुपर्ने प्रतिवेदन, साथै कर्जा असुली न्यायाधिकरणमा ऋण असुलीका लागि निवेदन लगायत पुरा गर्नुपर्ने प्रक्रिया समेत थप विषयवस्तुको रुपमा समावेश गरिएको थियो पुंजीकोष, जोखिम भारित सम्पत्ति गणना लगायत विषयमा भने अडिट एशोसियट्स सज्जन श्रेष्ठले सहजीकरण गर्नु भएको थियो ।

३ दिनसम्म सञ्चालन भएको तालिम कार्यक्रमको समापन संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षता र वरिष्ठ उपाध्यक्ष जिवसराज खड्काको उपस्थितिमा भएको थियो । यस भन्दा अगाडि लिएको ऋण सम्बन्धी तालिम भन्दा बागमती प्रोस्कूनको पाठ्यक्रममा आधारित तालिम कार्यक्रम असाध्यै पृथक र प्रभावकारी रहेको सहभागीहरुको प्रतिक्रिया रहेको तालिमको समापनमा प्रमाणपत्र बितरण गर्नु हुदै संघका अध्यक्ष उद्धव सापकोटाले सहकारीमा ऋण लगानीमा देखिएको समस्या समाधान गर्न तथा सुशासित सहकारी अभियान वनाउन तालिममा सिकेका विषयवस्तुहरु आफ्नो साकोसमा लागु गरी बागमती प्रदेशको बचत तथा ऋण सहकारी अभियान व्यबस्थित रहेको पुष्टी गर्ने गरी व्यवस्थापन सुधार गर्न अनुरोध गर्नुहुँदै कार्यक्रम समापन गर्नु भएको थियो ।

बागमती प्रोस्कूनको त्रैमासिक प्रगति समिक्षा तथा कर्मचारी सक्षमता विकास कार्यक्रम सम्पन्न

२०८२ कार्तिक १० । बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि (बागमती प्रोस्कून) को व्यवस्थापन तहको पहिलो त्रैमासिक प्रगति समिक्षा तथा बागमती प्रोस्कून सेवामा कार्यरत कर्मचारीहरुको सक्षमता विकास कार्यक्रम २०८२ कार्तिक १० गते सोमबार होटल भ्यू भक्तपुरको सभाहलमा सम्पन्न भएको छ ।

बागमती प्रोस्कून सेवामा कार्यरत कर्मचारीहरुको सक्षमता विकास गराउने तथा संघको योजना एवम् सोही योजनाको आधारमा कर्मचारीहरुलाई प्रदान गरिएको जिम्मेवारीको उपलब्धी समिक्षा गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा सञ्चालक समितिको तर्फबाट संघका अध्यक्ष उद्धव सापकोटा तथा महासचिव गोविन्दप्रसाद काफ्लेले कर्मचारीहरुलाई संघको लक्ष्य र उद्देश्य प्राप्ती हुने गरी chain of command मा रही अगाडि बढ्नका लागि निर्देशन दिनु भएको थियो ।

सम्बन्धित विभागको विभागिय उपलब्धीहरुको सम्बन्धित विभागिय तथा शाखा प्रमुखबाट प्रस्तुती गर्नु पर्ने कार्यसूची रहेको कार्यक्रममा संघको लेखा तथा प्रशासन शाखा प्रमुख शिवप्रसाद शर्माले संघको लेखा तथा प्रशासनिक क्षेत्रको उपलब्धिको अवस्था, प्रशासनिक व्यवस्थापनको पक्ष र आन्तरिक सुव्यवस्थापनमा भएको सुधारको प्रक्रिया एवम् सेवा सुविधाको सम्बन्धमा प्रगति विवरण सहितको प्रस्तुतिकरण गर्नु भएको थियो भने तालिम, अनुसन्धान तथा विकास विभागको विभागिय प्रमुखको हैसियतले कार्यक्रम अधिकृत विमला पुडासैनीले संघले तालिम अनुसन्धान तथा विकासमा हाल सम्म प्राप्त गरेको उपलब्धी, आगामी दिनमा गर्नुपर्ने कार्यक्रम र क्रियाकलाप सहित उत्प्रेरणात्मक प्रस्तुती राख्नु भएको थियो । सोही क्रममा व्यवसाय तथा अन्तरशाखा समन्वय विभाग प्रमुखको हैसियतले व्यवसाय अधिकृत सुदर्शन दाहालले संघले व्यवसायिक क्षेत्रमा हालसम्म प्राप्त गरेका उपलब्धी, आगामी लक्ष्य साथै नियामकीय मापदण्ड तथा बजारको अवस्थाको कारण व्यवसायमा देखा परेको चुनौती र सो चुनौती सामनामा संघले अपनाउनु पर्ने सावधानी लगायतका विषयमा प्रस्तुती राख्नु भएको थियो ।

कार्यक्रमको दोश्रो चरणमा संघका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले बागमती प्रोस्कूनको हालसम्मका उपलब्धी, संघले भोग्नु परेका समस्या तथा समस्या समाधानका लागि भएका प्रयासहरु एवम् आगामी दिनमा अवलम्बन गर्नुपर्ने बाटोको विषयमा कर्मचारीहरुलाई जानकारी प्रदान गर्नु हुदै कर्मचारीहरुको व्यक्तिगत तथा व्यवसायीक सक्षमता विकासका लागि अवलम्वन गर्नुपर्ने पद्धतीहरु, सीप विकास र सफलता प्राप्तीको लागि चाल्नुपर्ने कदमहरुका सवालमा सहजीकरण गर्दै संघको संस्थागत विकासमा कर्मचारीहरुको निरन्तर क्रियाशिलता, ऐक्यवद्धता, लगनशिलता र समूह कार्य अपरिहार्य रहेका उल्लेख भएको थियो । बागमती प्रोस्कून सेवामा नयाँ प्रवेश गर्नु हुने नव प्रवेशी कर्मचारीहरुको लक्ष्य सहितको कार्यविवरण तथा यस अघि कार्यविवरण प्राप्त गर्नु भएका कर्मचारीहरुको संशोधित कार्यविवरण प्रदान गर्नु भएको थियो ।

संघको दोश्रो रणनीतिक व्यवसायिक योजनाले संघले व्यवस्थापन तहको त्रैमासिक र सञ्चालक तहको अर्धवार्षिक समिक्षा गरी योजनाको कार्यन्वयनमा अघि बढ्ने लक्ष्य लिएको छ सोही लक्ष्य अनुसार यो पहिलो त्रैमासिक समिक्षा सम्पन्न भएको हो ।

गतिविधि

संघ समूहको दोश्रो WE CAN कार्यशाला सम्पन्न

२७ असोज २०८२ । "सुधार भित्रबाटै हुनु पर्छ बाहिरबाट होइन, कानून बनाएर मानिसमा सद्‌गुण विकास गर्न सकिदैन्" भन्ने कार्डिनल गिभन्सको महत्वपूर्ण भनाइलाई आत्मसाथ गर्दै बागमती प्रदेश भित्रका बचत तथा ऋण सहकारी संघहरुले आफ्नो क्रियाकलाप र कारोबारलाई पनि अभियानको विश्वासिलो बनाई दिगो साकोस अभियान निर्माणमा प्रभावकारी अभिभावकीय भूमिका निर्वाह गर्ने उद्देश्यले बागमती प्रोस्कूनले विकास गरेको कोशिस कार्यक्रममा आवद्ध भई **'दीगो संघहरु मार्फत सुरक्षित अभियान'** सञ्चालन गर्ने ध्येयका साथ कार्यक्रममा आवद्धता रहेको जिल्ला बचतसंघहरुको समूहको दोश्रो WE CAN कार्यशाला मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघको आयोजना र बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा आयोजक संघको सभाहलमा सम्पन्न भएको छ ।

बागमती प्रदेशमा सञ्जालीकृत सहकारीमा आवद्ध सदस्यहरुको हित संरक्षण, व्यवसाय प्रबर्द्धन तथा सुदृढीकरण मार्फत सदस्यहरुको सम्वृद्धिका लागि तथा सदस्यहरुको हितका खातिर राज्यका सबै नियामकहरुमा संघहरुका साझा धारणा निर्माण र प्रभावकारी बहस पैरवीका लागि सञ्जाल व्यवस्थापन (Network management) र सञ्जाल सहकार्य (Network Collaboration) निर्बिकल्प साधन हो भन्ने यथार्थलाई आत्मसाथ गरी कार्यमा एकरुपता कायम गर्दै संघहरुको छवि सुधार र विश्वास वृद्धिका लागि संघहरुले गरेको साझा प्रयासको प्रतिकको रुपमा सम्बन्ध र सहकार्यको वातावरण निर्माण गर्न अर्धवार्षिक रुपमा WE CAN कार्यशालाको आयोजना गरी संघहरुको सेवा सुधारको रणनीति संघहरुले लिएका छन् ।

आयोजक संघका अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता तथा सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेशका सचिव खुविराम अधिकारीको प्रमुख आतिथ्यतामा कार्यक्रममा बागमती प्रदेश सहकारी महाशाखा रजिष्ट्रार प्रदीप राज पौडेल, बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि (बागमती प्रोस्कून) का अध्यक्ष उद्धव सापकोटा, वरिष्ठ उपाध्यक्ष जिवसराज खड्का लगायत विभिन्न संघहरुका अध्यक्ष, सञ्चालक पदाधिकारी, व्यवस्थापकहरु, बागमती प्रोस्कून सहित ११ वटा संघहरुबाट ४१ जनाको उपस्थिती रहेको थियो ।

कार्यक्रममा सहकारी महाशाखा प्रमुख रजिष्ट्रार पौडेलले पछिल्लो Gen Z आन्दोलनका क्रममा भएको आगजनीबाट मन्त्रालयमा रहेका फाईलहरु नष्ट रहेकोले यसलाई अद्यावधिक गर्नको लागि सूचना जारी गरेको बताउदै अहिलेको अवस्थामा संघहरुले मन्त्रालय सहयोग गरिदिनका लागि अनुरोध गर्नु हुदै कोशिस कार्यक्रम मन्त्रालयको पनि कार्यक्रम भएकोले यसका सूचकमा आधारित रही अभियान सुधारमा लाग्न निर्देशन गर्नु भएको थियो । प्रमुख अतिथीको आशनबाट मन्त्रालयका सचिव अधिकारीले सहकारीको समस्या जटिल र गहिरो रहेको छ, यसको लागि हातेमालो गरि अगाडि बढ्नुको विकल्प अरु नभएको कुरा बताउनु हुदै मन्त्रालयलाई सहकारी समस्या समाधानका लागि पर्याप्त सहयोग गर्नका लागि अनुरोध गर्नु हुदै, कोशिस कार्यक्रम र अन्य यस्तै कार्यक्रमको मार्फतबाट छिटो भन्दा छिटो सहकारीहरुमा सुधारको खाँचो भएकोले संघहरुले यसतर्फ ध्यान दिनका लागि निर्देशन गर्नु भएको थियो । यसका लागि आगामी दिनमा प्रदेशस्तरीय गोष्ठी गरि सबै संघहरुलाई संलग्न गराई समस्या समाधानका लागि विकल्प खोज्नु छ भन्नु हुदै मन्त्रालयले संघिय कानुनमा आएको परिवर्तनसंग प्रदेश ऐन, नियमावली, निर्देशन तथा मापदण्डमा समेत संशोधनको तयारी गरेको जानकारी गराउनु भएको थियो । सहकारी सामुहिक रुपमा स्थापित संस्था हो त्यसैले सामुहिक रुपमा नै स्वतःस्फुर्त सञ्चालन हुनुपर्छ भन्नेमा जोड दिनु हुदै संघहरुले लिएको उद्देश्य प्राप्तीको लागि शुभकामना दिनु भएको थियो । बागमती प्रोस्कूनका अध्यक्ष उद्धव सापकोटाले संघहरु आफु भित्र शुद्धता कायम गर्दै बामगती प्रदेशभरीका बचत तथा ऋण सहकारी अभियानलाई समेत शुद्धीकरण गर्न सक्षम हुने विधी स्थापित गर्न कोशिश कार्यक्रममा आवद्धभई सिकाई आदानप्रदान गरिएको बताउनु हुदै संघहरुले साझा अभ्यासलाई

सरलीकृत माध्यमबाट जिल्लाजिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरुमा पुऱ्याउनु पर्ने बताउनु भएको थियो ।

कार्यक्रमको सहभागी संघहरुका सञ्चालक तथा कर्मचारीहरुको क्षमता विकासका लागि कुनै एक नविनतम विषयमा अनुशिक्षण गर्ने कार्यक्रमको परम्परा अनुसार बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले Fit & Proper Person Test का विषयमा अनुशिक्षण गर्नुभएको थियो । योग्य तथा उपयुक्त व्यक्ति परीक्षणका आठ वटा क्षेत्रबाट मापन गर्ने विधी र Fit & Proper Person Test कार्यान्वयन गर्नु पर्ने अपरिहार्यताको बारेमा संघहरु बीच गहन छलफल भएको थियो ।

दोश्रो चरणमा सहभागी १० वटा जिल्ला बचत तथा ऋण सहकारी संघले आफुले गरेका क्रियाकलाप तथा प्रगतिको विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो भने प्रस्तुतीकरणमा देखिएका सुधारात्मक कुराहरुलाई बागमती प्रोस्कूनका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले सुझाव सहितको पृष्ठपोषण गर्नु भएको थियो ।

संघहरुको कार्यगत एकता कायम गरी अभियानका लागि आवश्यक पर्ने नमूना नीतिहरुको तयारी संयुक्त रुपमा गरी सबै संघहरु मार्फत एउटै नमूना नीति जारी गर्ने लगायतका साझा प्रतिबद्धता सहित आगामी कार्यशाला आगामी चैत्र महिनामा काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघको आयोजनामा गर्ने निर्णय साथ कार्यशाला सम्पन्न भएको थियो ।

हार्दिक बधाई

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को **२१ औं वार्षिक साधारण सभा**बाट निर्विरोध निर्वाचित हुनुभएका अध्यक्ष **श्री हरिकृष्ण बल्ल**ज्यूको नेतृत्वमा निर्वाचित सञ्चालक समिति र **श्री दामोदर न्यौपाने**ज्यूको नेतृत्वमा निर्वाचित लेखा सुपरिवेक्षण समितिको सम्पूर्ण पदाधिकारी एवम् सञ्चालकज्यूहरुलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
उद्धव सापकोटा एवम् बागमती प्रोस्कून परिवार

सफलताको कथा

नमूना होमस्टे कि नमूना सञ्चालक

मकवानपुर जिल्लाको उत्तरी क्षेत्रमा पर्ने एउटा सानो उपत्यका हो चित्लाङ । समुद्री सतह देखि करिब १,६०० मिटरमा अवस्थित यो स्थान नेपालको संघिय राजधानी काठमाडौंबाट जम्मा १५ कि.मी. को दुरीमा अवस्थित छ । चित्लाङ त्यही स्थान हो जहाँबाट राणाकालमा गाडी बोकेर काठमाण्डौं लगिन्थ्यो । परापूर्व कालमा काठमाण्डौबाट नेपालका तराई भु-भाग र छिमेकी राष्ट्र भारत तर्फ जाने पुरानो मार्ग र उपयुक्त विश्राम स्थल समेत रहेको कुरा यहां रहेका स्तम्भ तथा पुराना भौतिक संरचनाबाट समेत स्पष्ट हुन्छ । सधैं चहलपहल रहने चित्लाङ त्रिभुवन राजमार्ग र महेन्द्र राजमार्ग सन्चालन भएपछि मानिसहरुको ओहोरदोहोर र गतिविधिमा कमी आउन थाल्यो र बिस्तारै चित्लाङ शान्त र मनोरमतामा मात्र सिमित हुन पुग्यो । अधिकांश मानिसहरु कृषि पेशामा पूर्ण निर्भर भई लामो समय सम्म रहीरहे । देशमा १२ वर्षे द्धन्दकालको अन्त्य पछिको नेपालको आन्तरिक पर्यटन र सो मार्फत ग्रामिण क्षेत्रको विकास र प्रवर्द्धनका विषय चर्चा हुन थाल्यो । त्यतीबेला यस संस्थाको शेयर सदस्य ईस्वरी बस्नेत आफ्नै बारीमा तरकारी खेती गर्दै आफुजस्तै कृषकहरुको तरकारी संकलन गरी तरकारी व्यापार समेत गर्दै आएकी थिइन, तर उक्त पेशाबाट उनले त्यति धेरै प्रतिफल प्राप्त गर्न सकेकी थिइनन् र सन्तुष्टि पनि प्राप्त गर्न सकेकी थिइनन् । त्यतिबेला उनलाई के गरौं कसो गरौं भएको उनी बताउछिन । सोही समयमा चित्लाङमा होमस्टे सन्चालनको तालिम सन्चालन भएको तर आफु आफ्नो सडक छेउमा रहेको आफ्नै घरमा किराना पसल सन्चालन गर्दै आएकोले उक्त तालिममा सहभागी हुन नपाएको उनी गुनासो गर्छिन तर खाने मुखलाई जुंगाले छेक्दैन भनेजस्तै उनको मनमा पसलसगैं घरमा होमस्टे जसरी नै पाहुनाहरु राख्ने आफ्नो बारीको आफैंले उत्पादन गरेको ताजा तरकारी, आफैंले उत्पादन गरेको खाद्यान्न खुवाउन सके पर्यटकको आगमन बढ्ने र आफ्नो व्यवसाय पनि हुने आशा उनीमा पलाउन थाल्यो र उनीले सोचे अनुसारको व्यवसाय होमस्टे दर्ता नै नगरी सन्चालन गर्न थालिन । आफुले सोचे अनुसारको व्यवसाय शुरु गर्दा सुरुसुरुमा केही व्यक्तिको हाँसोको पात्र बनेको अनुभव पनि उनी सुनाउछिन तर पनि उनी आफ्नो अठोटमा अघि बढी रहिन पाहुनाहरु आउन थाले । उनीले गरेको पाहुनाको सत्कार, खाना, आवासमा पाहुनाहरु खुशी हुन थाले र उनीलाई उत्प्रेरित गर्न थाले र उनले आफ्नो नामबाट नमूना होमस्टे दर्ता गराई व्यवसायिक ढंगबाट अगाडि बढ्ने निधो गरिन । यही सपनाको साकार रुप थियो नमूना होमस्टे । यस्तै होमस्टेको स्थापनाले खान र बस्नको उचित प्रबन्ध हुनाले काठमाण्डौको कोलाहलबाट करिब १ घण्टाको यात्रामा पुगिने सुन्दर, शान्त, नेपाली ग्रामिण परिवेश, ठुलो खुल्ला चौर (बाख्रा विकास भेडाफार्म), नेपाल कै सबैभन्दा ठुलो मानव निर्मित ईन्द्रसरोवर ताल लगायत विभिन्न कुराहरुले चित्लाङलाई काठमाण्डौ बासीको सुखत सप्ताहन्तको रोजाईको स्थल बनाएको छ ।

आज यही परिवेशले चित्लाङवासीको जीवन फेरिएको छ । जीवन फेरिने मध्येकी इश्वरी आज भन्छिन्- "यही व्यवसायबाट घर खर्च चलेको छ । यही व्यवसायबाट मैले २ टुक्रा जग्गा जोडेको छु, ३ तल्ले घर समेत निर्माण गरेको छु, यही व्यवसाय र छोराको

कमाईबाट हाल मेरो छोराले काठमाण्डौमा छुट्टै व्यवसाय (मोटर साईकलको पार्ट सम्बन्धि) थालनी गरेको छ । " वास्तवमै उनी जस्तै धेरै चित्लाङवासी आज होटल तथा होमस्टे सञ्चालन गरी पाहुनाहरुको स्वागत सत्कार र सेवा गर्न हर समय तत्पर रहेका छन र पाहुनाको स्वागतमा जीवनको खुशी र सन्तुष्टि प्राप्त गरेको बताउछन् । जसका कारण व्यवसायीहरु मात्र होईन ठुलै संख्यामा होटल होमस्टेमा मानिसहरुले रोजगारी प्राप्त गर्न सकेका छन् । यसले कामका लागि बिदेशिनु पर्ने बाध्यतामा केही हद सम्म भए पनि कमी ल्याएको छ । इश्वरीले भने अहिले १ जनालाई पुर्णकालिन र ४ जनालाई आंशिक रुपमा रोजगारी प्रदान गरेकी छिन् । उनी भन्छिन् गरे के नहुने रहेछ र नेपाल मै । हाम्रै गाँउ ठाँउमा प्रसस्तै अवसरहरु छन् बस हाम्रो ईच्छा शक्ति र काम प्रतिको लगाव चाँहि हुनुपर्‍यो । यो क्रममा आर्थिक रुपमा श्री बज्रबाराही बचत तथा ऋण सहकारी संस्था लि. ले गरेको सहयोग प्रति उनी कृतज्ञ छिन् । उनी संस्थासंग गरेको कारोबारलाई सम्भदै भन्छिन् -"हामी जस्ता न्यून पूँजी भएका मानिसहरुलाई सहकारीले ऋण दिंदा हामीले ऋण मात्रै पाउने होइन रहेछ, परिचालन गर्न जान्दा त नयाँ जीवन पो पाइने रहेछ ।" आज पनि उनी संस्थाबाट ऋण सेवा उपभोग गरिरहेकी छिन् र नियमित किस्ता तिर्नका लागि दैनिक बचत पनि संस्थामा नै गर्छिन् । संस्थाले आर्थिक सहयोगको सङ्ग सङ्गै वार्षिक रुपमा संस्थामा आवद्ध सदस्यहरुलाई देशका विभिन्न स्थानमा सञ्चालित उत्कृष्ट सहकारी संस्थाको स्थलगत अध्ययन अवलोकन समेत गराई हामी जस्ता केही गरौं भन्ने सदस्यहरुलाई व्यवसाय सञ्चालनका विविध उपायहरु सिक्ने अवसर समेत प्रदान गरेकोमा पनि इश्वरी संस्था प्रति आभारी छिन् । सहकारीले फेरिएका हजारौं इश्वरीहरुका कथा बाँकी नै छन् तर ग्रामीण अर्थतन्त्रको प्रमुख आधार सहकारी नै हो भन्ने कुराको अनुभूति ती हजारौं इश्वरीहरुका मनले बोलेको तथ्य कसैले भुल्नु हुँदैन ।

जय बज्रबाराही । जय सहकारी ।